# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

## वन, वातावरण र भू तथा जलाधार संरक्षण कार्यक्रम

मिति २०८३/०६/०२ को माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

बागमती प्रदेश सरकार

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

हेटौंडा, मकवानपुर, नेपाल

नि. प्रदेश सचिव

## विषयसुची


प्रस्तावना ........ iv

कार्यविधि तयारीको उद्देश्य........ vi

कार्यक्रम कार्यान्वयनको समष्टिगत मागदर्शन ........ vi

आर्थिक तथा वित्तीय मार्गदर्शन........ vi

स्थान निर्धारण र खर्च प्रकृया ........ vii

कार्यान्वयन मार्गदर्शन........ vii

संक्षिप्त नाम र प्रारम्भ........ ix

परिभाषा........ ix

१. सामुदायिक/कबुलियती वन समूह गठन, वन हस्तान्तरण तथा सामुदायिक वन कार्ययोजना नवीकरण........ १

२. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन........ २

३. बैठक/गोष्ठी सञ्चालन........ ३

४. कोचिङ्ग/फिल्ड अभ्यास/भ्रमण/तालिमहरु........ ५

५. सामुदायिक वनमा थिनिङ्ग कार्यको लागि सहयोग........ ५

६. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि बैकल्पिक खेती अन्तर्गत उपयुक्त प्रजाति रोपण (बाँस खरिद तथा रोपण) ६

७. वनमा रहेका ढलापडा, सुखड खडा र जोखिममा परेका वन पैदावार संकलन तथा व्यवस्थापन........ ७

८. वन पैदावारमा आधारित उद्यम विकास........ ७

९. बिगतमा वृक्षारोपण भएको क्षेत्रमा पुनरोपण, गोडमेल, घेराबार तथा मर्मत सम्भार........ ८

१०. अनुसन्धान अधिकृतका लागि मुद्दा अनुसन्धान/तहकिकात तथा दायरी खर्च (प्रतिमुद्दा बढीमा रु. १० हजार)........ ८

११. वन/वन्यजन्तु, जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी प्रचार प्रसार........ ९

१२. वन गस्ती परिचालन सम्बन्धी........ १०

१३. बरामदी वन पैदावार तथा मालबस्तुको ढुवानी........ ११

१४. सेवा करार मार्फत मानवीय श्रोत परिचालन........ ११

१५. बाँदर लगायतका वन्यजन्तुबाट हुने कृषिबाली क्षतिको न्यूनीकरण विशेष कार्यक्रम........ ११

१६.वन गस्ती गर्ने कर्मचारीको लागि फिल्ड गियर (जुत्ता, बर्षादी, लाईट रिफ्लाक्टर ज्याकेट) तथा व्यक्तिगत सुरक्षा सामग्री (मास्क, पंजा, हेलमेट) खरिद तथा वितरण........ १२

१७. कार्यक्रम सञ्चालन खर्च........ १२

१८. सामुदायिक वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन........ १२

१९. बकपत्रका लागि अदालतमा हाजिर हुने व्यक्तिका लागि अदालतसम्म आते जाते तथा खाना खर्च........ १३


बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव


२०. जिल्ला वन पैदावार आपूर्ति समिति गठन तथा सञ्चालन / परिचालन ........ १३
२१. पुरस्कार सम्बन्धी ........ १३
२२. कर्मचारीलाई प्रदान गरिने पुरस्कार ........ १४
२३. हैसियत बिग्रेको वन क्षेत्रमा पुनरोत्पादन प्रवर्धन तथा संरक्षण ........ १५
२४. गरीबीको रेखा मुनी रहेका कबुलियती वन समूहलाई सामाजिक तथा प्राविधिक सहयोग ........ १८
२५. कबुलियती वन विकास तथा प्रवर्धन कार्यक्रम ........ १८
२६. चेपाङ, चिउरी र चमेरो संरक्षण कार्यक्रम ........ १८
२७. घाईते तथा टुहुरा वन्यजन्तु उद्धार तथा व्यवस्थापन सम्बन्धी ........ १८
२८. वन विज्ञान अध्ययन संस्थान हेटौंडाको संग्रहालय स्तरोन्नति ........ १९
२९. फिल्डस्तरमा हुनसक्ने जोखिमका लागि तत्काल उद्धार खर्च ........ १९
३०. गत आ.व. मा पूरानो लौठसल्लाको जिन (आनुबंशिक गुण) संरक्षण कार्यक्रम निरन्तरता बेथानचोक ४ ........ १९
३१. वृद्धि मापन प्लट स्थापना तथा सञ्चालन ........ १९
३२. कबुलियती वन उपभोक्ता समूहमा जीविकोपार्जन सुधार कार्यक्रम ........ १९
३३. कबुलियती वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन ........ २०
३४. दिगो वन व्यवस्थापन तथा कार्ययोजना तयारी र कार्यान्वयन ........ २०
३५. भिमफेदीस्थित हात्तीसार संग्रहालय सञ्चालन/सौन्दर्यकरण तथा पूर्वाधार निर्माण ........ २०
३६. कबुलियती वन सदस्यहरुको करेसाबारीमा तरकारीको बीउविजन वितरण कार्यक्रम (२०० घरधुरीलाई) ........ २०
३७. दिगो वन व्यवस्थापन कार्ययोजना अनुसार काठ/दाउरा उत्पादन ........ २१
३८.स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुबाट वन/वातावरण विषयसँग सम्बन्धित मन्त्रालयले तोकेका विषयमा अध्ययन अनुसन्धानका लागि Research Grant ........ २१
३९. वन विज्ञान विषयमा स्नात्तक तह अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुका लागि इन्टर्नशिप ........ २१
४०. वन सम्वर्द्धन कार्य समूह गठन तथा सञ्चालन ........ २२
४१. नर्सरीमा मौज्दात रहेको महत्वपूर्ण प्रजातिका बहुवर्षीय बिरुवाको तयारी तथा व्यवस्थापन ........ २२
४२. वार्षिक प्रगती पुस्तिका प्रकाशन (समग्र वन तथा क्षेत्रको वस्तुस्थिती झल्कने गरी) ........ २२
४३. वन बीउ स्टयान्ड स्थापना, सञ्चालन तथा व्यवस्थापन ........ २२
४४. मेशिनरी औजार खरिद/वितरण/कार्य सञ्चालन ........ २३
४५. नर्सरी निर्माण/मर्मत/सुधार/स्तरोन्नती ........ २४
४६. बिरुवा उत्पादन/मौज्दात बिरुवा संरक्षण ........ २४
४७. बिरुवा खरिद/खेती विस्तार/वृक्षारोपण ........ २५
४८. जडिबुटी खेती विस्तारः ........ २७


बागमती प्रदेश सरकार
भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव


४९. सामुदायिक विद्यालयमा हरियाली प्रवर्धन कार्यक्रम ........ २८
५०. पार्क/पर्यापर्यटन/वन वाटिका/पदमार्ग स्तरोन्नती ........ २९
५१. पोखरी निर्माण/ताल/सिमसार संरक्षण तथा व्यवस्थापन ........ ३२
५२. वन्यजन्तु संरक्षण/बासस्थान संरक्षण तथा व्यवस्थापन........ ३३
५३. जोखिमयुक्त रुखहरु व्यवस्थापन ........ ३४
५४. तालिम/गोष्ठी/बैठक/सेमिनार........ ३४
५५. वनस्पति प्रजाति संरक्षण कार्यक्रम ........ ३५
५६. ईको क्लव गठन/ सञ्चालन एंव विद्यालय संरक्षण शिक्षा अभियान........ ३६
५७. सब डिभिजनको कार्यक्षेत्रको बजारमा वातावरण सरसफाई सम्बन्धी Campaign ........ ३६
५८. अनुगमन तथा निरीक्षण ........ ३६
५९. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन........ ३७
६०. एक जिल्ला एक वडा प्लाष्टिक मुक्त अभियान तथा निरन्तरता ........ ३८
६१. कृषि वन विकास कार्यक्रम........ ३९
६२. दिवस तथा समारोह........ ३९
६३. माईकेनिया/मिचाहा प्रजाति व्यवस्थापन........ ३९
६४. तारबार/मेसजाली/घेराबारा........ ४०
६५. वरण्डाभार वन क्षेत्रमा सन्ध्याकालिन सफारी प्रवर्धन कार्यक्रम चितवन ........ ४०
६६. वन क्षेत्रको पात सङ्कलन गरी मल बनाउने........ ४०
६७.निजी, क.व., खोरिया फडानी र भू-संरक्षणका दृष्टिले सम्वेदनशील क्षेत्रलाई कृषि वनमा रुपान्तरणको लागि अम्रिसो रोपण (निजी, क.व., खोरिया फडानी र भू-संरक्षणका दृष्टिले सम्वेदनशील क्षेत्रलाई कृषि वनमा रुपान्तरणको लागि अम्रिसो रोपण) ........ ४१
६८. वन, वातावरण तथा जैविक विविधता सम्बन्धी ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि छपाई र वितरण ...... ४१
६९. जडिबुटी भण्डारण श्रोत केन्द्र जिल्ला फेकोफन मार्फत........ ४२
७०.बोधिचित्तको पकेट क्षेत्र स्थापना कोन्ज्योसोम गा.पा. ललितपुर (बोधिचित्तको पकेट क्षेत्र स्थापना कोन्ज्योसोम गा.पा. ललितपुर)........ ४२
७१. पर्यापर्यटन सम्बन्धी सूचना केन्द्र सञ्चालन (फोटो मनिटरिङ प्रदर्शनी समेत)। ........ ४२
७२. रणनीति/ऐन/नियमावली/कार्यविधि/अध्ययन तथा अनुसन्धान कार्य ........ ४३
७३. सामुदायिक वन सशक्तिकरण कार्यक्रम जिल्ला फेकोफन मार्फत........ ४४
७४.सामुदायिक वनमा युवा प्रतिनिधित्व र नयाँ नेतृत्वलाई भूमिका सम्पादन सम्बन्धी क्षमता अभिवद्धि कार्यक्रम , कफ्सन नेपाल मार्फत........ ४४


बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव


७५. बागमती फेकोफन मार्फत कानूनी सचेतना तालिम ........ ४४

७६. सामुदायिक वन प्रादेशिक कार्यशाला ........ ४५

७७. स्थानीय तहमा वन ऐन तर्जुमा र वन, वातावरण शाखा स्थापनामा सहजीकरण ........ ४५

७८. स्रोतयुक्त सामुदायिक वनहरूको आर्थिक स्रोत सदुपयोग तथा विपन्नमुखी कार्यक्रम तर्जुमा कार्यक्रम ........ ४५

७९. नमूना सामुदायिक वन विकास कार्यक्रम ........ ४५

८०. जलवायु परिवर्तन र हिमालको भविष्य विषयक अन्तर्राष्ट्रिय सम्मेलन गौरीशंकर क्याम्पस ........ ४५

८१. लोपोन्मुख भजन मार्फत वन तथा वातावरण सम्बन्धी सचेतना कार्यक्रम ........ ४६

८२.सामुदायिक वन उपभोक्ता महासंघ मार्फत डिभिजन स्तरमा सामुदायिक वन उपभोक्ता समूहहरूको वार्षिक प्रतिवेदन , तयारी, लेखापरीक्षण तथा सुशासन अभिवृद्धिका लागि सहजीकरण तथा सचेतना गोष्ठी ........ ४६

८३. वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन ........ ४६

८४.कटुस/उत्तिसको वन भएको सा.व. को दिगो व्यवस्थापन मार्फत सिताके च्याउ उत्पादन कार्यक्रम (कार्ययोजना तयारी/कार्यान्वयन/सिताके च्याउ उत्पादन तथा व्यवस्थापन) ........ ४७

८५. एक किसान ५ बोधिचित्त, ५ रुद्राक्ष रोपण अभियान ........ ४७

८६.३५ वर्ष मुनिका सरोकारवाला युवाहरुलाई वन उद्यम सम्बन्धी स्थलगत अनुभव आदान प्रदान र सिकाई कार्यक्रम ........ ४७

८७. अशोक बाटिका क्षेत्र स्वच्छ बनाउने कार्यक्रम, राक्सिराङ ३ ........ ४७

८८. विद्यार्थीसँग वन कार्यक्रम ........ ४८

८९. स्थानीय तहसँगको सहकार्यमा फोहोर संकलन, व्यवस्थापन तथा उपयोग कार्यक्रम ........ ४८

९०. वनक्षेत्रसँग सम्बन्धित सम्पूर्ण तथ्याङ्क सङ्कलन तथा प्रदेशको सूचना प्रणालीमा प्रविष्टी ........ ४८

९१. चौतारा संरक्षण तथा व्यवस्थापन ........ ४८

९२. कर्मचारीहरुको टिम बिल्डिङ्ग, सदाचार र अनुशासन पुनर्ताजगी कार्यक्रम ........ ४८

९३. ड्रोन तथा कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) को प्रयोग मार्फत सामुदायिक वनको स्वास्थ्य अवस्था अनुगमन ........ ४८

९४. सामुदायिक वनमा युवा सशक्तिकरण कार्यक्रम ........ ४९

९५. निष्क्रिय सामुदायिक वन सशक्तिकरण कार्यक्रम ........ ४९

९६. स्थानीय वन वातावरण ऐन निर्माणमा सहजीकरण ........ ४९

९७. साल पुनरुत्पादन प्रवर्धन कार्यक्रम, रमिते सा.व., गोकुलगंगा-५ वन भित्रको क्षतिग्रस्त पहिरो व्यवस्थापन ........ ४९

९८. तीलस्वारा ठूलो थलथले सा.व., वैतेश्वर-७ मा प्रजाति रुपान्तरण कार्यक्रम ........ ४९

९९. मन्दिर परिसरमा बर, पिपल, समी र रुद्राक्ष संरक्षण तथा रोपण कार्यक्रम ........ ५०

१००. असल अभ्यासको अध्ययन अवलोकन भ्रमण ........ ५०


बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव


१०१. पालिकासँगको सहकार्यमा पुनर्भरण ईनार र बिरुवा रोपण प्रोत्साहन (हेटौडा, मन्थली, गोदावरी र भरतपुर).....५०

१०२. कृषि तथा वन विज्ञान विश्वविद्यालयसँगको सहकार्यमा Universal Testing Machine प्रविधि हस्तान्तरण.........५०

१०३. दोस्रो वन विज्ञ सम्मेलन........................................................................................५१

१०४. स्थानीय तहको लागत साझेदारीमा Hi Tech बिरुवा ट्रान्सप्लान्ट गर्ने मेसिन खरिद..................................५१

१०५. कम खर्चिलो भू-संरक्षण प्रविधि प्रयोग गरी पहिरो उपचार कार्यक्रम..............................................५२

१०६. बायोईन्जिनियरिङ खोला किनार संरक्षण कार्यक्रम........................................................................५२

१०७. उपजलाधार केन्द्रित सहभागितात्मक एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम कार्यविधि..............................५२

१०८. आकस्मिक विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (तारजाली खरिद तथा वितरण समेत) ..........................................................................................................................५३

१०९. पहिरो तथा गल्छी उपचार कार्यक्रम कार्यान्वयन...........................................................................५५

११०. खहरे नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि ..........................................................................५५

१११. भू उत्पादकत्व संरक्षण, खेतबारी संरक्षण तथा भूमी पुनरुत्थान कार्यक्रम .............................................५६

११२. स्थान विशेष भू-संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि ..............................................................५७


बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

## प्रस्तावना

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय तथा मातहतका निकायहरुको आर्थिक वर्ष २०८३/८४ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार वन, वातावरण र भू तथा जलाधार संरक्षण कार्यक्रमहरु कार्यान्वयन गर्न बागमती प्रदेशको विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (१) बमोजिम कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि बनाई जारी गरेको छ।

## कार्यविधि तयारीको उद्देश्य

यस कार्यविधि तयारीका उद्देश्यहरु निम्न बमोजिम रहेको छ।

- सञ्चालन हुने कार्यक्रमहरु तथा क्रियाकलापहरुको पृष्ठभूमि र उद्देश्यहरु स्पष्ट पार्ने।
- कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्दा बजेट खर्च गर्न सकिने मुख्य-मुख्य क्रियाकलाप तथा गतिविधिहरु प्रष्ट गर्ने।
- कार्यक्रम सञ्चालनमा कार्यविधिगत प्रकृया निर्दिष्ट गर्ने।
- कार्यक्रम सञ्चालनको लागि विनियोजित बजेट खर्च गर्ने आधार निर्दिष्ट गर्ने।
- कार्यक्रम सञ्चालन र सम्पन्न भएको सूचक तथा उपलब्धिहरु सुचिकृत गर्ने।
- अनुगमन तथा मूल्याङ्कन गर्न र लेखा परीक्षणमा सहजता ल्याउने।
- सरल तथा सहज तरिकाबाट सेवाप्रवाह गर्ने।

## कार्यक्रम कार्यान्वयनको समष्टिगत मागदर्शन

### आर्थिक तथा वित्तीय मार्गदर्शन

- स्वीकृत वार्षिक कार्यक्रममा कामको प्रकृति, स्थान, परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यान्वयन गर्नुपर्नेछ।
- कार्यक्रम सञ्चालन गर्दा बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आर्थिक वर्ष २०८३/०८४ को विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली, २०८०, प्रदेश खर्चको मापदण्ड, २०७८, बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन लगायत अन्य प्रचलित कानुन बमोजिम कार्य गर्न गराउन पर्नेछ।
- कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा स्वीकृत नर्म्स, सम्वन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम सञ्चालन निर्देशिका, मार्गदर्शन र कार्यविधि अनुरुप लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ।



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

प्र. प्रदेश सचिव

- एउटै प्रकृतिका सामानहरु खरिद गर्दा/गराउँदा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार खरिद कार्य गर्नु/गराउनु पर्नेछ।
- कार्यक्रम सञ्चालन गर्दा जैविक विविधता संरक्षण, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, स्थानीय समुदायको आयआर्जनमा टेवा पुग्ने र वातावरणीय दृष्टिकोणले सकारात्मक प्रभाव पर्ने कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्नुपर्नेछ।
- कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि आवश्यक देखिएमा क्रियाकलाप नदोहोरिने गरी स्पष्ट लागत अनुमान बनाएर प्रचलित कानुन बमोजिम बाह्य सहयोगी संस्थाहरुसँग सहकार्य गर्न सकिनेछ।

स्थान निर्धारण र खर्च प्रकृया

- स्थान तोकिएको कार्यक्रमको हकमा सोही बमोजिम, अन्यको हकमा प्राविधिक स्थलगत निरीक्षण, सब-डिभिजन वन कार्यालय, स्थानीय तह, प्रदेश सभा सदस्य तथा सरोकारवालाहरुको राय सिफारिस, समन्वय र सहकार्यलाई आधार बनाउनु पर्नेछ।
- कार्यक्रम कार्यान्वयन गर्दा उच्च जोखिम भएको मानव बस्ती, खेतीयोग्य जमिन तथा अन्य पूर्वाधार संरक्षणलाई प्राथमिकता दिनुपर्नेछ।
- कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम व्यवस्था गर्नुपर्नेछ।
- निर्धारित आधार तथा चरणहरुको आधारमा भुक्तानी गर्दा खर्च शीर्षक अनुसार स्वीकृत नक्सा, डिजाईन, कार्यसूची, कार्ययोजना, प्रस्ताव, सम्झौता तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता भएमा मात्र कार्यसम्पन्न प्रतिवेदनको स्वीकृती तथा जिन्सी दाखिला प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्ने व्यक्ति/समूह/संस्था/समिति/कम्पनिले कार्यक्रम सञ्चालन पूर्वका-कार्यान्वयन चरणका-सम्पन्न पश्चातका फोटोहरु, बिल, भरपाई, माईन्युट लगायत अन्य कागज प्रमाण संलग्न रहेको प्रतिवेदन सहितको निबेदनको आधारमा भुक्तानी गर्नुपर्नेछ।
- आर्थिक प्रशासन शाखाले आधार, प्रमाण, प्रतिवेदन सहितका सबै कागजातको आधारमा भुक्तानी गर्नुपर्नेछ।

कार्यान्वयन मार्गदर्शन

- कार्यक्रम तथा बजेटका सम्बन्धमा जिल्ला वन क्षेत्र समन्वय समितिको बैठक मार्फत जिल्ला स्तरमा सरोकारवालाहरुलाई जानकारी गराउनु पर्नेछ। उक्त बैठकमा सम्भव भएसम्म सम्बन्धित जिल्लाका प्रदेश सभाका सदस्यहरुलाई आमन्त्रण गर्नुपर्नेछ।
- कार्यालयमा कार्यक्रम तथा बजेट सञ्चालन प्रकृया बारेमा कार्यालयका कर्मचारीहरु तथा सरोकारवालाहरुसँग छलफल गर्नुपर्नेछ। सो को आधारमा कार्यक्रम कार्यान्वयन तालिका श्रावण मसान्तसम्म तयार गरी वन निर्देशनालय र मन्त्रालयमा पेश गर्नुपर्नेछ।



बागमती प्रदेश सरकार
भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित कर्मचारीलाई जिम्मेवारी दिई कार्यक्रम सञ्चालनको व्यवस्था गर्नुपर्नेछ।
- प्रत्येक कार्यक्रमको लागत अनुमान तयारी तथा स्वीकृत गरी सञ्चालन गर्नुपर्नेछ।
- कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको प्रकृति हेरी कार्यक्रम सञ्चालन पूर्व, कार्यान्वयन चरण र सम्पन्न पश्चातका तस्बिरहरु, लाभान्वित घरधुरी, रोजगारी सिर्जना, संरक्षण भएको सार्वजनिक/निजी सम्पत्तिको विवरण सहितको कार्य सम्पन्न प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ।
- कार्यक्रमको मूल उद्देश्य अनुरुप परिणाम सहितको उपलब्धि हासिल हुने सुनिश्चितता पश्चात कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। सेवा, बस्तु तथा परामर्श खरिद कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गर्नुपर्नेछ। कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको आवश्यकता, प्रकृति तथा प्रभावकारिताको आधारमा सार्वजनिक खरिद ऐनमा व्यवस्था भए बमोजिम खरिद प्रकृयामा विविधिकरण गर्न सकिनेछ।
- अध्ययन, अनुसन्धान सँग सम्बन्धित क्रियाकलापहरुका लागि सम्बन्धित विषय विज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (**Terms of Reference**) र लागत अनुमान तयार गरी स्वीकृत गरी गराई संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्नुपर्दछ।
- कुनै कार्यक्रम संशोधन गर्नु परेमा सम्बन्धित स्थानीय तह र प्रदेशसभा सदस्यको सिफारीस संलग्न राखी कार्यालय प्रमुखको राय सहितको टिप्पणी वन निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्नुपर्नेछ।
- कर्मचारीहरु मार्फत अमानतमा गरिनु पर्ने प्राविधिक कार्यक्रमहरु जस्तैः नर्सरी निर्माण, बिरुवा उत्पादन, अध्ययन/अनुसन्धान, वातावरण तथा जलाधार संरक्षण बाहेकका १० लाख भन्दा बढी लागतका क्रियाकलापहरु सञ्चालन गर्दा प्रतिस्पर्धात्मक विधिलाई प्राथमिकता दिनुपर्नेछ।
- उपभोक्ता समूह/समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा १०% रकम जनश्रमदान वापत ब्यहोर्नु पर्नेछ।
- वनजन्य तथा फलफूलको बिरुवा खरिद गर्दा बिरुवा रोपण गर्ने क्षेत्रको हावापानीसँग मिल्दोजुल्दो स्थानमा उत्पादित बिरुवा, आपूर्तीकर्ताको विवरण, बिरुवा उत्पादन गरिएको क्षेत्र, बिरुवाको प्रजातिहरुको अभिलेख राखी उच्च गुणस्तरको बहुवर्षीय बिरुवा मात्र खरिद गर्नुपर्नेछ। बिरुवा लैजाने ब्यक्तिको सम्पर्क नम्बर सहितको बिस्तृत विवरण राखी वितरण गर्नुपर्नेछ। उक्त विवरण कार्यालयले डिजिटल रुपमा अभिलेखिकरण गर्नुपर्नेछ।
- वृक्षारोपण, बिरुवा खरिद तथा वितरण, आकस्मिक प्रकोप व्यवस्थापन बाहेकका कार्यक्रमहरुको बैशाख मसान्त भित्र सम्झौता गरी सक्नु पर्नेछ।
- कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा कुनै समस्या उत्पन्न भई कार्यविधिमा थप वा संशोधन गर्नुपर्ने भएमा थप/संशोधनका विषय समेटी कार्यालय प्रमुखले तीन महले तालिका सहित दोस्रो त्रैमासिक भित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ। यसरी पेश हुन आएका थप/संशोधनका विषयमा मन्त्रालयले औचित्यताको आधारमा संशोधनको प्रकृया अगाडि बढाउन सक्नेछ।



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- सम्पादित कार्यक्रम तथा निर्माण गरिएका संरचनाहरुको सञ्चालन, दीर्घकालिन् संरक्षण तथा मर्मतसम्भारको व्यवस्था गर्नुपर्नेछ। यसका लागि सम्बन्धित निकाय/उपभोक्ता समिति जिम्मेवार हुनेछ।
- यस कार्यविधिमा एउटै प्रकृतिका क्रियाकलापहरुलाई एकीकृत गरी कार्यविधि तयार गरिएको छ र सोही बमोजिम प्रयोग गर्नुपर्नेछ।
- कार्यविधिमा उल्लेख नभएको तर उस्तै प्रकृतिका कार्यक्रम भएमा सोही प्रकृतिको कार्यक्रमका लागि उल्लेखित व्यवस्था बमोजिम गर्न सकिनेछ।
- यो कार्यविधिले नसमेटेको क्रियाकलापहरु संघीय मन्त्रालय, विभाग लगायतका अन्य विषयगत सरकारी निकायको कार्यविधिमा उल्लेख भए बमोजिम सञ्चालन गर्न सकिनेछ।

**संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ रहेको छ।

२. यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागि कृषि, पशुपन्छी वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत कार्यविधि, २०८३ लाई सम्झनुपर्छ।

ख. "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्छ।

ग. "निर्देशनालय" भन्नाले बागमती प्रदेशको वन निर्देशनालय सम्झनुपर्छ।

घ. "सम्बन्धित निकाय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न तोकिएको निकायलाई सम्झनुपर्छ।

ङ. "महाशाखा" भन्नाले कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयको महाशाखा सम्झनुपर्छ।

च. "कार्यालय" भन्नाले कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका खर्च गर्ने अख्तियारी प्राप्त विषयगत कार्यालयहरु सम्झनुपर्छ।

छ. "स्थानीय तह" भन्नाले कार्यक्रम कार्यान्वयन हुने स्थानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

ज. "वन समूह" भन्नाले सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स.) वा कबुलियती वन समूह (क.व.स.) वा धार्मिक वन समूह (धा.व.स.) सम्झनुपर्छ।

झ. "उपभोक्ता समिति" भन्नाले मन्त्रालय मातहतका निकायबाट कार्यक्रम कार्यान्वयन गर्न गठन भएको समितिलाई सम्झनुपर्छ।



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव.

वन तथा वातावरण तर्फको कार्यक्रम

## १. सामुदायिक/कबुलियती वन समूह गठन, वन हस्तान्तरण तथा सामुदायिक वन कार्ययोजना नवीकरण

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयको मिति २०८२/०४/२० को निर्णय (माननीय मन्त्रीस्तर) बाट बागमती प्रदेशमा रहेका सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना नवीकरण हुन बाँकि रहेको र यसबाट वन क्षेत्रबाट राष्ट्रिय तथा प्रादेशिक समृद्धिमा पुग्न सक्ने योगदानमा ह्रास आउन सक्ने सम्भावनालाई मध्यनजर गर्दै चालू आर्थिक वर्ष २०८३/०८४ भित्र नवीकरण हुन बाँकि सबै सामुदायिक वनको कार्ययोजना नवीकरण गरी सक्ने उद्देश्य निर्धारण गरिएकोले सबै डिभिजन वन कार्यालयहरुले आर्थिक वर्ष २०८२/०८३ को आषाढ मसान्तसम्म म्याद समाप्त भएका सामुदायिक वनलाई उच्च प्राथमिकता दिने र आर्थिक वर्ष २०८३/०८४ को आषाढ मसान्तसम्म म्याद समाप्त हुने सामुदायिक वनहरुको अवस्था विश्लेषण गरी स्तरीकरण गर्ने र सोहि आधारमा सामुदायिक वनको समेत कार्ययोजना नवीकरण गर्ने गराउने सम्वन्धमा देहाय बमोजिम गर्नु गराउनु पर्नेछ।

१. सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कोषमा कार्ययोजना नवीकरण/पुनरावलोकनको लागि आवश्यक रकम मौज्दात रहेको अवस्थामा सो रकमबाट कार्ययोजना नवीकरण/पुनरावलोकनको कार्य गर्ने गराउने।
२. आर्थिक वर्ष २०८३/०८४ मा सामुदायिक वनको नवीकरण/पुनरावलोकन क्रियाकलापमा विनियोजन भएको बजेटबाट प्रिन्टिङ्ग, बाइन्डिङ, इन्धन, खाजा/खाना तथा वन स्रोत सर्भेक्षण जस्ता क्रियाकलापमा मात्र खर्च गर्ने र बाँकि कार्यको लागि कार्यालयको मानवीय श्रोतको प्रयोग गर्ने।
३. १० हेक्टरसम्मको संरक्षणमुखी सामुदायिक वनको कार्ययोजना नवीकरण/पुनरावलोकन गर्न अधिकतम रु. ५ हजार खर्च गर्ने। यस्ता सामुदायिक वनको कार्ययोजना नवीकरण/पुनरावलोकन गर्दा सामुदायिक वनको मार्गदर्शन, २०८१ को बुंदा नं. ६.४ बमोजिम संक्षिप्त कार्ययोजना बनाइ स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने।
४. ५० हेक्टरसम्मको संरक्षणमुखी सामुदायिक वनको कार्ययोजना नवीकरण/पुनरावलोकन गर्न अधिकतम रु. १० हजार खर्च गर्ने। यस्ता सामुदायिक वनको कार्ययोजना नवीकरण/पुनरावलोकन गर्दा सामुदायिक वनको मार्गदर्शन, २०८१ को बुंदा नं. ६.४ बमोजिम संक्षिप्त कार्ययोजना बनाइ स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने।
५. २०० हेक्टर सम्म क्षेत्रफल भएका संरक्षणमुखी सामुदायिक वनको कार्ययोजना नवीकरण/पुनरावलोकन गर्न समूहको लागत साझेदारीमा अधिकतम रु. ३० हजार खर्च गर्ने। जसमध्ये प्रदेश सरकारले अधिकतम रु १५ हजार खर्च गर्न सक्नेछ।
६. २०० हेक्टर भन्दा वढी क्षेत्रफल भएका संरक्षणमुखी सामुदायिक वनको कार्ययोजना नवीकरण/पुनरावलोकन गर्न अधिकतम रु. ३० हजार खर्च गर्ने।



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

७. सामुदायिक वनको कार्ययोजना नवीकरण गर्दा नजिकका सामुदायिक वन उपभोक्ता समूहसँग Sisterhood सम्बन्ध कायम गरी श्रोत सम्पन्न बढी आम्दानी भएका सामुदायिक वनले नजिकका कम आम्दानीको श्रोत भएका सामुदायिक वनलाई आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछन्।

८. वन सम्वर्द्धन प्रणालीमा आधारित उत्पादनशील वन व्यवस्थापन गर्ने सामुदायिक वन उपभोक्ता समूहले आफ्नै कोषको रकम प्रयोग गरी कार्ययोजना तयार गर्ने र वन सम्वर्द्धन प्रणालीमा आधारित उत्पादनशील वन व्यवस्थापन गर्ने चाहना भएका तर आफ्नो कोषमा रकम नभएका सामुदायिक वन उपभोक्ता समूहले यहि शीर्षकमा विनियोजन भएको रकम खर्च गरी वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी/नवीकरण/पुनरावलोकन गर्ने गराउने।

९. कुनै आयोजना/परियोजना/दातृ निकायबाट सामुदायिक वन कार्ययोजना नवीकरण/पुनरावलोकनको लागि बजेट विनियोजन भै आएमा स्वीकृत नर्मस अनुसार लागत अनुमान स्वीकृत गरी सोही बमोजिम वा आयोजना/परियोजना/दातृ निकायको स्वीकृत कार्यविधि बमोजिम हुनेछ।

यस अन्तर्गत देहायका क्रियाकलाप रहेका छन्।

- सामुदायिक वन कार्ययोजना पुनरावलोकन समूह तथा सरकारको संयुक्त योगदान
- सामुदायिक वन दर्ता तथा हस्तान्तरण
- सामुदायिक वन समूह दर्ता, विधान तयारी नया समूह
- सामुदायिक वन कार्ययोजना पुनरावलोकन (समूह तथा सरकारको संयुक्त योगदान)
- सा.व.को वन सम्वर्द्धनमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी
- सा.व.को वन व्यवस्थापन कार्ययोजना पुनरावलोकन
- सामुदायिक वनको कार्ययोजना तयारी
- सामुदायिक वनको कार्ययोजना नवीकरण सहयोग

## २. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन

अवधि पुगि सकेका र कबुलियती वन समूहले पुनरावलोकनको लागि माग गरेका विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना पुनरावलोकन गर्न यस शीर्षकको रकम खर्च गर्न सकिनेछ। यस शीर्षकको रकम सर्भे तथा नक्साङ्कन, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी, प्रिन्टीङ तथा बाइन्डिङमा खर्च गर्न सकिनेछ।

- कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन
- कबुलियती वन समूहको विधान, कार्ययोजना तयारी जीविकोपार्जन सुधार योजना समेत
- कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत मध्यवर्ती क्षेत्रमा समेत एउटै क्लष्टरमा)



बागमती प्रदेश सरकार
भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

३. बैठक/गोष्ठी सञ्चालन

यस मन्त्रालय र मातहतका कार्यालयहरुमा वन, वन्यजन्तु, वातावरण तथा जैविक विविधता संरक्षण एवं व्यवस्थापनमा समन्वय सहकार्य र सहयोग आदान प्रदानको लागि विभिन्न बैठक/गोष्ठी सञ्चालन गर्ने प्रयोजनको लागि तपसिलका क्रियाकलापहरु स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरिएका छन्। विनियोजन भएको रकम कार्य सञ्चालन निर्देशिका, २०८१, प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ बमोजिम लागत अनुमान स्वीकृत गराई बैठक भत्ता, खाजा, खाना, सञ्चार, मसलन्द, सत्र शुल्क, प्रतिवेदन लेखन लगायतको कार्यमा खर्च गर्न सकिनेछ। आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन गर्दा सेवा प्रदायक संस्थाको सहयोग लिन सकिनेछ।

तपसिल

- समितिको बैठक भत्ता
- प्रारम्भिक वातावरणीय परीक्षण(IEE) प्रतिवेदन अध्ययन समितिको बैठक
- जिल्ला वन सुरक्षा समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरीय कार्यक्रम समन्वय बैठक
- WCCB व्युरो बैठक
- WCCB व्युरो बैठक सञ्चालन
- वन अतिक्रमण नियन्त्रण समितिको बैठक
- जिल्ला वन सुरक्षा समितिको बैठक
- जिल्ला वन सुरक्षा समन्वय समितिको बैठक
- वन अतिक्रमण नियन्त्रण समितिको बैठक
- जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरीय कार्यक्रम समन्वय बैंठक
- स्थानीय तह र सामुदायिक वन समूहसँग समन्वय बैठक
- जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरीय कार्यक्रम समन्वय बैठक
- त्रैमासिक वन सुरक्षा बैठक तथा समन्वय बैठक
- सब-डिभिजन स्तरमा सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय बैठक
- स्थानीय तह र वन समूहसँग समन्वय बैठक
- सब-डिभिजन स्तरमा स्थानीय सरकार, सा.व.उ. समूह तथा कबुलियती वन समूहसँग समन्वय बैठक
- स्थानीय तह, सामुदायिक वन र सरोकारवालाहरुसँग समन्वय बैठक
- सब-डिभिजन स्तरमा सा.व.उ.स. तथा कबुलियती समूहसँग त्रैमासिक समन्वय बैठक
- जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरीय कार्यक्रम समन्वय बैठक
- वन क्षेत्र अतिक्रमण नियन्त्रण समितिको बैठक



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- वन क्षेत्र सुरक्षा समन्वय समितिको बैठक
- स्थानीय तहमा सा.व.उ.स. तथा कबुलियती वन समूहसँग समन्वय बैठक
- प्लाष्टिक व्वस्थापन सम्बन्धी सचेतना
- स्थानीय सरकार, सुरक्षा निकाय तथा सा.व.उ.स. हरुसँग वन अपराध नियन्त्रण सचेतना गोष्ठी
- वन अपराध नियन्त्रण सचेतना गोष्ठी
- डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी
- सब-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी
- डिभिजन स्तरिय योजना तर्जुमा गोष्ठी (माघ मसान्त भित्र)
- सा.व.उ.स.को विधान, कार्ययोजना, वन ऐन, नियम तथा कार्यविधि सम्बन्धी अभिमुखीकरण गोष्ठी
- सामुदायिक वनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण र महिला सशक्तिकरण गोष्ठी
- सब- डिभिजनस्तरमा अपराध नियन्त्रण कार्यक्रम सञ्चालनको लागि सचेतना गोष्ठी (सम्बन्धित सब-डिभिजन मार्फत, पुष-माघ र बैशाख-जेठमा)
- सब-डिभिजनको सहजीकरणमा स्थानीय तह र वन समुदायद्वारा व्यवस्थित वन समूहको सहभागितामा सब-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी (पुष मसान्त भित्र)
- बार्षिक योजना तर्जुमा गोष्ठी
- सब-डिभिजन स्तरमा स्थानीय तहसँग परामर्श तथा समन्वय गोष्ठी
- सब-डिभिजनको सहजीकरणमा स्थानीय तह र समुदायद्धारा व्यवस्थित वन समूहहरुको सहभागितामा सब-डिभिजनस्तरीय योजना तर्जुमा गोष्ठी (पुष मसान्त भित्र)
- जडिबुटी कृषक, सङ्कलनकर्ता तथा व्यवसायीहरुसँग अन्तर्क्रिया गोष्ठी
- सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गोष्ठी
- सब डिभिजन स्तरमा अपराध नियन्त्रण सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया गोष्ठी
- डिभिजन स्तरमा सा.व.उ.स.हरुको वार्षिक प्रतिवेदन तयारी, लेखापरीक्षण तथा सुशासन अभिवृद्धिको लागि सहजीकरण तथा सचेतना गोष्ठी
- जलवायु परिवर्तन सम्बन्धी सचेतना गोष्ठी
- बेरूजु सम्परिक्षण सम्बन्धी कार्यशाला गोष्ठी
- गत आ.व. को वार्षिक प्रगति समिक्षा गोष्ठी
- मन्त्रालय स्तरीय योजना तर्जुमा
- मन्त्रालय स्तरीय त्रैमासिक तथा वार्षिक प्रगति समिक्षा
- स्थानीय तहका पदाधिकारीसँग वन, वन्यजन्तु र वातावरण क्षेत्रका कानून सम्बन्धी अन्तरक्रिया
- स्थानीय तहहरुसँग समन्वयात्मक अन्तरक्रिया कार्यक्रम



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

## ४. कोचिङ्ग/फिल्ड अभ्यास/भ्रमण/तालिमहरु

वन कर्मचारी, उपभोक्ता समूह तथा अन्य सरोकारवालाहरुको क्षमता विकासको लागि विभिन्न किसिमका तालिम/कोचिङ्ग/अध्ययन भ्रमण जस्ता क्रियाकलापहरु स्वीकृत बार्षिक कार्यक्रममा समावेश गरिएको छ। यस शीर्षकमा विनियोजित रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, मसलन्द, तालिम सामग्री, सत्र शुल्क, कार्यपत्र, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, गाडीभाडा, सञ्चार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम, नर्मस् र प्रदेश खर्चको मापदण्ड, २०७८ को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ। कार्यक्रम सञ्चालनमा प्रशिक्षण केन्द्रका प्रशिक्षक एवं आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा आमन्त्रण गरी प्रशिक्षण कार्य गराउन सकिनेछ र उपलब्ध मानवीय श्रोतबाट सञ्चालन हुन नसक्ने अवस्था रहेमा सार्वजनिक खरिद ऐन, नियामावली बमोजिम सेवा प्रदायक समेतबाट सञ्चालन गर्न सकिने छ।

यस अन्तर्गत निम्न तालिम/गोष्ठीहरु रहेका छनः

- सा.व.उ.स. को आय-व्यय विवरणको सार्वजनिक सुनुवाई तथा आन्तरिक लेखा परीक्षण तालिम
- सा.व.उ.स.मा महिला र युवालाई कार्यसमिति सञ्चालन सम्बन्धी कानूनी व्यवस्था सम्बन्धी तालिम (महिलाको सहभागिता कम्तीमा ७५ प्रतिशत)
- रेकर्ड किपिङ तथा लेखा सम्बन्धी तालिम
- सामुदायिक वन तथा कबुलियती वन समूहका पदाधिकारीहरुलाई लेखा तथा अभिलेख व्यवस्थापन, माइन्युट लेखन तथा कानूनी परामर्श तालिम
- दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि तालिम (समूहका पदाधिकारी र जनप्रतिनिधिलाई
- सामुदायिक वनका पदाधिकारीलाई माइन्युट लेखन तालिम
- सामुदायिक वनमा वन व्यवस्थापन, फिल्ड अभ्यास सम्वन्धि तालिम
- वन, वन्यजन्तु, वातावरण सम्बन्धी अपराध अनुसन्धान र छानविन अभिमुखिकरण
- वन्यजन्तु उद्धार, परिचालन तथा व्यवस्थापन तालिम तथा (Rescue and handling सामग्री खरिद)
- वन्यजन्तु व्यवस्थापन तालिम तथा (Rescue and handling सामग्री खरिद)
- सामुदायिक वनका पदाधिकारी तथा उपभोक्ताहरुलाई अध्ययन भ्रमण
- सामुदायिक वनमा वन व्यवस्थापन स्थलगत अभ्यास/कोचिङ

## ५. सामुदायिक वनमा थिनिङ्ग कार्यको लागि सहयोग

सामुदायिक वन विकास कार्यक्रम लागू भएपछि वनको संरक्षणबाट पुनरोत्पादन भई हाल अधिकांश सामुदायिक वनको वनक्षेत्र पोथ्रापोथ्री वा पोल अवस्थाको वनमा स्थापित भएको पाईन्छ। त्यस्तै कतिपय सामुदायिक वनहरुको क्षेत्र अझै झाडीयुक्त अवस्थामा समेत रहेका छन। हाल सामुदायिक वनमा वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम समेत लागू भै आएकोले ती वनको व्यवस्थापन कार्ययोजनाले सुधार कटानको सिफारिस समेत गरेको पाईन्छ। प्राविधिक हिसाबले थिनिङ्ग गर्न आवश्यक देखिएको सबै प्रकारका सामुदायिक वनमा थिनिङ्ग, झाडी सफाई, तथा वन व्यवस्थापन योजनामा उल्लेखित स्थानहरुमा सुधार कटान,



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

वार्षिक थिनिङ्ग योजना तयारी तथा स्वीकृत गरी यो क्रियाकलाप गर्नुपर्नेछ। कार्यक्रम सञ्चालन गर्दा प्रचलित नर्मसको आधारमा लागत अनुमान स्वीकृत गरि कार्य सञ्चालन गर्नुपर्ने छ। यस कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रुपमा वन उपभोक्ता समूहको लागत सहभागिताको सुनिश्चितता हुनुपर्नेछ। यो कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक वनको वन कार्ययोजनामा थिनिङ्ग/सुधार कटान/झाडी सफाईको क्रियाकलाप सञ्चालन गर्ने भनी उल्लेख भएका सामुदायिक वन उपभोक्ता समूहहरु मध्येबाट माग संकलन गरिने छ। सञ्चालन गर्न सकिने परिमाण, औचित्य, समूहको सक्रियता, समूहको आर्थिक अवस्था, वनको अवस्था लगायतलाई विचार गरी डिभिजन वन कार्यालयले छनौट गरी उपयुक्त सामुदायिक वनमा यो कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

यस शीर्षक अन्तर्गत देहायका क्रियाकलापहरु रहनेछन्।

- कबुलियती वनमा झाडी सफाई, थिनिङ्ग तथा वन व्यवस्थापन
- दिगो वन व्यवस्थापन /थिनिङ्ग/वन सम्वर्द्धन/रुपान्तरण कार्यक्रम

**६. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि बैकल्पिक खेती अन्तर्गत उपयुक्त प्रजाति रोपण (बाँस खरिद तथा रोपण )**

यो कार्यक्रम वन क्षेत्रसँग जोडिएको बस्ती तथा खेती गरिएको स्थानमा वन्यजन्तुका कारणले सिर्जना हुने मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने अभिप्रायले सञ्चालन गरिएको हो। यो कार्यक्रम सञ्चालन गर्दा वन्यजन्तुले नरुचाउने प्रजाति छनौट गरी वृक्षारोपण गर्न पर्नेछ। वन्यजन्तुको प्रभाव पर्ने सार्वजनिक जग्गा वा नजिकको नदी उकास क्षेत्रहरुमा जडिबुटी खेती (वन्यजन्तुले नरुचाउने र खासै असर नगर्ने) गरी आयआर्जन गराउँदै मानव वन्यजन्तु द्वन्द्व न्यून गर्ने उद्देश्यका साथ यो क्रियाकलाप सञ्चालन गरिनेछ। जडिबुटी खेती गर्ने जग्गा, व्यक्ति, तथा समूह पहिचान भैसकेपछि प्रस्ताव गरिएको जग्गाको निरीक्षण पछि सञ्चालन गर्नुपर्ने आवश्यक कार्यक्रम र क्रियाकलापहरु सञ्चालनको लागि लागत अनुमान तयार पारी सम्झौता गरी सो अनुरुप कार्य सम्पन्न गर्नुपर्दछ। कार्यक्रम सञ्चालन गर्दा मेन्था, क्यामोमाईल, पाल्मारोजा, लेमनग्रास, सिट्रोनेला जस्ता नगदे तथा वन्यजन्तुले नरुचाउने किसिमका जडिबुटी निर्क्योल गरी, सम्झौता गरी प्रचलित ऐन कानून र नर्मस् बमोजिम बिरुवा खरिद/रोपणको कार्य गर्नु पर्दछ। वृक्षारोपण गरिएको ठाउँमा यी विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ। कार्यक्रम सम्पन्न भएपछि जडिबुटी रोषण सम्बन्धी तथ्याङ्क, जग्गाधनी अनुसारको बिरुवा संख्या र प्रजाति अनुसार वृक्षारोपण भएको ठाउँको अवस्थिती समेत झल्किने गरी नक्शा तयार गरी डिभिजन वन कार्यालयले रेकर्ड अद्यावधिक गरी राख्नुपर्नेछ।

यस शीर्षक अन्तर्गतका कार्यक्रमहरु तपसिल बमोजिम छन्।

- मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि बैकल्पिक खेती अन्तर्गत उपयुक्त प्रजाति रोपण
- मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको लागि वनजन्य फलफूल (अमला, लप्सी, बेल आदिको) प्लट निर्माण
- मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणको लागि उपयुक्त फलफूलका बिरुवाका वृक्षारोपण कार्यक्रम



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

## ७. वनमा रहेका ढलापडा, सुखड खडा र जोखिममा परेका वन पैदावार संकलन तथा व्यवस्थापन

यो कार्यक्रम राष्ट्रिय वन क्षेत्रभित्र रहेका ढलापडा तथा सुखड खडा काठ दाउराहरुको संकलन गरी लिलाम बिक्री गर्ने उद्देश्यले राखिएको हो। सुखड ढलापडा काठ दाउरा संकलनका लागि ट्र्याक्टर लगायतका सवारी साधन भाडा, कामदारको ज्याला, कार्यालयका सवारी साधन इन्धन, कामदार तथा खटिने कर्मचारीको खाजा लगायतका कार्यहरुमा यो शीर्षकवाट खर्च गर्न सकिनेछ। प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार काठ दाउरा लिलाम भए पश्चात् कटान मुछान बापतको रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ। यस शीर्षक अन्तर्गतका कार्यक्रमहरु तपसिल बमोजिम छन्।

- राष्ट्रिय/सामुदायिक वनमा रहेका सुखड ढलापडा काठ दाउरा संकलन
- ढलापडा, सुखड खडा र जोखिममा परेका वनपैदावार संकलन तथा व्यवस्थापन

## ८. वन पैदावारमा आधारित उद्यम विकास

आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गरी वनजन्य कच्चा पदार्थमा आधारित वन उद्यमको स्थापना प्रवर्धन र विकास गर्ने ,वन पैदावारमा आधारित उद्यमहरुको विकास र प्रवर्धनबाट हरित रोजगारी तथा थप आय आर्जनका अवसरहरु वृद्धि गर्ने एवं निजी वा सामुदायिक वनको साझेदारीमा वनजन्य कच्चा पदार्थमा आधारित निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उद्यम स्थापनका लागि समग्र मूल्य श्रृङखलामा प्रोत्साहन र सहजीकरण गर्ने उद्देश्यले उद्यम विकास कार्यक्रमहरु समावेश गरिएको छ। यस्ता कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम देहायको प्रकृया अवलम्बन गरी कार्यान्वयन गरिनेछ।

वन पैदावारमा आधारित उद्यम विकास कार्यक्रम मार्फत वन पैदावारमा आधारित उद्यम स्थापना र सञ्चालन गर्न चाहने वन उपभोक्ता समूहहरु निजी कृषकहरुको समूह/सहकारी/(आधिकारिक रुपमा उद्यमका लागि दर्ता भएका) बाट लागत साझेदारीमा उद्यम स्थापना तथा सञ्चालनको लागि व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्न प्राविधिक तथा आर्थिक प्रस्तावका लागि सार्वजनिक सूचना आब्हान गरिनेछ। यसरी सूचना प्रकाशन गर्नु आगाडि प्रस्तावहरुको मूल्याङ्कन आधार तयारी गर्नु पर्नेछ। पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी वन उपभोक्ता समूहहरु निजी कृषकहरुको समूह/सहकारी/(आधिकारिक रुपमा उद्यमका लागि दर्ता भएका) सँग नियमानुसार सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ। निजीक्षेत्र तथा निजी कृषकहरुको समूह (आधिकारिक रुपमा उद्यमका लागि दर्ता भएका) को हकमा कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान दिने र सहकारी, सामुदायिक वा अन्य साझेदारीको हकमा बढीमा ७५ प्रतिशतसम्म अनुदान दिन यस शीर्षकमा विनियोजन भएको रकमबाट खर्च गर्न सकिने छ।

स्वीकृत वार्षिक कार्यक्रममा स्थान तोकिएको हकमा स्वीकृत कार्यक्रममा तोकिएको निकायबाट व्यवसायिक योजना माग गरी सोको मूल्याङ्कन गरी उपयुक्त देखिएमा कार्यान्वयन गर्न सकिनेछ। यस शीर्षकमा उल्लेखित प्रकृया बमोजिम वन पैदावारमा आधारित उद्यम सम्बन्धी स्वीकृत क्रियाकलापहरु कार्यान्वयन गर्न सकिनेछ। यो कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- सामुदायिक वनमा बेल प्रशोधन केन्द्र स्थापनाको लागि बेलको स्रोत सर्भेक्षण
- सुनकोशी गा. पा. ३ सिन्धुपाल्चोक अवस्थित दुना टपरी उद्योगको लागि पूर्वाधार निर्माण
- स्थानीय तहको सहकार्यमा वनमा खेर गइरहेको पातपतिङ्गर संकलन गरी प्राङ्गरिक मल उत्पादन गर्ने



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- वन उद्यम कार्यक्रम ऋषेश्वर महिला अल्लो उत्पादन उद्योग थाहा ४
- सामुदायिक वनमा दुना टपरी उद्यम सञ्चालन, मेलुङ्ग गा.पा.
- दुना टपरी उद्यम स्थापन तथा सञ्चालन, लतेपातल सा.व.उ.स. मेलुङ ५
- डि.व.का. को सहयोगमा सरस्वती सा.व.उ.स. लगायत वरिपरिको सा व हरुको सहकार्यमा स्थापित प्राङ्गारिक मल उद्योग सञ्चालन
- शंखदेवी सामुदायिक वनमा मिनरल वाटर सञ्चालन योजना, भि.न.पा. ९
- जडिबुटी प्रशोधन तथा उत्पादन, भिमेश्वर १, दोलखा
- एक जिल्ला एक टिमुर उद्यम एक जिल्ला एक वन फलफूल उद्यम
- वनमा रहेका पातपतिङ्गगर संकलन गरी जैविक मल निर्माणका लागि प्रविधि हस्तान्तरण
- सिस्नु पाउडर उद्योग सञ्चालन रुविभ्याली गा.पा. १
- वन उधम विकास कार्यक्रम

## ९. बिगतमा वृक्षारोपण भएको क्षेत्रमा पुनरोपण, गोडमेल, घेराबार तथा मर्मत सम्भार

यो कार्यक्रम बिगतमा वृक्षारोपण गरिएको बिरुवाहरुको गोडमेल गर्न, मरेका ठाउँमा बिरुवा रोपण गर्न, घेराबार तथा मर्मत गर्ने उद्देश्यले राखिएको हो। यो कार्यक्रममा विनियोजित बजेटबाट बिरुवा खरिद गर्न, रोपण गर्न, तारबार गर्न तथा पुराना संरचनाको मर्मत सम्भार गर्न सकिन्छ।

यो कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- बिगतमा भएका वृक्षारोपण पुनः रोपण, गोडमेल तथा संरक्षणको निरन्तरता
- गत आ.व. मा सडक किनारमा रोपण क्षेत्रमा पुन रोपण तथा गोडमेल
- बिगतमा भएको सडक किनार वृक्षारोपणको संरक्षण, गोडमेल र पुनः रोपण

## १०. अनुसन्धान अधिकृतका लागि मुद्दा अनुसन्धान/तहकिकात तथा दायरी खर्च (प्रतिमुद्दा बढीमा रु. १० हजार)

वन र वन्यजन्तु अपराधमा संलग्न हुने व्यक्तिहरुलाई पक्राउ गरी कारवाही प्रक्रिया अगाडि बढाउने सिलसिलामा आवश्यक रकम यस शीर्षकबाट खर्च गरिनेछ। सामान्यतया मुद्दा दायर गर्नका लागि आवश्यक पर्ने मसलन्द, यातायात भाडा, इन्धन, पानी, अनुसन्धान अधिकृतको भ्रमण/खाजा खर्च, सञ्चार खर्च लगायतका शीर्षकमा खर्च गर्न सकिनेछ। खर्च रकम फछ्र्यौट गर्दा खर्च भएको बिल भरपाई एवं मुद्दा निकासाको/अभियोग पत्र दायर गरेको सम्बन्धी कागजात पेश गर्नुपर्दछ। मुद्दाको सिलसिलामा विदेशी नागरिक पक्राउ परी दोभाषे/अनुवादक राख्नुपर्दा निजलाई दिनुपर्ने पारिश्रमिक/भत्ता नियमानुसार उपलब्ध गराउन सकिनेछ।

यो कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- उजुरी अनुसन्धान तथा प्रतिवेदन
- अनुसन्धान अधिकृतका लागि मुद्दा अनुसन्धान तहकिकात तथा दायरी खर्च



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- अनुसन्धान अधिकृतका लागि मुद्दा अनुसन्धान/तहकिकात तथा दायरी खर्च (प्रति मुद्दा बढिमा १० हजार)
- मुद्दा अनुसन्धान तथा तहकिकात लगायत

## ११. वन/वन्यजन्तु, जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी प्रचार प्रसार

वन/वन्यजन्तु, जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी प्रचार प्रसारको लागि विद्युतीय सञ्चार माध्यमहरु रेडियो/एफ.एम./टेलिभिजन/अनलाईन मिडिया, भित्ते लेखन, ब्रोसियर तथा पम्पलेट तयारी र प्रकाशन गर्ने प्रयोजनको लागि यी क्रियाकलापहरु स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरिएको हो। यसमा विद्युतिय माध्यम तथा पत्रपत्रिकामा प्रचार प्रसार गर्नु पर्दा सम्बन्धित निकायसँग सम्झौता गरी समय सापेक्ष मिल्दो सन्देशमूलक सामग्री तयार गरी प्रसारण गर्न सकिनेछ। भित्ते लेखन, ब्रोसियर तथा पम्पलेट तयारी र प्रकाशन गर्ने कार्य कर्मचारी मार्फत प्रचलित सार्वजनिक ऐन नियमावली प्रतिकूल नहुने गरी अमानतमा गर्न सकिने छ। कार्यक्रम सम्पन्न पछि फछ्यौंट गर्दा वा भुक्तानी माग्दा सोको बिल भरपाई सहित के कुन सामग्री कुन मितिदेखि कुन मितिसम्म दैनिक कति पटक कुन कुन समयमा प्रसारण भएको हो सो को विवरण, प्रसारण भएको सामग्रीको छोटकरी विवरण र प्रसारण सामग्रीको ईलेक्ट्रोनिक प्रति समेत संलग्न गर्नुपर्नेछ। यो कार्यक्रममा विनियोजित रकम वन तथा वन्यजन्तु संरक्षण र व्यवस्थापनमा गर्नुपर्ने कुराहरु, गर्न नहुने कार्यहरु, वन वन्यजन्तु अपराध नगर्न सूचना एवं अपराध गरेमा हुने दण्ड सजाय लगायत उपयोगी जनचेतनामूलक सूचना/कार्यक्रमहरु प्रसारण गर्न खर्च गर्न सकिनेछ। यस अन्तर्गत देहायका क्रियाकलापहरु रहेका छन्।

- बुकलेट लिफलेट वुलेटिन आदि प्रकाशन तथा वितरण
- रेडियो मार्फत वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सूचना प्रवाह (डिभिजनस्तर)
- प्लाष्टिक व्यवस्थापन सम्बन्धी सचेतना (अनलाईन/पत्रपत्रिका/रेडियो कार्यक्रम Rally and Campaign
- स्थानीय तहको सहकार्यमा प्लाष्टिकमुक्त अभियानलाई निरन्तरता
- रेडियो टेलिभिजन सँगको सहकार्यमा प्रचार प्रसार सामग्री प्रकाशन
- रेडियो/टिभि/पत्रिका लगायतमा वन तथा वन्यजन्तु संरक्षण तथा व्यवस्थापन सम्बन्धी सूचना प्रवाह
- Wall/Stone मा वन, वनस्पति तथा वन्यजन्तु संरक्षण सम्बन्धी जनचेतनामुलक सूचना Painting
- सब-डिभिजन मार्फत Wall/stone/street site मा वन वन्यजन्तुको जनचेतनामुलक पेन्टिङ्ग
- मन्थली न.पा.-०८ मा वन वातावरण संरक्षण सम्बन्धी जनचेतनामुलक भित्तेलेखन तथा होर्डिङ् वोर्ड राखे
- डि.व.का. परिसर भित्र भित्ते लेखन तथा होर्डिङ् वोर्ड निर्माण कार्यक्रम
- वन वन्यजन्तुको जनचेतना मुलक wall painting
- वन वातावरण सम्वन्धि जनचेतनामुलक पेन्टिङः जिल्ला स्तरमा
- वातावरण संरक्षण सम्बन्धी सचेतनामुलक प्रचार प्रसार कार्यक्रम
- पर्यटन पदमार्ग तथा डस्टविन व्यवस्थापन गोसाईकुण्ड गा.पा. रसुवा



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- रेडियो/टि.भि./पत्रिका लगायतमा वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सूचना प्रवाह (डिभिजनस्तर)
- रेडियो, अनलाईन पत्रिका मार्फत वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सूचना प्रवाह (डिभिजनस्तर)
- विद्युतीय माध्यमवाट वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सम्बन्धी सूचना प्रवाह (डिभिजन स्तरमा)
- विद्युतीय माध्यमवाट वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सम्बन्धी सूचना प्रवाह
- वन संरक्षण, वातावरणीय सन्तुलन तथा जलवायु परिवर्तन सम्बन्धी जनचेतनामूलक सामग्री उत्पादन तथा प्रसारण कार्यक्रम
- वन डढेलो नियन्त्रण, वन संरक्षण तथा सामुदायिक वन व्यवस्थापन सम्बन्धी रेडियो कार्यक्रम

## १२. वन गस्ती परिचालन सम्बन्धी

अवैध कटानी एवं वन वन्यजन्तुको अवैध चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण गर्ने अभिप्रायले रेगुलर दैनिक गस्ति वा वन क्षेत्र भित्रै अस्थायी क्याम्प खडा गरी गस्ती गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। यस कार्यक्रममा विनियोजित बजेटबाट लागत अनुमान स्वीकृत गरी गस्ती टोलीका लागि सञ्चार सेट, पानी, खाजा, सञ्चार, इन्धन तथा सवारी साधन मर्मत/टेन्ट/Sleeping Bag/Mattress जस्ता समाग्री खरिद गर्न सकिनेछ। गस्ति परिचालन एपको प्रयोग गरी सोबाट स्वतः सृजना हुने गस्ती प्रतिवेदन/जंगल क्याम्पिङ बसेको मिति, स्थानको जि.पि.एस. कोअर्डिनेट, संलग्न कर्मचारीहरु, सम्पादन गरिएको गतिविधि, उपलब्धी सहितको प्रतिवेदन गस्ती/क्याम्पिङमा खटिने ईन्चार्जले अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। सो प्रतिवेदन प्राप्त भए पश्चात् सो सम्बन्धी बिल भरपाई समेतको प्रतिवेदन संलग्न हुनुपर्नेछ। यो कार्यमा डिभिजन/सब डिभिजन वन कार्यालयका फिल्ड कर्मचारी एवं सशस्त्र वन सुरक्षा शाखाका सशस्त्र वन रक्षक, सम्बन्धित सामुदायिक वनका पदाधिकारी, उपभोक्ता तथा आवश्यकतानुसार सुरक्षा निकायका सुरक्षाकर्मीहरुलाई परिचालन गर्न सकिनेछ। यस अन्तर्गत देहायका क्रियाकलाप समावेश छन्।

- अधिकृत सहितको टोलीको गस्ती परिचालन
- वन तथा वन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणका लागि डि.व.का.बाट गौडा गस्ती परिचालन (गौडा गस्ति समेत)
- हरेक सब-डिभिजनमा वन, वन्यजन्तु संरक्षणका लागि अधिकृत सहितको कर्मचारी टोलीको गस्ती परिचालन खर्च १२ महिना
- सब-डिभिजन स्तरीय गस्ती परिचालन
- वन तथा वन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डि.व.का.बाट गस्ती परिचालन (गौडा गस्ति/ Jungle Camping समेत)
- सब-डिभिजनवाट दैनिक गस्ति परिचालन खर्च
- डिभिजन वन कार्यालयवाट गस्ति परिचालन खर्च
- हरेक सब-डिभिजनमा वन वन्यजन्तु संरक्षणका लागि अधिकृत सहितको कर्मचारी टोलीको गस्ती परिचालन खर्च (सब-डिभिजन)



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

## १३. बरामदी वन पैदावार तथा मालबस्तुको ढुवानी

वन अपराध नियन्त्रण कार्यबाट बरामद भएको वन पैदावार तथा मालवस्तु व्यवस्थापनका लागि स्वीकृत जिल्ला दररेट अनुसार ढुवानी भाडा, लोड अनलोड, सङ्कलन तथा ओसारपसार लगायतका काममा यो रकम खर्च गर्न सकिनेछ। यस अन्तर्गत देहायका क्रियाकलापहरु रहेकाछन्।

- बरामदी तथा बेवारिसे वन पैदावार तथा मालबस्तुको ढुवानी खर्च
- बरामदी वन पैदावार तथा अन्य मालबस्तुको ढुवानी खर्च (डिभिजनस्तर)
- बरामदी तथा दहत्तर बहत्तर वन पैदावार तथा मालवस्तुको ढुवानी खर्च (डिभिजनस्तर)
- बरामदी वन पैदावार तथा माल वस्तुको ढुवानी खर्च

## १४. सेवा करार मार्फत मानवीय श्रोत परिचालन

डिभिजन वन कार्यालयमा एउटा नर्सरी सञ्चालन गरी स्थानीय माग अनुसार गुणस्तरीय बिरुवा उत्पादनको लागि तोकिएको मापदण्ड बमोजिम नर्सरी नाईकेको व्यवस्थापन गर्ने, वन्यजन्तु उद्धार एवं उपचारको लागि आवश्यकता अनुसार पशु चिकित्सक र हात्तीसार संग्राहलयको लागि चोकिदार र मालीलाई कामकाजमा लगाउने उद्देश्यले यो क्रियाकलाप समावेश गरिएको हो। प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम व्यक्ति करार सम्झौताबाट मानवीय श्रोत नियुक्त गरी सोही सम्झौता बमोजिम कार्य सञ्चालन गरिनेछ। यो शीर्षकको रकम निजहरुको पारिश्रमिक भुक्तानीको लागि खर्च गरिनेछ।

यस शीर्षक अन्तर्गत देहायका क्रियाकलापहरु रहनेछन् :

- केन्द्रिय तथा हाईटेक नर्सरीको लागि नर्सरी नाईकेको पारिश्रमिक (३० हजार भन्दा बढी विरूवाको लागि)
- चाल्नाखेलमा रहेको हाईटेक नर्सरी सञ्चालनको लागि नर्सरी अधिकृत (चाल्नाखेलमा रहेको हाईटेक नर्सरी सञ्चालनको लागि नर्सरी अधिकृत)
- केन्द्रिय तथा हाईटेक नर्सरी सञ्चालनका लागि वार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाईकेको पारिश्रमिक
- वन्यजन्तु उद्धार एम्बुलेन्स सवारी चालक
- जैविक विविधता सूचना केद्र टिकौलीमा हेरचाह करार
- विभिन्न पूर्वाधार निर्माण कार्यको लागि सब ईन्जिनियर
- भिमफेदीस्थित हात्तीसार संग्रहालयको लागि चौकिदार र माली

## १५. बाँदर लगायतका वन्यजन्तुबाट हुने कृषिबाली क्षतिको न्यूनीकरण विशेष कार्यक्रम

यो कार्यक्रमा विनियोजित बजेटबाट बाँदर लगायतका वन्यजन्तुबाट कृषिबालीमा हुने क्षतिको न्यूनीकरणका लागि बाँदर धपाउने उपकरण खरिद गरी वितरण, बाँदरले नरुचाउने बिरुवा प्रजातिको खरिद तथा वितरण, तारबार लगायतका क्रियाकलापमा खर्च गर्न सकिनेछ। वार्षिक प्रगति विवरणमा क्षति न्यूनीकरणका लागि सञ्चालन गरिएको क्रियाकलापहरु र सो बाट प्रत्यक्ष लाभान्वित घरधुरीहरुको विवरण समावेश हुनु पर्नेछ।



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

## १६. वन गस्ती गर्ने कर्मचारीको लागि फिल्ड गियर (जुत्ता, वर्षादी, लाईट रिफ्लाक्टर ज्याकेट) तथा व्यक्तिगत सुरक्षा सामग्री (मास्क, पंजा, हेलमेट) खरिद तथा वितरण

यो शीर्षकमा विनियोजित रकमबाट सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही वन कार्यालयमा कार्यरत सबै वन गस्ति गर्ने कर्मचारीहरुलाई एकै प्रकारका फिल्ड गियर खरिद गरी वितरण गर्न सकिन्छ।

- वन गस्ती गर्ने कर्मचारीको लागि फिल्ड गियर (जुत्ता, वर्षादी, लाईट रिफ्लाक्टर ज्याकेट) तथा व्यक्तिगत सुरक्षा सामग्री (मास्क, पंजा, हेलमेट) खरिद तथा वितरण
- वन संरक्षण वा व्यवस्थापनका लागि फिल्ड गियर खरिद
- कर्मचारीको लागि फिल्ड गियर

## १७. कार्यक्रम सञ्चालन खर्च

कार्यक्रम सञ्चालनको क्रममा आईपर्ने भैपरी खर्च गर्ने प्रयोजनको लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो। यस शीर्षकमा विनियोजन भएको रकम कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यक पर्ने खाजा/खाना, पानी, इन्धन, गाडी भाडा, दैनिक भ्रमण भत्ता आदि क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ।

## १८. सामुदायिक वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन

यस कार्यक्रम अन्तर्गत जिल्लामा गठन भएका सामुदायिक वन उपभोक्ता समूह/वनको अनुगमन तथा मूल्याङ्कन गर्ने र सो बाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयारी तथा छपाई गर्ने कार्यमा डिभिजन वन कार्यालयले लागत अनुमान तयार गरी सब डिभिजन वन कार्यालयका कर्मचारीहरु मार्फत कार्यान्वयन गर्नुपर्नेछ। यस शीर्षकमा विनियोजन भएको रकम अनुगमन कार्यमा फिल्डमा खटिने कर्मचारीहरुलाई खाजा खर्च, मसलन्द, अनुगमन फर्मेट छपाई तथा प्रतिवेदन तयारी गर्ने र छपाई गर्ने कार्यमा खर्च गर्न सकिनेछ। प्रतिवेदनमा फिल्ड अनुगमनबाट प्राप्त तथ्याङ्कका आधारमा कम्तीमा देहाय विषयहरु विश्लेषण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।

- समूहको क्रियाशीलताको स्तर निर्धारण (सदस्यता नवीकरण, साधारण सभा/समिति बैठक संख्या र उपस्थिति, कार्यक्रममा जनसहभागिता, निर्णय पारदर्शिता आदि)
- वन संरक्षणको अवस्था (वन अपराध नियन्त्रणः चोरी कटान,चोरी निकासी, अतिक्रमण, वन डढेलो, अत्यधिक चरिचरण, दण्ड जरिवाना, पुरस्कार, उपभोक्ताको परिचालन एवं सहभागिताको अभिलेख व्यवस्थापन, आदि)
- वन सम्वर्द्धन तथा व्यवस्थापनको अवस्था (वन सम्वर्द्धन क्रियाकलाप सञ्चालन-झाडी सफाई, गोडमेल एक्ल्याउने/पत्ल्याउने/हाँगा काँटछाट, सुधार कटान, वन सम्वर्द्धन प्रणाली लागू भए/नभएको, व्यवस्थापन- वन कार्ययोजना कार्यान्वयन, वन्यजन्तुको बासस्थान संरक्षण तथा व्यवस्थापन, वन पुनरोत्पादन संरक्षण तथा व्यवस्थापन, हैसियत बिग्रेको वनको पुनरुत्थान, वृक्षारोपण/पुनरोपण/सम्बृद्धि वृक्षारोपण आदि)
- वन पैदावार सदुपयोग (काठ/दाउरा उत्पादन, घाटगद्दी व्यवस्थापन भए/नभएको, आन्तरिक/बाह्य बिक्री वितरणको परिमाण र आम्दानी, कटान पश्चातको सरसफाई गर्ने/नगर्ने, काठ दाउराको समयमा



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

नै बिक्री वितरण भए/नभएको, काठ दाउरा बिक्री वितरणमा सिमान्तकृत विपन्न वर्गको लागि सहुलियतको व्यवस्था भए/नभएको, अभिलेख व्यवस्थापन भए/नभएको, कानून बमोजिम दाखिला गर्नुपर्ने शुल्क/दस्तुर समयमा नै दाखिला गरे/नगरेको आदि)

- गैह्र काष्ठ वन पैदावार व्यवस्थापन तथा सदुपयोग (पाईने मुख्य प्रजातिहरुको विवरण, संकलन परिमाण, बिक्री वितरणको परिमाण र आम्दानी, खेती कार्यक्रम सञ्चालन भए/नभएको भएको भए सो को विवरण, खेती बिस्तार तथा उत्पादनमा सिमान्तकृत विपन्न वर्गको सहभागिताको अवस्था आदि)
- आर्थिक कारोबार खाता सञ्चालन, लेखापरीक्षण, बैकिङ्ग कारोबार, वार्षिक प्रतिवेदन, बैङ्क/नगद मौज्दात, बेरुजू एवं आर्थिक अनियमितता, सार्वजनिक लेखापरीक्षण तथा खर्चको पारदर्शिता, खर्चको बाँडफाँड (वन विकास खर्च, विपन्न वर्ग तथा गरिबी न्यूनीकरण कार्यक्रम खर्च, सामाजिक विकास खर्च, प्रशासनिक खर्च आदि)

यस शीर्षक अन्तर्गत देहायका क्रियाकलापहरु रहनेछन्।

- सामुदायिक वनको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन
- सामुदायिक वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन
- सामुदायिक वन र कबुलियती वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन
- सामुदायिक वनको अनुगमन गरी पुस्तिका प्रकाशन
- सामुदायिक वन उपभोक्ता समूहको अनुगमन गरी अनुगमन पुस्तिका प्रकाशन
- सामुदायिक वनको अनुगमन तथा प्रतिवेदन प्रकाशन

## १९. बकपत्रका लागि अदालतमा हाजिर हुने व्यक्तिका लागि अदालतसम्म आते जाते तथा खाना खर्च

वन कार्यालयहरुबाट अनुसन्धान भै सम्बन्धित निकायहरुमा अभियोजन भएका मुद्दाहरुमा सरकारी साक्षीको रुपमा अदालतले उपस्थित भै समयमा नै न्यायिक निरुपण होस भन्ने मनसायको लागि यो कार्यक्रम राखिएको हो। यसमा विनियोजित रकम बकपत्रका लागि अदालतमा हाजिर हुने व्यक्तिका लागि अदालतसम्म आते जाते तथा खाना खर्च अन्य जिल्लाबाट बकपत्र गर्न आँउदा नियमानुसारको दैनिक भ्रमण खर्चको भुक्तानीको लागि खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् अदालतबाट बकपत्रका लागि लेखिएको पत्र र अदालतमा उपस्थित भएको प्रमाण तथा भरपाई संलग्न गर्नुपर्नेछ।

## २०. जिल्ला वन पैदावार आपूर्ति समिति गठन तथा सञ्चालन/परिचालन

प्रचलित कानून बमोजिम जिल्ला वन पैदावार आपूर्ति समिति गठन तथा सञ्चालनका लागि यो कार्यक्रम राखिएको हो। यसमा विनियोजित बजेट खाना, खाजा, भत्ता, इन्धन तथा कार्यालय सञ्चालन लगायतमा खर्च गर्न सकिनेछ।

## २१. पुरस्कार सम्बन्धी

सामुदायिक वनको मार्गदर्शन, २०८१ को अनुसूची १० मा उल्लेखित सामुदायिक वन अनुगमनका सूचकका आधारमा डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रको सामुदायिक वनको मूल्याङ्कन गरी पुरस्कृत गर्ने उद्देश्यले



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

यो कार्यक्रम राखिएको हो। प्रत्येक सब डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र रहेको उत्कृष्ट तीन वटा सामुदायिक वनको मूल्याङ्कन गरी डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ। पूर्व निर्धारित मूल्याङ्कन र सूचकको आधारमा डिभिजनल वन अधिकृतको संयोजकत्वमा ३ सदस्यीय (जिल्ला समन्वय समितिको प्रतिनिधि-१, योजना तथा अनुगमन शाखाको प्राविधिक-१ समेत) मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गरिनेछ। यसमा मूल्याङ्कनबाट छानिएका प्रथम, दोश्रो र तेश्रो सामुदायिक वन उपभोक्ता समूहलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ।

- कर्मचारीलाई प्रदान गरिने पुरस्कार
- जिल्लास्तरीय सामुदायिक वन तथा कबुलियती पुरस्कार वितरण
- जिल्ला स्तरीय सामुदायिक वन पुरस्कार वितरण
- जिल्लाको उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण
- कबुलियती वन उत्कृष्ठ समूह पुरस्कार
- कबुलियती वन समूह पुरस्कार
- जिल्ला स्तरीय सामुदायिक वन पुरस्कार
- वन अभियन्ता पुरस्कार
- डि.व.का.स्तरीय सामुदायिक वन पुरस्कार वितरण

## २२. कर्मचारीलाई प्रदान गरिने पुरस्कार

कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले मन्त्रालयबाट निर्धारित सूचकका आधारमा सम्पूर्ण कर्मचारीहरुलाई आवेदन खुल्ला गरी प्राप्त आवेदनका आधारमा निजहरुको कार्यसम्पादन मूल्याङ्कन गरी एक जना उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। पूर्व निर्धारित मूल्याङ्कन र सूचकको आधारमा मूल्याङ्कन गर्न डिभिजनल वन अधिकृतको संयोजकत्वमा ३ सदस्यीय (मन्त्रालयको अधिकृत प्रतिनिधि-१, निर्देशनालयको अधिकृत प्रतिनिधि-१ समेत) मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गरी पुरस्कृत गरिनेछ।

## २३. हैसियत बिग्रेको वन क्षेत्रमा पुनरोत्पादन प्रवर्धन तथा संरक्षण

यो क्रियाकलापको मुख्य उद्देश्य ईच्छाईएको प्रजातिको छत्र घनत्व २० प्रतिशत भन्दा कम भएको वनको पुनरुत्पादन प्रवर्धन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु हो। यसमा विनियोजित रकम स्वीकृत लागत अनुमान बमोजिम झाडी सफाई, जैविकबार, समृद्धि वृक्षारोपण, Waterhole निर्माण, वन डढेलो र चरिचरण नियन्त्रण जस्ता कार्यमा खर्च गर्न सकिनेछ। साथै आवश्यकता अनुसार वन हेरालु समेत राख्न सकिनेछ। एकै स्थानमा कम्तीमा दुई हेक्टरभन्दा बढी क्षेत्रमा पुनरुत्पादन प्रवर्धन कार्य गर्नुपर्नेछ।

गत वर्षहरुमा वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिको लागि हैसियत बिग्रेको वन क्षेत्रमा पुनरुत्पादन प्रवर्धन तथा संरक्षण कार्यक्रम सम्पन्न भएको स्थानहरुमा त्यसको निरन्तरताको लागि यो क्रियाकलाप प्रस्ताव गरिएको हो। यसमा विनियोजित रकम गोडमेल, झाडी सफाई, जैविकबार/तारबारको मर्मत, समृद्धि वृक्षारोपण, आगलागी र चरिचरण नियन्त्रण जस्ता कार्यमा खर्च गर्न सकिनेछ। साथै आवश्यकता अनुसार वन हेरालु समेत राख्न



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात पुनरुत्पादन प्रवर्धन तथा संरक्षण गरिएको वनको नक्शा क्षेत्रफल, रोपण गरिएको जात र संख्या, तस्बिरहरु, खर्चको बिल भरपाई, झाडी सफाई, गोडमेल, आगलागी तथा चरिचरण नियन्त्रणको कार्यमा गरिएको प्रयास सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ। समुदायले व्यवस्थापन गरेको वन क्षेत्रमा हैसियत बिग्रेको वन क्षेत्रमा पुनरुत्पादन प्रवर्धन तथा संरक्षण गर्नु परेमा सम्बन्धित वन उपभोक्ता समूह मार्फत गराउनु पर्नेछ। यस अन्तर्गत देहायका क्रियाकलाप कार्यान्वयन गरिनेछ।

- बिगतमा शुरु भएका हैसियत बिग्रेको वन क्षेत्रको पुनरुत्पादन प्रवर्धन तथा संरक्षणको निरन्तरता रु. ७५ हजार प्रति हेक्टर
- हैसियत बिग्रेको वन क्षेत्रमा पुनरुत्पादन प्रवर्धन तथा संरक्षण

## २४. गरीबीको रेखा मुनी रहेका कबुलियती वन समूहलाई सामाजिक तथा प्राविधिक सहयोग

यो कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु राखिएको छ।

**क. कबुलियती वनका लागि सामाजिक परिचालन सुपरिवेक्षक (डिभिनज सुपरभाईजरबाट)**

डिभिजन वन कार्यालयमा कबुलियती वन समूहको गठन, सञ्चालन, बचत, ऋण परिचालन, बैठक सञ्चालन, माइन्युट लेखन, प्रतिवेदन, समन्वय लगायतका कार्यमा सहजीकरणका लागि नियुक्त गरिएका सामाजिक परिचालकहरुको प्रगतिको अनुगमन समन्वय तथा सुपरिवेक्षण गरी फिल्डस्तरमा भएका काम कार्वाहीको अभिलेख राखी डिभिजनल वन अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने कार्यका लागि डिभिजन सुपरभाईजर प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण भएको हुनु पर्नेछ तर १० वर्ष भन्दा बढी कबुलियती वनमा सामाजिक परिचालक वा डिभिजन सुपरभाईजर भई काम गरेको हकमा (एस.एल.सी. वा सो सरहको परिक्षा उत्तीर्ण गरेको) सेवा करारमा लिन यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ। सम्भव भएसम्म कबुलियती वन समूहका सदस्यहरुको परिवारबाट डिभिजन सुपरभाईजर नियुक्ति गर्नु पर्नेछ।प्रदेश सरकारको प्रचलित आर्थिक ऐन नियम बमोजिम राख्नुपर्ने मासिक कार्यसम्पन्न प्रतिवेदन र हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नु पर्नेछ। साथै मासिक प्रतिवेदनको आधारमा बागमती प्रदेश सरकारको सहायकस्तर चौथो सरहको पारिश्रमिक भुक्तानी गरिनेछ। डिभिजन सुपरभाइजरको कार्य विवरण निम्न बमोजिम हुनेछः

- कबुलियती वन समूह, डिभिजन वन कार्यालय, पशु सेवा कार्यालय तथा स्थानीय तहको पशु सेवा शाखा लगायत अन्य निकायको बिचमा सम्बन्ध कायम गर्ने,
- सामाजिक परिचालकको कार्यको अनुगमन तथा निरीक्षण गर्ने,
- सामाजिक परिचालकलाई परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,
- डिभिजन वन कार्यालय र जिल्ला स्थित अन्य कार्यालयबाट समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालिम तथा प्रचारप्रसार कार्यमा सहयोग गर्ने,
- सामाजिक परिचालक मार्फत कबुलियती वन समूहको अनुगमन गर्नमां डिभिजन वन कार्यालयलाई सहयोग गर्ने,



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- समूहमा आबद्ध विशेष गरी महिला र दलितहरुलाई आवश्यक सरकारी कागजात, प्रमाणपत्रहरु दिलाउन सहयोग गर्ने,
- सामाजिक परिचालनको कार्यमा मार्गदर्शक बनेर आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने।

**ख. कबुलियती वनको नियमित बैठक तथा पोष्ट फर्मेसनका लागि सामाजिक परिचालन सेवा समूह (परिचालनको अनुदान सहयोग प्रति जिल्ला ८ जना कार्यसम्पादनको आधारमा मासिक प्रगति अनुसार)**

लक्षित समूहहरु मध्येबाट उनीहरुले नै संस्थागत रुपमा छानेका महिला समूह परिचालकहरु (लेखपढ गर्न सक्ने) नै सामाजिक परिचालनका संवाहक हुनेछन्। डिभिजन वन कार्यालयले बढिमा ८ जना सामाजिक **परिचालकहरुसँग नियमानुसार अग्रीम सम्झौता गरी** मासिक प्रतिवेदनको आधारमा मासिक पारिश्रमिक रु. २०,०००।–(अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउनु पर्नेछ। साविकमा काम गरी आएका सामाजिक परिचालकहरुको काम सन्तोषजनक नभएमा डिभिजनल वन अधिकृतले नयाँ सामाजिक परिचालकहरु छनौट गरी नियुक्त गर्न सक्नेछ। सामाजिक परिचालकको कार्य विवरण निम्न बमोजिम हुनेछः

- कबुलियती वन समूह, डिभिजन वन कार्यालय/सब डिभिजन वन कार्यालय स्थानीय तह लगायतका विषयगत कार्यालयको बीचमा समन्वय गर्ने गराउने
- समूह गठनका लागि परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,
- बैठक व्यवस्थापन गर्न कबुलियती वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, अभिलेख राख्ने, बचत गर्ने र वातावरण संरक्षण तथा सरसफाई बारे समूह सदस्यलाई ज्ञान दिने,
- डिभिजन वन कार्यालय/सब-डिभिजन वन कार्यालयसँग समन्वय गरी समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालिम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,
- आफ्नो कार्यक्षेत्रका सबै कबुलियती वन समूहको बैठकमा भाग लिने,
- कबुलियती वन समूहको अनुगमन कार्यमा सब डिभिजन वन कार्यालयलाई सहयोग गर्ने,
- विशेष गरी महिला र दलितहरुलाई सरकारी कागजात, प्रमाणपत्रहरु दिलाउन आवश्यक सहयोग गर्ने,
- साधारण लेखपढ गर्न नजान्ने सदस्यलाई प्रौढ शिक्षामा सहभागी गराउने र नेतृत्व विकासका लागि समूहको मानव संशाधनको विकास गराउने,
- डिभिजन वन कार्यालयको नियमित मासिक बैठकमा सम्भव भएसम्म सहभागी हुने,
- समूहले पाउने सहयोगको बारेमा डिभिजन/सब डिभिजन वन कार्यालयबाट जानकारी लिई सोही बमोजिम समूहलाई जानकारी गराउने,
- अन्यको हकमा मार्गदर्शनमा उल्लेख भए बमोजिम हुनेछ।



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

ग. कबुलियती वनको लागि प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायकबाट)

डिभिजन वन कार्यालयमा नयाँ कबुलियती वन समूह गठन कार्ययोजना र जिविकोपार्जन योजना तयारी तथा नवीकरण, स्थापित संस्थालाई प्राविधिक सहयोग लगायत डिभिजन वन कार्यालयको कबुलियती वन कार्यक्रम सञ्चालनमा कम्तीमा वन विज्ञानमा प्रविणता प्रमाण पत्र वा सो सरहको योग्यता पुगेको प्राविधिक सहायक (रेञ्जर) सेवा करारमा लिन यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ। साविकमा काम गरी आएका वन प्राविधिक सहायकको काम सन्तोषजनक नभएमा डिभिजनल वन अधिकृतले नयाँ वन प्राविधिक सहायक छनौट गरी नियुक्ति गर्न सक्नेछ। प्रदेश सरकारको प्रचलित आर्थिक ऐन नियम बमोजिम राख्नुपर्ने मासिक कार्यसम्पन्न प्रतिवेदन र हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नुपर्नेछ। साथै मासिक प्रतिवेदनको आधारमा बागमती प्रदेश सरकारको सहायकस्तर पाँचौ सरहको मासिक पारिश्रमिक भुक्तानी गर्नु पर्नेछ।

घ. कबुलियती वनको लागि कोष परिचालन सुपरिवेक्षण (बित्त सहायकबाट)

डिभिजन वन कार्यालयमा कबुलियती वन समूहको सञ्चालन, बचत,ऋण परिचालन, बैठक सञ्चालन, माईन्युट लेखन, प्रतिवेदन समन्वय लगायतका कार्यका लागि डिभिजन वन कार्यालयको कबुलियती वन कार्यक्रम सञ्चालनमा वाणिज्य/लेखा वा सो सरहको विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको व्यक्तिलाई सेवा करारमा लिन यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ। साविकमा काम गरी आएका बित्त सहायकको काम सन्तोषजनक नभएमा डिभिजनल वन अधिकृतले नयाँ बित्त सहायक छनौट गरी नियुक्ति गर्न सक्नेछ। सम्भव भएसम्म कबुलियती वन समूहका सदस्यहरुको परिवारबाट बित्त सहायक नियुक्ति गर्नु पर्नेछ। प्रदेश सरकारको प्रचलित आर्थिक ऐन नियम बमोजिम राख्नुपर्ने मासिक कार्य सम्पन्न प्रतिवेदन र हाजिरी लगायतका आवश्यक कागजात समावेश गर्नु पर्नेछ। साथै मासिक प्रतिवेदनको आधारमा सहायकस्तर पाँचौ सरहको पारिश्रमिक भुक्तानी गरिनेछ। बित्त सहायकको जिम्मेवारी देहाय बमोजिम हुनेछः

- कबुलियती वन समूहमा वचत र ऋण प्रवाह गर्ने क्रियाकलापहरुमा संलग्न हुने सामाजिक परिचालकहरुलाई तालिम दिने र सहायता गर्ने।
- कबुलियती वन समूहहरुको वार्षिक विवरणहरुको लेखा परीक्षण प्रतिवेदन तयार गर्न सहयोग गर्ने।
- कबुलियती वन समूह तथा क्लस्टरका पदाधिकारीहरुलाई सुशासन, व्यवस्थापन, प्रशासन र सदस्यमा आधारित संस्थाको अभिलेख व्यवस्थापन विषयहरुमा तालिम दिने र सल्लाह दिने।
- गठन भएका सहकारीहरुको अभिलेख व्यवस्थापनको लागि सघन रुपमा मार्गदर्शन प्रदान गर्ने।
- सहयोग गरिएका वित्तिय संस्थाको वार्षिक हिसाब तयार गर्न सहायता गर्ने।
- अन्य सदस्यमा आधारित वित्तिय संस्थाहरुका सञ्चालकहरुसँग अनुभव आदान प्रदान गर्ने र सम्बन्ध बिस्तार गर्ने।
- आफ्ना क्रियाकलापहरुको कार्यान्वयन प्रगतिको अनुगमन गर्ने।



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रमुख सचिव

- वचत तथा ऋण प्रवाह गर्ने समूह र वित्तिय संस्थाका मुख्य उपलब्धीका तथ्याङ्कहरुको विश्लेषणको आधारमा अनुगमन पद्धतिको स्थापना गरी सञ्चालन गर्ने।
- वार्षिक रुपमा भएको कार्यान्वयन प्रगति र प्रभावको समीक्षा गर्ने।
- प्रत्येक त्रैमासिक र वार्षिक प्रतिवेदन डिभिजन वन कार्यालय र वन निर्देशनालयमा पेश गर्नुपर्नेछ।

## २५. कबुलियती वन विकास तथा प्रवर्धन कार्यक्रम

यो कार्यक्रम कबुलियती वनमा उन्नत जातका घाँस खेती, जडिबुटी तथा गैहकाष्ठ वन पैदावार खेती, फलफूल खेती, नगदेवाली तथा छिटो वढ्ने प्रकारका वनजन्य प्रजाति रोपण संरक्षण र व्यवस्थापनका लागि खर्च गर्न सकिनेछ।

## २६. चेपाङ, चिउरी र चमेरो संरक्षण कार्यक्रम

यो कार्यक्रम चिउरीको संरक्षण तथा व्यवस्थापन मार्फत चमेरोको बाँसस्थान संरक्षणमा टेवा पुऱ्याउने र चेपाङ समुदायको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले राखिएको हो। यो कार्यक्रमबाट चिउरीको प्रयोग गरी चेपाङ समुदायको आयआर्जन वृद्धि गर्न क्रियाकलापहरु सञ्चालन गर्ने, चिउरीको वृक्षारोपण गर्ने, पुनरुत्पादन संरक्षण तथा व्यवस्थापनका विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ। यो कार्यक्रम वन समूह तथा स्थानीय जनप्रतिनिधिहरुको समन्वय र सहयोगमा गर्नु पर्नेछ।

## २७. घाईते तथा टुहुरा वन्यजन्तु उद्धार तथा व्यवस्थापन सम्बन्धी

मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरी सहअस्तित्व कायम गर्न घाईते तथा टुहुरा वन्यजन्तु उद्धार तथा व्यवस्थापन गर्नु यो कार्यक्रमको उद्देश्य हो। यो शीर्षकमा विनियोजन भएको रकमबाट उद्धार सामग्री, आहारा, औषधि औजार खरिद, वन्यजन्तु उद्धार टोली परिचालन, केज वा खोर निर्माण/मर्मत, उद्धार टोलिका लागि फिल्ड गियर खरिद लगायतमा खर्च गर्न सकिन्छ। यो कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- घाईते तथा टुहुरा वन्यजन्तु उद्धारका लागि सामग्री,आहारा, इन्धन आदि खरिद
- वन्यजन्तु उद्धार, परिचालन तथा व्यवस्थापन (Rescue and handling) सामग्री खरिद
- वन्यजन्तु उद्धार उपचार तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयन
- वन्यजन्तु उद्धारको लागि र्‍यापिड रेस्पोन्स टीम (Rapid Response Team- RRT) परिचालन
- वन्यजन्तुको औषधी तथा आहार खर्च
- उद्धार टोलीको लागि फिल्ड गियर खरिद
- बिगतमा खरिद भएका तथा पुराना वन्यजन्तु उद्धारका लागि सामग्री मर्मत (नेट, portable केज, आदि

## २८. वन विज्ञान अध्ययन संस्थान हेटौंडाको संग्रहालय स्तरोन्नति

त्रिभुवन विश्वविद्यालय वन विज्ञान अध्ययन संस्थान हेटौडाको परिसरमा रहेको संग्रहालयको स्तरोन्नतिका लागि अध्ययन संस्थानसँग **Memorandum of Understanding** गरी कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो। यस कार्यक्रम G2G (Government-to-Government) Model बाट वन विज्ञान अध्ययन संस्थान



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

हेटौडासँगको समन्वयमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गरिनेछ। यो कार्य सञ्चालन पूर्व र सञ्चालन पश्चातको फोटो समावेश गर्नु पर्नेछ।

### २९. फिल्डस्तरमा हुनसक्ने जोखिमका लागि तत्काल उद्धार खर्च

कर्मचारीहरुलाई फिल्डमा काम गर्ने क्रममा दुर्घटना भएमा वा आकस्मिक रुपमा स्वास्थ्य समस्या आईपरेमा प्राथमिक उपचार र तत्काल उद्धारका लागि यो क्रियाकलाप समावेश गरिएको हो। यसमा बिनियोजन भएको रकम घटनास्थलमा हुने प्राथमिक उपचार, घटनास्थलबाट तत्काल उद्धार गरी उपचार हुने स्थल/अस्पतालसम्म जाने सवारी साधन (हेलिकप्टर, एम्बुलेन्स आदि) भाडामा खर्च गर्न सकिनेछ।

### ३०. गत आ.व. मा पूरानो लौठसल्लाको जिन (आनुबंशिक गुण) संरक्षण कार्यक्रम निरन्तरता बेथानचोक ४

बेथानचोक ४, काभ्रेपलाञ्चोकमा रहेको करिव ३०० वर्ष पुरानो लौठसल्लाको रुखको संरक्षणका लागि यो कार्यक्रम राखिएको हो। यस शीर्षकमा विनियोजित रकमबाट घेराबार, पर्खाल निर्माण, बीउ संकलन, प्रसारण, अभिलेख सहितको होर्डिङ्ग बोर्ड तयारी लगायतका अन्य आवश्यक कार्यहरु गर्न सकिनेछ।

### ३१. वृद्धि मापन प्लट स्थापना तथा सञ्चालन

यो कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयका कर्मचारी र उपभोक्ता समूहका सदस्यहरु परिचालन गरी वन क्षेत्रको वृद्धि मापनका लागि अनुसन्धान प्लट स्थापना/बिगतमा स्थापना भएका वृद्दिमापन प्लटहरुको व्यवस्थापन गरिने छ। वृद्धि मापन प्लट सञ्चालनका लागि अनुसन्धानको Protocal र लागत अनुमान तयार गरी बिगतमा स्थापना भएका वृद्दि मापन प्लटहरुको मापन, अभिलेख प्रविष्टि तथा व्यवस्थापन र सञ्चालनका लागि खर्च गर्न सकिनेछ।

यो कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु गर्न सकिन्छ।

- गत आ.व. मा सामुदायिक वनमा निर्माण गरिएको वृद्दि मापन प्लटको साल, सिसौं, सल्ला, वाझ लगायतको वृद्धि मापन

### ३२. कबुलियती वन उपभोक्ता समूहमा जीविकोपार्जन सुधार कार्यक्रम

कबुलियती वन समूह सदस्यहरुको आयआर्जन बढाउने, सीप विकास गर्ने र वनश्रोतको दिगो प्रयोग सुनिश्चित गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो।यो कार्यक्रम अन्तर्गत स्थान अनुकुल फलफूल/मूल्यवान वनजन्य/जडिबुटी/घाँस प्रजातिका बिरुवाहरु खरिद तथा रोपण, मौरीपालनमा सहयोग, बाँस/काठको हस्तकला, फर्निचर, डोका-टोकरी निर्माण, सीप विकास तालिम/व्यवसायिक पशुपालन सम्बन्धी तालिम लगायतका अन्य आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

यो कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु गर्न सकिन्छ।

- कबुलियती वन समूहका सदस्यहरुका लागि जिविकोपार्जन सुधार योजना कार्यान्वयन
- कबुलियती वन समूहमा जिविकोपार्जन तथा आयआर्जनको लागि मौरी घार वितरण (एकै क्लष्टरमा)



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

३३. कबुलियती वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन

यस कार्यक्रम अन्तर्गत जिल्लामा गठन भएका कबुलियती वन समूहको अनुगमन तथा मूल्याङ्कन गर्ने र सो बाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयारी तथा छपाई गर्ने कार्यमा डिभिजन वन कार्यालयले लागत अनुमान तयार गर सब डिभिजन वन कार्यालयका कर्मचारीहरु मार्फत् कार्यान्वयन गर्नुपर्नेछ। यस शीर्षकमा विनियोजन भएको रकम अनुगमन कार्यमा फिल्डमा खटिने कर्मचारीहरुलाई खाजा खर्च, मसलन्द, अनुगमन फर्मेट छपाई तथा प्रतिवेदन तयारी गर्ने र छपाई गर्ने कार्यमा खर्च गर्न सकिनेछ।

यो कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु गर्न सकिन्छ।

- सामुदायिक वन र कबुलियती वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन

३४. दिगो वन व्यवस्थापन तथा कार्ययोजना तयारी र कार्यान्वयन

यस कार्यक्रम अन्तर्गत दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ अनुसार सामुदायिक वनहरुको वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी गरिनेछ। साथै वन व्यस्थापन कार्ययोजनाको म्याद समाप्त भएको सामुदायिक वनहरुको दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ अनुसार पुनरावलोकन तथा नवीकरणका लागि समेत खर्च गर्न सकिनेछ। यस कार्यक्रममा विनियोजित रकमबाट वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी/परिमार्जनका लागि वन तथा भू संरक्षण मन्त्रालयको स्वीकृत वन, वनस्पति, वन्यजन्तु तथा भू संरक्षण सम्बन्धी विकास निर्माण कार्यक्रमका लागि दर विश्लेषण नर्मस, २०७० बमोजिम लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ। वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारीका लागि कार्यालयमा उपलब्ध मानवीय श्रोत नभएको अवस्थामा प्रचलित सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए बमोजिम सेवा प्रदायक मार्फत कार्य सञ्चालन गर्न सकिनेछ। यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- दिगो वन व्यवस्थापन कार्यविधि अनुसार सामुदायिक वनको कार्ययोजना तयारी सहयोग

३५. भिमफेदीस्थित हात्तीसार संग्रहालय सञ्चालन/सौन्दर्यकरण तथा पूर्वाधार निर्माण

यस कार्यक्रममा विनियोजित बजेट उक्त संग्राहालयको योजना बमोजिम सौन्दर्यकरण तथा पूर्वाधार निर्माण काममा खर्च गर्न सकिनेछ। पूर्वाधार निर्माण गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ। साथै हात्तीसार संग्रहालय सञ्चालनका लागि आवश्यक विजुली, पानी महशुल, मर्मत सम्भार खर्च, संग्राहालय हाताको सरसफाई लगायतमा हुने खर्च समेत यसै शीर्षकबाट खर्च गर्न सकिनेछ। सौन्दर्यकरण तथा पूर्वाधार निर्माण अघि र पछिको तस्विर अनिवार्य कार्य सम्पादन प्रतिवेदनमा समावेश गरेको हुनुपर्नेछ।

३६. कबुलियती वन सदस्यहरुको करेसाबारीमा तरकारीको बीउविजन वितरण कार्यक्रम (२०० घरधुरीलाई)

यो कार्यक्रम कबुलियती वन समूहका सदस्यहरुलाई वनको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनमा प्रोत्साहन गर्ने उद्देश्यले राखिएको हो। यस कार्यक्रम अन्तर्गत कबुलियती वन समूहका सदस्यहरुलाई उनीहरुको मागको आधारमा सहकार्य गरी सिजन अनुसारको तरकारीको बीउ विजन खरिद तथा वितरण गर्नुपर्नेछ। वितरण गरिएको कबुलियती वन सदस्यहरुको घरधुरी, नाम, ठेगाना, वितरण गरिएको तरकारीको बीउको प्रकार र परिमाण समेतको विवरण सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ।



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

३७. दिगो वन व्यवस्थापन कार्ययोजना अनुसार काठ/दाउरा उत्पादन

सामुदायिक वन उपभोक्ता समूहले दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम काठ, दाउराको संङ्कलन गर्दा आवश्यकताका आधारमा यस शीर्षकमा बिनियोजित रकम खर्च गर्न सकिनेछ। आफ्नो श्रोत साधनबाट सामुदायिक वनको कार्ययोजना बमोजिम काठ दाउरा संकलन गर्न नसक्ने सामुदायिक वन उपभोक्ता समूहका लागि प्रस्ताव पेश गर्न डिभिजन वन कार्यालयले मंसिर मसान्त भित्र १५ दिने सार्वजनिक सूचना अनिवार्य रुपमा प्रकाशित गर्नुपर्नेछ। प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट भएका सामुदायिक वन उपभोक्ता समूहसँग प्रचलित कानून बमोजिम सम्झौता गरी संकलन खर्च उपलब्ध गराउन सकिनेछ। यस कार्यक्रम अन्तर्गत सङ्कलन भएको काठ, दाउराको बिक्री पश्चात संङ्कलन खर्च प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ। कार्यक्रम सम्पन्न भएपछि कार्य सञ्चालन भएको समूहको नाम र ठेगाना, काठ दाउराको परिमाण, ठेक्का तथा अमानतको विवरण, सञ्चालित क्रियाकलापको फोटो, उपभोक्ता समितिको निर्णय लगायतका खर्च बिलभरपाई संलग्न गरी पेश गर्नुपर्नेछ। साथै यसको प्रतिवेदन मन्त्रालय/निर्देशनालयमा पेश गर्नुपर्नेछ।

३८. स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुबाट वन/वातावरण विषयसँग सम्बन्धित मन्त्रालयले तोकेका विषयमा अध्ययन अनुसन्धानका लागि **Research Grant**

बागमती प्रदेशमा अध्ययन अनुसन्धान क्षेत्र बनाएका स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययनरत १० जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी बढीमा एक लाखसम्म वन संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन, प्रदूषण तथा फोहरमैला नियन्त्रण, रेड प्लस, वातावरणीय सेवा भुक्तानी, जडिबुटी, जैविक विविधता, भू तथा जलाधार क्षेत्र व्यवस्थापन लगायत वन तथा वातावरणसँग सम्बन्धित अन्य विषयहरुमा अध्ययन अनुसन्धान गरी शोधपत्र तयार गर्न यस शीर्षकको रकम खर्च गर्न सकिनेछ। यसबाट विद्यार्थीको शोधपत्र तयार गर्ने कार्यमा पनि सहयोग हुने र मन्त्रालयको कार्यक्षेत्रमा समेत सहयोग पुग्ने र प्राप्त तथ्याङ्क एवं प्रतिवेदनले मन्त्रालयको योजना तर्जुमामा समेत सहयोग पुग्ने अपेक्षा लिईएकोछ। यसको लागि मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्न तपसिल बमोजिमको एक प्राविधिक समिति रहनेछ। सो समितिले मूल्याङ्कनको मापदण्ड तयार गरी सोधकर्ताहरुबाट प्राप्त हुन आएका प्रस्तावहरुको छनौट तथा मूल्याङ्कन गरी स्वीकृतिको लागि पेश गर्नुपर्नेछ। छनौट भएका विद्यार्थीलाई बढीमा दुई किस्तामा रकम उपलब्ध गराइनेछ।

<u>तपसिल</u>

संयोजक : योजना महाशाखा प्रमुख, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

सदस्य : प्रतिनिधि, विश्वविद्यालय

सदस्य : लेखा अधिकृत, वन तथा वातावरण मन्त्रालय

सदस्य सचिव : वरिष्ठ वन अधिकृत, योजना शाखा, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

३९. वन विज्ञान विषयमा स्नात्तक तह अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुका लागि इन्टर्नशिप

बागमती प्रदेशमा सञ्चालित त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थानबाट र कृषि तथा वन विश्वविद्यालय, वन संकायमा स्नातक तहको अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन संस्थानहरुसँग



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

**Memorandum of Understanding** गरी ईन्टर्नसिप गर्न यस शीर्षकको रकम खर्च गरिनेछ। ईन्टर्नसिप गर्ने विद्यार्थीको छनौट सम्बन्धित विश्वविद्यालयले गर्नेछ। ईन्टर्नसिप गर्न आएका विद्यार्थीहरुलाई खटिएको निकाय/महाशाखाबाट भुक्तानीको लागि सिफारिस भई आए पश्चात बढीमा ४ महिनाको लागि मन्त्रालयबाट निर्धारण भए बमोजिमको रकम खाना तथा खाजा खर्च बापत भुक्तानी दिईनेछ।

## ४०. वन सम्वर्द्धन कार्य समूह गठन तथा सञ्चालन

दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ अनुसार वन सम्वर्द्धन सम्बन्धी (Silviculture) को प्राविधिक विषयमा नीतिगत र प्राविधिक पृष्ठपोषणका लागि मन्त्रालयबाट गठित वन सम्वर्द्धन कार्य समूह (**Silviculture Working Group**) सञ्चालन गरिनेछ। यस शीर्षकमा विनियोजित बजेट स्वीकृत लागत अनुमान बमोजिम कार्य समूहको बैठक भत्ता, खाजा/खाना, फिल्ड अनुगमनको दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन खर्च, प्रतिवेदन लेखन लगायत शीर्षकमा खर्च गर्न सकिनेछ। कार्यक्रम समपन्न गरे पश्चात कार्यसमूहको बैठकको माइन्युट, स्थलगत निरिक्षणको प्रतिवेदन, तस्बिरहरु समावेश गरी प्रतिवेदन पेश गर्नुपर्नेछ।

## ४१. नर्सरीमा मौज्दात रहेको महत्वपूर्ण प्रजातिका बहुवर्षीय बिरुवाको तयारी तथा व्यवस्थापन

यस शीर्षकमा विनियोजित रकम डिभिजन वन कार्यालयहरुको नर्सरीमा मौज्दात रहेको महत्वपूर्ण बहुवर्षीय प्रजातिका बिरुवाहरुको संरक्षण एवं व्यवस्थापन कार्यको लागि खर्च गर्न सकिनेछ। कार्य सञ्चालन गर्दा नर्सरीमा मौज्दात रहेको बिरुवाहरुको प्रजाति, संख्याको विवरण सहित प्रतिवेदन तयार गर्नुपर्नेछ।

## ४२. वार्षिक प्रगती पुस्तिका प्रकाशन (समग्र वन तथा क्षेत्रको वस्तुस्थिती झल्कने गरी)

जिल्लास्थित समग्र वन, वन्यजन्तु तथा वातावरण क्षेत्रको अद्यावधिक तथ्याङ्क (वन व्यवस्थापन पद्धति- सा.व./क.व./धार्मिक वन/निजी वन/राष्ट्रिय वन आदि, सम्पादित सम्पूर्ण विकास कार्यक्रमहरुको कार्यप्रगति, बस्तुगत प्रगति विवरण (वन पैदावार उत्पादनको विवरण र प्राप्त आम्दानी, बेरुजुको विवरण, मुद्दाको विवरण, अतिक्रमणको विवरण, वन्यजन्तु उद्धार र राहत वितरण, भोकाधिकारको लागि दिईएको वन क्षेत्र र खालि गरिएको जग्गाको विवरण, कार्यालयको सम्पतिको विवरण) लगायत अन्य तथ्याङ्क सङ्कलन गरी वार्षिक प्रगति पुस्तिका प्रकाशन गर्नुपर्नेछ। प्रकाशित पुस्तिकाको डिजिटल कपी सम्बन्धित कार्यालयको आधिकारीक बेवसाईट मा अपलोड गर्नुपर्नेछ। साथै उक्त प्रकाशित पुस्तिकाको प्रमाणित डिजिटल कपी निर्देशनालय र मन्त्रालयमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

**यसमा अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछन् :**

- वार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन
- वार्षिक प्रगति पुस्तिका प्रकाशन
- कार्यालयको वार्षिक प्रगति पुस्तिका प्रकाशन

## ४३. वन बीउ स्टयान्ड स्थापना, सञ्चालन तथा व्यवस्थापन

बिगतमा विभिन्न जिल्लाहरुमा स्थापना भएका Seed Stand/Seed Orchard हरुबाट वनजन्य रुख एवं बहुउपयोगी प्रजातिको गुणस्तरयुक्त बीउ उत्पादन गर्न र त्यस्ता बीउको स्रोतको संरक्षण गर्न स्थापना गरिएका Seed Stand/Seed Orchard हरुको संरक्षण एवं सुधार गर्न तथा Seed Stand नभएका जिल्लामा स्थापना गर्न समेतको



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

लागि यो कार्यक्रम राखिएको छ। यस शीर्षक अन्तर्गत विनियोजित रकम Seed Stand को व्यवस्थापन/स्थापनाको लागि रुखको नक्साङ्कन गरी माउ रुख छनौट, परिपक्व माउ रुख भएको अवस्थामा बीउ संलन, Seed Stand/Seed Orchard को लागि क्षेत्र छनौट, झाडी सफाई, कमसल (Inferior)खालका रुखहरु हटाउने, डिजाईन, ले-आउट, फेन्सिङ, ट्यागिङ, वृक्षारोपण, हेरचाह, अनुगमन, होर्डिङ्ग बोर्ड निर्माण र स्थापना एवं त्यस्तो कार्यमा खटिने कर्मचारीको लागि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता लगायतका क्रियाकलापमा खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् प्रतिवेदनमा सञ्चालन भएको कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको बिल भरपाई, माउरुखहरुको विस्तृत विवरण, GIS नक्शा सहितको Seed Stand व्यवस्थापन/स्थापनाको विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ। यो कार्य डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालय अन्तर्गतका प्राविधिक कर्मचारीको सहयोग र सहजीकरणमा सम्पन्न गरिनेछ। कार्यक्रम सञ्चालन भएको स्थानमा सो सम्बन्धी सम्पूर्ण विवरण सहितको कम्तीमा ३'x ५'होर्डिङ्ग बोर्ड निर्माण गर्नुपर्नेछ। Seed Stand बाट सङ्कलन गरिएको बीउको Viability कायम हुने गरी सुरक्षित भण्डारण गर्नुपर्नेछ। उत्पादित बीउको परिमाण र वितरित विवरण वन निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ। यो कार्यको अनुगमन कार्यालय प्रमुख वा निजले खटाएको अधिकृत स्तरको प्राविधिक कर्मचारीबाट गर्नुपर्नेछ।

**Seed Stand बाट बीउ सङ्कलनको रिपोर्टिङ्ग Format**

| सि नं | जिल्ला | नाम, ठेगाना र जि.पि.एस. लोकेशन | क्षेत्रफल | माउ रुख संख्या | माउ रुखको गोलाई/ उचाई | प्रजाति | सङ्कलित वीउको परिमाण | सङ्कलन गर्दा लागेको श्रमदिन | वितरण गरिएको भए वितरीत परिमाण/ पठाईएको निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

यसमा अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछन्।

- बहुमुल्य प्रजातिको साविकको बीउ स्टयाण्डको व्यवस्थापन गरी बीउ संकलन र भण्डारण (कम्तीमा ०.५ हे)
- बहुमुल्य प्रजातिको बीउ स्टयाण्ड व्यवस्थापन तथा बीउ सङ्कलन

### ४४. मेशिनरी औजार खरिद/वितरण/कार्य सञ्चालन

वन, वन्यजन्तु तथा वनस्पतिको संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने उपयोगी सामग्री/साधन/ मेशिन/औजार/उपकरण खरिद/वितरण/कार्यसञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो। कार्यक्रमको उद्देश्यसँग औचित्य पुष्टि हुने सामग्री/साधन/मेशिन/औजार/उपकरण साथै विद्युतीय मेसिनरी खरिद तथा सोको जडान कार्यमा लाग्ने खर्चसमेत यसै बजेट शीर्षकबाट खर्च गर्न सकिनेछ। प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्नु पर्नेछ। यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका र समान प्रकृतिका कार्यक्रमहरु गर्न सकिनेछ:

- वन व्यवस्थापन सम्बन्धी मेशीनरी औजार तथा उपकरण खरिद



बागमती प्रदेश सरकार
भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

- वातावरणीय अनुगमनका लागि आवश्यक मेशीनरी औजार तथा उपकरण खरिद
- कार्यालय सञ्चालनसँग सम्बन्धित मेशीनरी औजार(GPS, D Tape, Range Finder etc) खरिद

### ४५. नर्सरी निर्माण/मर्मत/सुधार/स्तरोन्नती

डिभिजन वन कार्यालय/सब-डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयमा स्थापना भएका नर्सरीको मर्मत तथा स्तरोन्नती गर्नका लागि यो कार्यक्रम राखिएको हो। यो कार्यक्रमको लागि अन्य स्रोतहरु भएमा दोहोरो नपर्ने एकिन गरी लागत अनुमान तयार गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। दोश्रो त्रैमासिक भित्र नर्सरी मर्मत/सुधार/स्तरोन्नती गरिसक्नु पर्नेछ। नर्सरीमा सिंचाईको स्थायी व्यवस्था, हरेक वेडमा छहारी तथा ट्यागिङ, नर्सरी सुरक्षाको लागि स्थायी तारबार वा पर्खाल, ओभरहेड पानी टङ्की, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा सिंचाईका लागि पाईप जडान गरी स्प्रिङकलको व्यवस्था, विद्युतको व्यवस्था लगायत पूर्वाधार निर्माण एवं मर्मतका कार्यहरु गर्न सकिनेछ। बहुवर्षीय बिरुवा उत्पादन गर्नको लागि उपयुक्त संरचनाको व्यवस्था मिलाउनु पर्नेछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी बिस्तृत विवरण सहितको होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ। यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका कार्यक्रम गर्न सकिनेछ:

- शहरी वन नर्सरी स्थापना
- स्थायी वन नर्सरी मर्मत तथा स्तरउन्नती
- सब-डिभिजनस्तरमा नर्सरी निर्माण
- डिभिजन वन कार्यालयको नर्सरी मर्मत/सुधार/स्तरउन्नती (नर्सरी सेड हाउस निर्माण समेत)
- जिरी वन नर्सरी मर्मत, सुदृढीकरण
- ऐतिहासिक पाल्लेपानी नर्सरीमा तारबार सहितको कम्पाउण्ड निर्माण तथा मर्मत
- भू तथा जलाधार व्यवस्थापन कार्यालयको नर्सरी मर्मत स्तरउन्नती/सुधार
- सब-डिभिजन वन कार्यालयमा नर्सरी निर्माण

### ४६. बिरुवा उत्पादन/मौज्दात बिरुवा संरक्षण

डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयमा रहेको नर्सरीमा बिरुवा उत्पादन गरी वितरण गर्न यो कार्यक्रम प्रस्ताव गरिएको छ। उत्पादित बिरुवा वितरण गर्दा सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, शहरी वन तथा उद्यान, सडक किनार, निजी वनहरुमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न प्राथमिकता दिईनेछ। बिरुवा उत्पादन गर्दा तपसिलमा उल्लेखित मार्गदर्शनलाई अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

- नर्सरीमा बिरुवा उत्पादन गर्दा गत आ.व. मा बढी माग भएको प्रजाति, भूगोल तथा स्थानीय हावापानी सुहाउँदो एवं व्यवसायिक महत्वका बिरुवालाई ध्यान दिई जात, संख्या र साइज खुल्ने गरी बिरुवा उत्पादन योजना तयार गर्नुपर्नेछ। सो गर्दा बिरुवाको प्रकृति अनुसार बिरुवा तयार हुन आवश्यक अवधिका आधारमा उपयुक्त साईजको पोलिब्यागमा उत्पादन गर्नुपर्नेछ।
- गुणस्तरयुक्त तथा स्थानीयस्तरमा सफल भएका रुखबिरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ।

नि. प्रदेश सचिव

- कार्यदिशमा कुन कुन प्रजातिको बहुवर्षीय वा एकवर्षीय बिरुवा के उत्पादन गर्ने हो ? सो को एकिन गरी सोही बमोजिम बिरुवा उत्पादन गर्नु पर्नेछ।
- उत्पादन हुने बिरुवा समुदायमा आधारित वन, सरकारद्वारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा वृक्षारोपण, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रम तथा सर्वसाधारणहरुलाई निजी वृक्षारोपणका लागि प्राथमिकताका आधारमा वितरण गरिनेछ।
- उत्पादित बिरुवा वितरण गर्दा बिरुवा लैजाने व्यक्ति/समूह/संस्थाको नाम ,ठेगाना र सम्पर्क नं. समेतको रजिष्टर खडा गरी अभिलेख राख्नु पर्नेछ। वितरित बिरुवा १०० भन्दा बढी भएको खण्डमा वृक्षारोपण गरिने क्षेत्र/स्थानको बिस्तृत विवरण सहितको कागजात पेश गरी मात्र बिरुवा वितरण गर्नु पर्नेछ। साथै वृक्षारोपण गरिएको क्षेत्र/स्थानको बिस्तृत विवरण अद्यावधिक गरेर राख्नुपर्नेछ।
- बिरुवा उत्पादनको प्रतिवेदनमा नर्सरी रहेको स्थान, क्षेत्रफल, क्षमता, GPS लोकेशन, जात, उमेर अनुसार बिरुवा संख्या, फोटो, बीउको श्रोत, वितरण/उपयोग रजिष्टर, रोजगारी सृजना लगायतका विवरण राख्नुपर्नेछ।
- स्वस्थ र गुणस्तरीय बिरुवा मात्र वितरण गर्नुपर्नेछ।
- बिरुवा उत्पादन गर्दा अघिल्लो आ.व. सम्मको मौज्दात, चालु आ.व. को उत्पादन, वितरण र रोपण गरिएको मुख्य-मुख्य क्षेत्र/स्थान उल्लेख भएको समष्टिगत विवरण तयार गरी निर्देशनालयमा पेश गर्नुपर्ने र सो को विवरण सम्बन्धित कार्यालयले अनिवार्य रुपमा वेवसाईट मार्फत प्रकाशन गर्नुपर्नेछ।

**यस कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रम गर्न सकिनेछः**

- बिरुवा उत्पादन (वन प्रजाति, जडिबुटी, अर्नामेन्टल लगायत सबै),
- नर्सरीमा मौज्दात रहेको महत्वपूर्ण प्रजातिका बहुवर्षीय बिरुवाको तयारी तथा व्यवस्थापन,
- बहुवर्षीय बिरुवा उत्पादन,
- बिरुवा उत्पादन (वन्यजन्य/जडिबुटी तथा गैह्रकाष्ठ/फलफूल/सौन्दर्यमुलक/बायो ईन्जिनियरीङ बिरुवा),
- रुविभ्यालीमा उच्च क्षेत्रमा हुने जडिबुटी नर्सरी स्थापना र बिरुवा उत्पादन,
- सब-डिभिजन वन कार्यालयमा बिरुवा उत्पादन,
- नर्सरीमा मौज्दात रहेका बिरुवाहरुको संरक्षण तथा व्यवस्थापन।

## ४७. बिरुवा खरिद/खेती विस्तार/वृक्षारोपण

यस शीर्षक अन्तर्गतको कार्यक्रम सञ्चालन गर्दा तपसिलमा उल्लेखित मार्गदर्शनहरुलाई अनुसरण गरिनेछ।

- डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयले वार्षिक वृक्षारोपण योजना स्थान, नक्शा, क्षेत्रफल, बिरुवा प्रजाति, संख्या तथा वृक्षारोपण क्षेत्रको संरक्षण गर्ने निकाय/समूह सहितको) तयार गर्नुपर्नेछ।



बागमती प्रदेश सरकार भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- वृक्षारोपण गरिने बिरुवाको गुणस्तर, उचाई तथा रोगकिरा नलागेको स्वस्थ सुनिश्चित गर्नुपर्नेछ। सकभर बृहत क्षेत्रमा वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ।
- वृक्षारोपण पश्चात संरक्षणको सुनिश्चितताका लागि आवश्यकता अनुसार तारबार, घेरबार, हेरालु, ट्रि गार्ड निर्माण लगायतका क्रियाकलापहरू समेत समावेश गर्न सकिनेछ।
- कार्यालयले वृक्षारोपण पूर्व स्थानीय परिवेश अनुकुल वृक्षारोपण योजना तयार गर्नुपर्नेछ।
- बाँसको बिरुवा खरिद गर्दा कम्तिमा २ वर्षे हुनुपर्नेछ।
- नर्सरीमा उत्पादन गरिएको बाहेकका स्थान मिल्दो र समान हावापानीमा उत्पादित गुणस्तरीय बिरुवाहरु खरिद गरी रोपण गर्नुपर्नेछ।
- वृक्षारोपण गरिने स्थानको जि.पि.एस. लोकेशन सहित जि.आई.एस. नक्शा, क्षेत्रफल, प्रजाति, संख्या आदिको विस्तृत विवरण संलग्न राखी प्रगति विवरण पेश गर्नुपर्नेछ।
- कार्यालयबाट आर्थिक वर्ष समाप्त भए पश्चात भाद्र महिना भित्र वृक्षारोपण क्षेत्रको स्थलगत निरीक्षण गरी तयार गरिएको प्रतिवेदन वन निर्देशनालय र मन्त्रालयमा पेश गर्नुपर्नेछ।
- मन्त्रालय तथा निर्देशनालयबाट वृक्षारोपण क्षेत्रको अनुगमन तथा निरीक्षण गर्न सकिनेछ।

यस कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु तपसिल बमोजिम छन्।

- हिउँदे ओखरको बिरुवा खरिद तथा वितरण
- शैजन र रुख कटहरको बिरुवा खरिद तथा वितरण, खाँडादेवी गा.पा.
- स्थानीय तहसंघको सहकार्यमा शहर/नगर/सडक किनार क्षेत्रमा वृक्षारोपण(५फिट भन्दा अग्लो बहुबर्षीय बिरुवा खरिद र ढुवानी सहित)
- स्थानीय तहसँगको सहकार्य/समन्वयमा शहर/नगर/सडक किनार क्षेत्रमा सौन्दर्यमुलक बिरुवा वृक्षारोपण तथा हरियाली प्रवर्धन (५ फिट भन्दा अग्लो बहुबर्षीय बिरुवा खरिद र ढुवानी सहित)
- निजी जग्गामा फलफूलका बिरुवा खरिद तथा वितरण
- वृक्षारोपण (सामुदायिक वन, कबुलियती वन, सार्वजनिक क्षेत्र, अतिक्रमित, नदी उकास क्षेत्र/नदी किनार क्षेत्रमा बिरुवा खरिद, ढुवानी र रोपण, वन बिरुवा, बाँस तथा अन्य प्रजाति समेत)
- वृक्षारोपण (निजी, सार्वजनिक, सामुदायिक वन, जडिबुटी वृक्षारोपण लगायत)
- सामुदायिक वन, कबुलियती वन, सार्वजनिक क्षेत्रमा बाँस तथा अम्रिसो रोपण कार्यक्रम
- कबुलियती वनमा फलफूल लगायतका उपयुक्त प्रजाति रोपण कार्यक्रम दुईवटा क्लष्टरका २० समूह
- कबुलियती वनमा कागती, जुनार तथा अन्य फलफूल प्रजाति वृक्षारोपण कार्यक्रम दुईवटा क्लष्टरका २० समूह



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- कबुलियती वनमा बाँस, निगालो, अम्रिसो रोपण कार्यक्रम
- ओखरपौवा क्षेत्रमा ओखरका बिरुवा खरिद तथा रोपण
- फलफूलका बिरुवा खरिद तथा वितरण सामुदायिक वनका उपभोक्ताहरु, निजी वन तथा निजी किसानहरुलाई फलफूलका बिरुवा खरिद तथा वितरण सहयोग
- निजी बाँझो आवादी जग्गामा फलफूल तथा जडीबुटी खरिद तथा वितरण
- सुनापति गा.पा. स्थित सडक किनार वृक्षारोपण
- अरनिको राजमार्ग अन्तर्गत भएका सडक वृक्षारोपण व्यवस्थापन
- मध्य पहाडी लोकमार्ग सडकमा, सडक सौन्दर्यपरक बिरूवा रोपण (ट्रि गार्ड सहित) कार्यक्रम
- सुख्खाग्रस्त क्षेत्रमा वृक्षारोपण (फिक्कल गा.पा. तथा गोलनजोर गा.पा. )
- अतिक्रमित भएका वा हुन सक्ने वन क्षेत्र वा नाङ्गो वन क्षेत्रमा तारबार सहितको प्लट वृक्षारोपण
- बाहविसे न.पा. ७ अवस्थित कालीदेवी सामुदायिक वनमा दाँते ओखर प्रवर्धन कार्यक्रमलाई निरन्तरता
- सडक किनारा वृक्षारोपण नीलकण्ठ नगरपालिका भरी
- सडक खण्ड दाँयाबाँया सौन्दर्यपरक वृक्षारोपण
- श्रीखण्ड, रक्तचन्दन र लालीगुराँस लगायतका वृक्षारोपण कार्यक्रम
- वन क्षेत्रमा सम्बृद्धि वृक्षारोपण कार्यक्रम
- सामुदायिक वन, कबुलियती वन, सार्वजनिक क्षेत्र, नदी उकास क्षेत्र/नदी किनार तथा निजी जग्गामा बाँसको बिरुवा खरिद, ढुवानी र रोपण
- बाँस रोपण (सामुदायिक वन/ कबुलियती वन/ सार्वजनिक क्षेत्र/ नदी उकास क्षेत्र/ नदी किनार/ खोला खोल्ची/ निजी जग्गा)
- वन क्षेत्रभित्र पर्ने विद्युतीय हाईटेन्सन लाईन मुनि, सार्वजनिक जग्गा तथा अन्य क्षेत्रमा फलफूल तथा गैह्रकाष्ठ वन पैदावार रोपण कार्यक्रम
- स्थानीय महत्व रहेका पर्यटकीय/धार्मिक क्षेत्रमा फलफूल/आलङ्कारिक बिरुवा वितरण/बृक्षारोपण

### ४८. जडिबुटी खेती विस्तारः

वन समूह/निजी जग्गाधनी/सहकारी/फर्म/कम्पनीबाट खुला रुपमा सूचना आह्वान गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ तर स्थान तोकिएका कार्यक्रमहरु सोहि बमोजिम गरिनेछ। यस शीर्षक अन्तर्गतको कार्यक्रम सञ्चालन गर्दा तपसिलमा उल्लेखित मार्गदर्शनहरुलाई अनुसरण गरिनेछ।

- स्थानीय हावापानी अनुसारको गुणस्तरीय प्रजाति छनौट गरिनु पर्नेछ।



कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय बागमती प्रदेश सरकार हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- निजी जग्गामा वृक्षारोपण गर्ने भए सो को जग्गाधनी प्रमाण पुर्जा र तिरो तिरेको रसिद,
- व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको दर्ताका कागजातहरु (व्यक्तिको हकमा नागरिकता र स्थायी लेखा नम्बर)
- सब-डिभिजन वन कार्यालयको कार्यान्वयन सम्भाव्यता खुल्ने स्थलगत प्रतिवेदन
- वृक्षारोपण गरिएको क्षेत्रको रेखदेख/हेरचाह/संरक्षण सुनिश्चित हुनुपर्नेछ।

**यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रम कार्यान्वयन गरिनेछ।**

- बाँझो तथा खाली जमिनमा जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार खेती बिस्तारको लागि बिरुवा खरिद र वितरण (बाँझो तथा खाली जमिनमा जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार खेती बिस्तारको लागि बिरुवा खरिद र वितरण),
- सतुवा टिमुर लगायतको जडिबुटी खेती प्रवर्धन कार्यक्रम (बिरुवा खरिद र वितरण),
- सुनापति गा.पा.मा टिमुर लगायत अन्य प्रजातिका बिरुवाहरु खरिद तथा वितरण,
- वन्यजन्तु हुने क्षति न्यूनीकरण कार्यक्रम अन्तर्गत टिमुर/मेकाडेनिया/कागती रोपण,
- लौठ सल्लाको पकेट क्षेत्र स्थापना तथा खेती बिस्तार महाङ्काल गा.पा. ललितपुर,
- मेलम्ची न.पा.१२ मा रक्त चन्दन खेती बिस्तार,
- मेलम्ची न.पा. ८ मा जैतुन खेती बिस्तार,
- मेलम्ची न.पा. मा किवि खेती बिस्तार,
- पकेट क्षेत्रमा जडिबुटी खेती बिस्तार,
- बहुमूल्य प्रजातिको जडिबुटी खेती बिस्तार,
- वन क्षेत्र वा सार्वजनिक जमिनमा जडिबुटी खेती, शंखरापुर २

## ४९. सामुदायिक विद्यालयमा हरियाली प्रवर्धन कार्यक्रम

यो कार्यक्रम विद्यालयको बगैंचा निर्माण एंव खुल्ला क्षेत्रमा विद्यार्थिहरुलाई परिचालन गरी उपयुक्त प्रजाति वृक्षारोपण गर्ने उद्देश्यले राखिएको हो। यस शीर्षकमा विनियोजित बजेट बिरुवा खरिद, मल खरिद, खाडल खन्ने, ट्रि गार्ड निर्माण, श्रमिक ज्याला आदिमा खर्च गर्न सकिनेछ। कार्य सम्पादन प्रतिवेदनमा कार्यक्रम सम्पन्न अघि र पछिको तस्बिर अनिवार्य समावेश गरेको हुनुपर्नेछ।

**यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रम कार्यान्वयन गरिनेछ।**

- हरियाली प्रवर्धन कार्यक्रम
- सामुदायिक विद्यालयमा बाल उद्यान निर्माण कार्यक्रम,
- बाराही आधारभूत विद्यालय हेटौडा १ लालझाडीमा हरित बाल उद्यान,



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- ब्रम्हकालिका स्कूल मनहरी ७ मा वालमैत्री वन उद्यान निर्माण,
- हरित विद्यालय निर्माण तथा दिगो शैक्षिक वातावरण प्रवर्धन कार्यक्रम पशुपति कन्या मा. वि. भि. न. पा. ३,
- गौरीशंकर क्याम्पस हरियाली प्रवर्धन कार्यक्रम, भिमेश्वर ३

## ५०. पार्क/पर्यापर्यटन/वन वाटिका/पदमार्ग स्तरोन्नती

स्वीकृत वार्षिक कार्यक्रममा पर्यापर्यटन प्रवर्धन गरी आर्थिक गतिविधि वृद्धि गर्ने उद्देश्यले विभिन्न पार्क/उद्यान/बाल उद्यान/ पदमार्ग/ल्याण्डस्केप निर्माण आदि कार्यक्रमहरु समावेश गरिएको छ। यस्ता संरचना निर्माण गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, वन ऐन, सम्बन्धित नियमावली तथा सामुदायिक वनमा पर्यापर्यटन प्रवर्धन कार्यविधि २०७५ बमोजिम देहायको प्रकृया अवलम्बन गरी गर्न सकिनेछ:

- सामुदायिक वनमा पार्क, उद्यान निर्माण गर्दा वन नियमावली २०७९ को नियक ५२ को उपनियम ४ व्यवस्था भए बमोजिम सामुदायिक वनको विद्यमान हैसियत र वातावरणमा प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता गरी कार्यविधिमा व्यवस्था भए बमोजिमको परिमाणमा नबढ्ने गरी गर्नुपर्नेछ।
- सामुदायिक वनको स्वीकृत कार्ययोजना समावेश नगरि सामुदायिक वनमा यस किसिमका संरचना निर्माण गरिने छैन। सामुदायिक वनमा पर्यापर्यटन प्रवर्धनको लागि निर्माण हुने संरचना निर्माण गर्दा वन नियमावली, २०७९को अनुसुचि ३० क मा उल्लेखित क्रियाकलापहरु मात्र गर्न पाईनेछ।
- संरचना निर्माण कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार गरिनेछ र उपभोक्ता समिति मार्फत गर्न सकिने कार्यक्रम भए समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ तर कुनै योजनाको कार्यान्वयन गर्न सम्बन्धित उपभोक्ता समिति ईच्छुक नदेखिएको तथा उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गर्न उपयुक्त नदेखिएको वा लाभग्राही समुदायको प्रत्यक्ष सहभागिता हुन नसक्ने अवस्थामा बोलपत्र वा दरभाउपत्रको माध्यमबाट योजना कार्यान्वयन गर्न सकिनेछ।
- सामुदायिक वनमा संरचना निर्माण हुने अवस्थामा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह मार्फत नै कार्य गराउनु पर्नेछ। यसका लागि कार्यक्रमको प्रकृति अनुसार सम्वन्धित सामुदायिक वनको कार्ययोजनामा समावेशका लागि कार्ययोजना परिमार्जन गर्ने र आवश्यकता अनुसार डि.पि.आर. वातावरणीय अध्ययन प्रतिवेदन तयारी समेत यसै कार्यक्रम अन्तर्गत गराउन सकिनेछ। वन उपभोक्ता समूहले कार्यक्रम कार्यान्वयन गर्न प्रस्ताव पेश गर्नु अघि अनुगमन उप समिति गठन गर्नुपर्नेछ।
- वन क्षेत्र बाहेकको स्थानमा उपभोक्ता समिति मार्फत निर्माण हुने संरचना निर्माणका लागि स्थानीय तहको सिफारिस पेश गर्नुपर्नेछ। स्थानीय तहले यस्तो सिफारिस गर्दा निर्माण पश्चात त्यसको स्याहार सम्भार र सञ्चालन गर्ने प्रतिवद्धता समेत पेश गर्नुपर्नेछ। सम्बन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षतामा र कार्यक्रम कार्यान्वयन गर्ने निकायका प्रतिनिधिको रोहवरमा लाभग्राही समुदायको भेलाबाट निर्माण उपभोक्ता समिति र अनुगमन उपसमिति गठन गर्नुपर्नेछ। उपभोक्ता समितिमा अध्यक्ष, सचिव तथा कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला सहित सामान्यत समावेशी प्रकृतिको हुनु पर्नेछ।



बागमती प्रदेश सरकार
भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- कुनै विद्यालयमा उद्यान निर्माण कार्य सम्बन्धित विद्यालयसँग सम्झौता गरी निर्माण कार्य गराउनु पर्नेछ।
- सम्बन्धित विषयको विशेषज्ञ तथा प्राविधिकहरुको सहयोगमा स्थलगत अवलोकन गरी सर्भे, डिजाईन तथा लागत अनुमान तयार गरिनेछ।
- डिजाईन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सल्लाह, सुझाव र आवश्यकतालाई पनि आधारमा लिन सकिनेछ। कार्यालयमा सम्बन्धित विषयको प्राविधिक नभएको अवस्थामा सम्बन्धित स्थानीय तहको प्राविधिक मार्फत कार्य गराउन सकिनेछ।
- प्रस्तावमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धि, सञ्चालन मोडालीटी, संरक्षणको स्पष्ट व्यवस्था आदि खुलेको हुनुपर्नेछ।
- उपभोक्ता समिति मार्फत निर्माण हुने संरचना निर्माणको कूल लागत मध्ये कम्तिमा १० प्रतिशत जनश्रमदान हुनुपर्नेछ।
- सम्बन्धित उपभोक्ता समितिबाट डिजाईन तथा लागत अनुमान सहितको प्रस्ताव माग निवेदन प्राप्त भै/ डिजाईन तथा लागत अनुमान र लागत साझेदारी स्वीकृत भए पश्चात उपभोक्ता समितिसँग नियमानुसार सम्झौता गरी कार्य आदेश दिईने छ।
- कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण गुणस्तर जसता सुचकहरु, समय सिमा, लागत, समावेश गर्नुपर्नेछ।
- उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमहरु सम्बन्धित कार्यालय, निर्देशनालय तथा मन्त्रालयबाट आवश्यकता अनुसार अनुगमन गरी सम्बन्धित उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराईने छ।
- उपभोक्ता समितिले कार्यक्रम सम्झौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी सम्पन्न गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी वहन गर्नेछ।
- सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सम्पन्न भएका योजना हस्तान्तरण नहुँदासम्म सो को संरक्षण, सदुपयोग, सम्वर्द्धन, मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ।
- प्राप्त कार्य सम्पन्न प्रतिवेदन र स्वीकृत बिल भरपाई बमोजिमको रकममा नियमानुसार कट्टी गर्नुपर्ने कर र धरौटी रकम कट्टा गरी बाँकी रकम उपभोक्ता समितिको बैंक खातामा जम्मा हुने गरी भूक्तानी गरिनेछ।
- उपभोक्ता समिति मार्फत गर्ने गरी सम्झौता भएको निर्माण कार्य कुनै ठेक्का प्रणालीबाट गर्न पाईने छैन। त्यस्तो भए गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।
- खर्चको सार्वजनिक लेखा परीक्षण गराउनु पर्नेछ।
- निर्मित संरचनाको हस्तान्तरण गरी उक्त संरचनाको सञ्चालन, मर्मत सम्भार र रेखदेख गर्ने कार्य सम्बन्धित संघ संस्था र समितिको हुनेछ।
- पार्क/पर्यापर्यटन/वन वाटिका/पदमार्ग स्तरोन्नती अघि र पछिको तस्बिर अनिवार्य रुपमा कार्य सम्पादन प्रतिवेदनमा समावेश भएको हुनु पर्दछ।



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

यस अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछः

- चौतारा साँगाचोकगढी न.पा.६ अवस्थित बुद्ध पार्क क्षेत्रमा हरियाली प्रवर्धन कार्यक्रम
- किराँत धार्मिक वनमा हरियाली प्रवर्धन
- मन्थली वसपार्कमा वन वाटिका निर्माण तारजाली घेरावार समेतको कार्यक्रम, मन्थली-१(रामेछाप उद्योग वाणिज्य संघ मार्फत)
- भुटनदेवी सामुदायिक वन क्षेत्रमा हरियाली पार्क निर्माण हेटौंडा १०
- मझुवा सामुदायिक वन नर्सरी हरियाली पार्क निर्माण भरतपुर १७ चितवन
- कालिका सामुदायिक वन; कमलामाई नगरपालिका ५, सिन्धुलीमा वातावरणमैत्री हरित पार्क बिस्तार
- वातावरण मैत्री पार्क रातोमाटे डाँडा हुदै ढाक्रेबास सौन्दर्यकरण कमलामाई ५
- मृग पार्क निर्माण, नमोबुद्ध १० (मृग पार्क निर्माण, नमोबुद्ध १०)
- शंखधर चोक वनदेवी हरियाली पार्क उत्तरपाखो सौन्दर्यकरण ठिमि ४
- ज्ञानेश्वर सामुदायिक वन भित्र सहिद स्मारक पार्क पूर्वाधार भरतपुर न.पा. ६ चितवन
- जलदेवी सामुदायिक वनमा हरियाली पार्क पूर्वाधार भरतपुर न.पा.
- वुद्द शान्ती हरित पार्क निर्माण मनहरी ७
- बालकुमारी क्षेत्र संरक्षण तथा हरियाली पार्क चन्द्रागिरी न.पा. १४
- कर्किनीपाटा सामुदायिक वन संरक्षण तथा हरियाली पार्क चन्द्रगिरी १
- कुर्कुरे हरियाली पार्क निर्माण नागार्जुन ८
- सिंहवन हरियाली पार्क निर्माण, भिमेश्वर २,
- मयुर पार्क व्यवस्थापन भिमेश्वर ५, दोलखा
- मदन आश्रित पार्क मर्मत/निर्माण तथा संरक्षण दासढुङ्गा भरतपुर २९
- कमलामाई पर्यापर्यटन हरियाली पार्क निर्माण सम्पन्न कमलामाई सा.व. कमलामाई ८
- हरित पार्क निर्माण (कपिलेश्वर महादेव मन्दिर मरिण ७ परिसर)
- सुख्खाग्रस्त सुकुटे मा.वि. चौसागढी नपा १० मा पर्या हरित बगैचा निर्माण
- सिद्दिखर घाम परिसरमा वृक्षारोपण तथा बगैचा निर्माण थाहा ९
- पर्यावरण मैत्री हरित पार्क (नक्षत्र बगैंचा) तथा स्मृति पार्क व्यवस्थापन दरवारडाँडा
- चरिध्याङ्ग गुम्बा हरियाली प्रवर्धन कार्यक्रम भिमेश्वर ३



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- टुँडिखेल पिपलबोट हजार सिंढी हरियाली कार्यक्रम धुलिखेल
- श्री हिरालाल चौतारा/उद्यान पुनर्निर्माण, दोरम्बा शैलुङ्-७, डोब्ला
- ओखेनी सा.व.चौसागढी न.पा. १ मा पर्या हरित पार्क निर्माण
- पुष्पलाल उद्यान निर्माण तथा सौन्दर्यकरण, रामेछाप-८
- सुनाखरी उद्यान व्यवस्थापन, भिमेश्वर १
- फुलचोकि पदमार्ग स्तरोन्नती
- पर्यटन पदमार्ग तथा डस्टविन व्यवस्थापन गोसाईकुण्ड गा.पा. रसुवा
- सामुदायिक वनमा पर्यापर्यटन विकास कार्यक्रम
- लेले मनकामनामा पर्यापर्यटन
- सन्तानेश्वरमा पर्यापर्यटन प्रवर्धन
- ठूलो पाखो सामुदायिक वनमा पर्यापर्यटन प्रवर्धन चाँगुनारायण ९ हर्षपुर
- पर्यापर्यटनको लागि Rock Climbing कार्यक्रम, पानीपोखरी बोसिङ्पा भि.न.पा १

## ५१. पोखरी निर्माण/ताल/सिमसार संरक्षण तथा व्यवस्थापन

यस कार्यक्रमको मुख्य उद्देश्य जलाधार क्षेत्रमा जलभरण पोखरी निर्माण, सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन मार्फत जलभरण क्षमता बढाउने र पानीको सतह बढाई सुख्खायाममा पानीको उपलब्धता बढाउने, भलपानी संकलन गर्ने र भूक्षय नियन्त्रण गर्नु हो। यो कार्यक्रम सम्बन्धित स्थानको अवस्था र आवश्यकता अध्ययन गरी उपयुक्त क्रियाकलाप पहिचान गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्यान्वयन गरिनेछ।यस कार्यक्रमको रकम सिमसार वरिपरिको मिचाहा प्रजाति तथा झाडी हटाउने, फोहोर सरसफाई गर्ने, वृक्षारोपणको लागि बिरुवा खरिद, ढुवानी, वृक्षारोपण, संरचना निर्माण, माटो तथा बालुवाले पुरिएको भए सो समेत खनी हटाउने लगायतका अन्य आवश्यक कार्यहरु प्रचलित ऐन-नियम र नर्म्सको अधिनमा रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ। यस अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

- संरक्षण पोखरी निर्माण
- पानी मुहान संरक्षण
- सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन (पुराना पोखरीहरुको स्तरोन्नति समेत)
- पानीको मुहान संरक्षण/सिमसार क्षेत्र संरक्षण तथा तथा व्यवस्थापन
- संरक्षण पोखरी निर्माण (थाम डाँडा पोखरी निर्माण) रुविभ्याली ६
- रिचार्ज पोखरी/संरक्षण पोखरी
- नवलपुर सरस्वती सा. व. उ. स. मा पोखरी निर्माण



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- Nature Based संरक्षण पोखरी निर्माण
- ब्रम्हठाकुर सा.व.भित्र रहेको सिमसार क्षेत्रको स्तरउन्नती र पोखरी संरक्षण बकैया
- काकलिङ् सा.व. भित्र संरक्षण पोखरी निर्माण, दोरम्बा शैलुङ्-२
- छापागाउँ पोखरी निर्माण, मन्थली-२
- राजपानी पोखरी हरियाली प्रवर्धन हेटौडा ८
- Under Ground पानी टयाङ्की
- सामुदायिक वनमा पानीको मुहान संरक्षण कार्यक्रम
- जलभरणको लागि पिट निर्माण कार्यक्रम
- सुख्खा पानी अभाव क्षेत्रमा रहेको वन क्षेत्रमा रिचार्ज पोखरी निर्माण
- ग्राउण्ड वाटर रिचार्जको लागि रिचार्ज पिट निर्माण
- वन क्षेत्रभित्रका सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन
- पोलाघारी सामुदायिक वनमा पोखरी संरक्षण तथा पिकनिक स्थल निर्माण (पोलाघारी सामुदायिक वनमा पोखरी संरक्षण तथा पिकनिक स्थल निर्माण)

### ५२. वन्यजन्तु संरक्षण/बासस्थान संरक्षण तथा व्यवस्थापन

घाँसे मैदान व्यवस्थापन, खर्क व्यवस्थापन, पानीको स्रोत व्यवस्थापन, अनावश्यक झाडि तथा मिचाहा प्रजातिको जरा उखेल्ने र नियन्त्रण मार्फत वन्यजन्तुको बासस्थानमा टेवा पुगोस् भन्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। यो कार्यक्रम सम्बन्धित स्थानको अवस्था र आवश्यकता अध्ययनबाट उपयुक्त क्रियाकलाप पहिचान गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्यान्वयन गरिनेछ। यस अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

- सालक संरक्षण कार्यक्रम
- सालक संरक्षण विशेष कार्यक्रम
- सालक प्रवर्द्धन कार्यक्रम
- वाधभैरव सामुदायिक वन, चन्द्रागिरीमा सालक संरक्षण कार्यक्रम
- सालक तथा अन्य वन्यजन्तुको बाँसस्थान संरक्षण र विकास
- प्रदेश गौरव प्राणी सालकको एकीकृत संरक्षण कार्यक्रम, रानी सामुदायिक वन हेटौंडा ६
- सालकको बाँसस्थान संरक्षण र विकास
- खर्क व्यवस्थापन
- वन भित्र रहेको घाँसे मैदान तथा खर्क व्यवस्थापन



बागमती प्रदेश सरकार भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

➢ गतलाङ्क क्षेत्रमा डढेलो प्रभावित वन तथा खर्क व्यवस्थाापन

➢ वन विज्ञान अध्ययन संस्थान हेटौडाको वन क्षेत्रमा रहेको हाई टेन्सन लाईन मुनी घाँसे मैदान व्यवस्थापन

➢ मैदाटोलमा रहेको पोखरीमा कछुवा संरक्षण कार्यक्रम

➢ सिद्धलेक गा.पा. भित्र काँडे भ्याकुर संरक्षण कार्यक्रम

## ५३. जोखिमयुक्त रुखहरु व्यवस्थापन

बस्तीक्षेत्र/सार्वजनिक स्थलमा जनधनको क्षति पुऱ्याउन सक्ने जोखिमयुक्त रुखहरुलाई व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। वन नियमावली, २०७९ मा जोखिमयुक्त रुखको व्यवस्थापन सम्बन्धमा भएको प्रावधान बमोजिम यो क्रियाकलाप सञ्चालन गरिनेछ। यस शीर्षकमा विनियोजन भएको रकम लागत अनुमान तयार गरी कटान, मुछान र ढुवानी आदि कार्यमा खर्च गरिनेछ।

➢ शहरमा जोखिमयुक्त रुखहरुको व्यवस्थापन

➢ जोखिमयुक्त रुखहरुको ब्यवस्थापन

➢ जोखिमयुक्त रूख व्यवस्थापन, शहरी वन व्यवस्थापन र शहरी शौन्दर्यीकरण

➢ डिभिजन वन कार्यालयको कार्यक्षेत्रको जोखिमयुक्त रुख हटाउने

## ५४. तालिम/गोष्ठी/बैठक/सेमिनार

यस शीर्षकमा विनियोजित रकमबाट दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, मसलन्द, तालिम सामग्री, सत्र शुल्क, कार्यपत्र, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, गाडी भाडा, सञ्चार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम, नर्मस्, प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ र कार्य सञ्चालन निर्देशिका, २०८१ को परिधिभित्र रही खर्च गर्न सकिने छ। कार्यक्रम सम्पन्न भए पश्चात् कार्यक्रम सञ्चालन मिति, स्थान, पाठ्यक्रम तथा छलफलका विषयहरु, सहभागीको नामावली, उपलब्धी, पृष्ठपोषण र भए गरेको खर्च बिल भरपाईहरु समेतको प्रतिवेदन पेश गर्नुपर्नेछ। कार्यक्रम सञ्चालनमा स्थानीयस्तरमा उपलब्ध हुने विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा बोलाई गर्न सकिनेछ। आवश्यकता अनुसार तालिम/गोष्ठी/सेमिनार सम्बन्धी कार्यक्रमहरु सम्बन्धित/उपयुक्त गैहसरकारी संस्था वा अधिकारवादी संस्थाबाट गराउन सकिनेछ।

**यस अन्तर्गत निम्न तालिम/गोष्ठी/बैठक/सेमिनार भ्रमणहरु रहेका छन्:**

➢ प्राकृतिक स्रोत व्यवस्थापनमा AI प्रयोग सम्बन्धी तालिम

➢ QGIS सम्बन्धी तालिम

➢ तथ्याङ्क विश्लेषणका निम्ती Python Software सम्बन्धी तालिम

➢ वन डढेलो व्यवस्थापनमा Five R Framework सम्बन्धी तालिम

➢ वन्यजन्तु उद्धार तथा व्यवस्थापन सम्बन्धी तालिम

➢ कानूनी कार्यविधि सम्बन्धी तालिम

➢ Survey Design and Cost Estimation of soil conservation techniques



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- Training on Low-Cost Soil Conservation Techniques
- Training on EGP and PAMS
- Training on Drone Operation and Handling
- Training on Conflict Management
- वन श्रोत सर्वेक्षण सम्बन्धी तालिम
- Training on satellite image interpretation and mapping (e:g: Change detection, Risk areas)
- Training on GESI in Action: Preventing Workplace Harassment and Promoting Gender Equality
- Team Building Workshop
- Peak Performance & Well-being Workshop
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन सम्बन्धी तालिम
- वन्यजन्तु उद्धार सम्बन्धी तालिम (कर्मचारीहरुको लागि सामग्री खरिद समेत)
- काष्ठकला सम्बन्धी तालिम एवं तालिम सामग्री हस्तान्तरण
- वन्यजन्तु उद्धारकर्ताको अभिमुखिकरण तालिम, सूची तयारी तथा उद्धार सामग्री हस्तान्तरण
- कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम
- बागमती फेकोफन मार्फत कानून सचेतना तालिम
- जडिबुटी/गैह्रकाष्ठ वन पैदावारको दिगो संकलन सम्बन्धी तालिम (उपभोक्ता स्तर)
- जिल्ला सुपरभाईजर र समूह परिचालिकाको क्षमता अभिवृद्धि कार्यक्रम
- जलवायु परिवर्तन र यसको असरबारे बागमती प्रदेशका सञ्चारकर्मीको क्षमता अभिबृद्धि कार्यक्रम
- जलवायु परिवर्तन र यसको असर बारे अपाङ्गता भएका व्यक्तिको क्षमता बृद्धि कार्यक्रम

## ५५. वनस्पति प्रजाति संरक्षण कार्यक्रम

यो कार्यक्रम सञ्चालन गर्दा प्रजातिको उपलब्धता, प्रसारण, स्थानीय वन समूहको संरक्षण प्रयासका आधारमा स्थानीय वन समूहको समन्वय तथा सहकार्यमा सम्बन्धित स्थानको स्थलगत निरीक्षण गरी प्राप्त प्रतिवेदनको आधारमा उपयुक्त क्रियाकलाप पहिचान गरी वन समूह/संरक्षण समूह मार्फत कार्यान्वयन गरिनेछ। यस कार्यक्रम अन्तर्गत लक्षित क्षेत्रको स्रोत सर्भेक्षण र नक्साङ्कन गरी क्षेत्र निर्धारण गर्ने, स्वस्थ रुखहरुको Tagging गर्ने, प्राकृतिक पुनरुत्पादन प्रवर्धन गर्ने, वृक्षारोपण गर्ने लगायतका अन्य क्रियाकलापहरु गर्न सकिनेछ। यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- सतिसाल संरक्षण कार्यक्रम
- दामन, सिमभञ्याङ्ग क्षेत्रमा लालीगुराँस प्रवर्धन

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- दार पकेट क्षेत्रमा दार प्रवर्धन तथा व्यवस्थापन
- सतिसाल, विजयसाल संरक्षण कार्यक्रम
- पालुङ, सिमभञ्ज्याङमा बाँझ, खस्रु संरक्षण
- पकेट क्षेत्रमा दार प्रवर्धन तथा व्यवस्थापन
- थाहा र ईन्द्रसरोवरमा रहेको वन क्षेत्रहरुमा सुनाखरी संरक्षण तथा प्रवर्धन कार्यक्रम
- प्रजाति विशेष संरक्षण कार्यक्रम
- राक्सिराङ गाउँपालिकामा चेपाङ समुदायको परम्परागत ज्ञान प्रवर्धनका लागि प्रजाति (ओदाल, फिरफिरे आदि) रोपण तथा संरक्षण

### ५६. ईको क्लव गठन/ सञ्चालन एंव विद्यालय संरक्षण शिक्षा अभियान

डिभिजन वा सब डिभिजन अन्तर्गत पर्ने सामुदायिक विद्यालयहरुमा माध्यमिक/उच्च माध्यमिक स्तरमा अध्ययनरत विद्यार्थीहरुलाई वन, वातावरण सम्बन्धी सचेतनाको लागि नयाँ ईको क्लब गठन तथा सञ्चालन तथा पुराना ईको क्लबको सञ्चालन गरी वातावरण संरक्षण सम्बन्धी शिक्षा प्रदान गर्न यो कार्यक्रम राखिएको हो। विद्यालय छनौट गर्दा हरेक सब-डिभिजनमा पर्ने गरी सञ्चालन गर्नुपर्नेछ। यो शीर्षकको रकम इको क्लब गठन र सञ्चालनको क्रममा हुने बैठक, वन, वातावरण सम्बन्धी भित्ते पत्रिका प्रकाशन, हाजिरी जवाफ, वक्तृत्वकला, र्‍याली, स्टेशनरी, ब्यानर, दिवसको अवसरमा क्लवबाट हुने वृक्षारोपण, कक्षा सञ्चालन लगायतका क्रियाकलापहरुमा खर्च गर्न सकिने छ। खर्चको विवरण विद्यार्थीहरु माझ सार्वजनिक गर्नुपर्नेछ।

### ५७. सब डिभिजनको कार्यक्षेत्रको बजारमा वातावरण सरसफाई सम्बन्धी Campaign

यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई कार्य, डस्टविन खरिद/वितरण, सरसफाई कर्मीको लागि पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, ब्यानर, खाजा, पानी, होर्डिङ बोर्ड लगायतका सरसफाई अभियान सञ्चालन गर्न आवश्यक सामग्रीहरुको लागि लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ। यसका साथै देहायका कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछः

- फुलचोकी र मार्बल डाडामा प्रदुषण र फोहोर मैलामुक्त गर्न वर्षभरी नै Deep Clean गर्ने कार्यक्रम

### ५८. अनुगमन तथा निरीक्षण

मन्त्रालय र मातहतका कार्यालय/कर्मचारीले सम्पादन गरेका कार्यहरु तथा अन्य विषयगत क्षेत्रको स्थलगत अनुगमन तथा निरीक्षण गर्नका लागि यो कार्यक्रम राखिएको हो। यस शीर्षकको रकम अनुगमन तथा मूल्याङ्कन, भ्रमण भत्ता, इन्धन, तथ्याङ्क संकलन, प्रतिवेदन छपाई, नमूना परीक्षण शुल्क आदिमा खर्च गर्न सकिनेछ। यस अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- आ.व. २०८२।०८३ मा सञ्चालित कार्यक्रमहरुको अनुगमन



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- वातावरण निरीक्षकवाट प्रदूषण नियन्त्रण, वातावरण संरक्षण तथा वातावरणीय प्रतिवेदन कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन
- वनक्षेत्रको जग्गा प्रयोग गरी सञ्चालनमा आएका आयोजना तथा अन्य उद्योगहरुको वातावरणीय प्रतिवेदन कार्यान्वयनको अवस्थाका वारेमा वातावरण निरीक्षक समेतको सहभागितामा अनुगमन, मूल्याङ्कन
- डिभिजन वन कार्यालयवाट अनुगमन तथा प्रतिवेदन तयारी तथा कार्यक्रम सञ्चालन खर्च
- वातावरण निरिक्षकवाट वातावरणीय अनुगमन
- कार्यक्रम अनुगमन निरीक्षण भ्रमण खर्च
- कार्यक्रम सचालन तथा कार्यान्वयन भ्रमण
- कार्यक्रम अनुगमन तथा मूल्याङ्कन भ्रमण खर्च
- अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च
- मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालयवाट अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदन तयारी खर्च
- अनुगमन मूल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च
- वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराइएको क्षेत्रको तथ्याङ्क संकलन अनुगमन तथा पुस्तिका प्रकाशन
- बागमती प्रदेश भित्र लागू भएको दिगो वन व्यवस्थापन कार्यक्रमहरुको अनुगमग तथा प्रतिवेदन तयारी
- जिल्ला वन पैदावार आपूर्ति समितिले गरेका कार्यहरुको अनुगमन तथा प्रतिवेदन तयारी
- खोटो संकलन सँग सम्बन्धित प्रारम्भिक वातावरणिय परिक्षण (IEE) को कार्यान्वयनको अवस्था को अनुगमन तथा प्रतिवेदन तयारी
- स्थलगत जाँचबुझ, छानविन तथा अनुगमन गरी प्रतिवेदन तयारी
- मन्त्रालयबाट वातावरणीय अनुगमन तथा निरीक्षण
- राष्ट्रिय वनको भोगाधिकार क्षेत्रको IEE/EMP प्रतिवेदन अनुगमन
- माथि उल्लेखित बाहेकका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य।

## ५९. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन

डिभिजन स्तरमा वन डढेलो नियन्त्रणका लागि पूर्व तयारी (Prevention), नियन्त्रण (Suppression), पुनःस्थापना (Rehabilitation) का चरणमा गर्नुपर्ने क्रियाकलापहरु समावेश गरी वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार गर्नुपर्नेछ। जिल्ला स्थित सरोकारवालाहरुको समन्वयमा स्थानीय माग र आवश्यकताका आधारमा पूर्वतयारी चरण अन्तर्गत वन डढेलो सम्भाव्यता नक्सा तयार गर्ने, अग्निरेखा निर्माण गर्ने, सामुदायिक जनचेतना कार्यक्रम (विद्यालय, वडास्तर, स्थानीय रेडियो मार्फत चेतना फैलाउने), हरित वनदस्ता परिचालन, फायरफाईटिङ्ग उपकरण खरिद तथा वितरण, पानी पोखरी निर्माण जस्ता क्रियाकलापहरु, नियन्त्रण (Suppression) चरणमा



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

मोबाईल समूह गठन तथा परिचालन, सुरक्षात्मक पोशाक सहितका स्वयंसेवकहरु परिचालन, सुरक्षा निकायहरुको परिचालन र पुनस्थापना चरणमा स्थानीय प्रजातिका बिरुवा रोप्ने, घाँस अम्रिसो रोप्ने जस्ता क्रियाकलापहरु पहिचान गरी डढेलो व्यवस्थापन योजनामा समावेश गर्न सकिनेछ। यस शीर्षकमा विनियोजित रकम स्वीकृत लागत इष्टिमेट बमोजिम नियन्त्रित वन डढेलो लगाउने, सञ्जाल परिचालन, अग्निरेखा निर्माण तथा मर्मत, प्रचारप्रसार, जनचेतना वृद्धि, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि) डढेलो सूचना खरिद, प्राथमिक उपचार, दमकल परिचालन, वन डढेलो सम्बन्धी सूचना प्रसारण तथा उपकरण खरिद, हरित स्वयंसेवक/वनदस्ता (फाल्गुन देखि असारसम्म) परिचालन आदिमा खर्च गर्न सकिनेछ। यस अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- वन डढेलो व्यवस्थापन योजना कार्यान्वयन
- वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम
- वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन
- वन डढेलो सचेतना सप्ताह, (चैत्र १ देखि ७ गते सम्म)
- समूहको लागत सहभागीतमा स्थानीय श्रम प्रयोग गरी अग्निरेखा निर्माण तथा मर्मत
- वन डढेलो रोकथाम नियन्त्रण, व्यवस्थापन तथा प्रचार प्रसार कार्यक्रम
- वन डढेलो नियन्त्रण तथा अग्नी रेखा निर्माण
- वन डढेलो नियन्त्रण तथा सामग्री खरिद
- वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सामग्री खरिद तथा हस्तान्तरण
- वन डढलो नियन्त्रण तथा व्यवस्थापनको लागि अग्नि रेखा निर्माण
- पात्ले सा.व. मा वन डढेलो नियत्रण विशेष कार्यक्रम
- Fireline निर्माण
- वन डढेलो नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम

### ६०. एक जिल्ला एक वडा प्लाष्टिक मुक्त अभियान तथा निरन्तरता

जिल्लाको कम्तीमा एक वडालाई पूर्णरुपमा ४० मिलिमाईक्रोन भन्दा पातलो प्लाष्टिक प्रयोग मुक्त बनाउने र त्यसलाई अन्य वडाका लागि अनुकरणीय नमूना बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो। स्थानीय जनप्रतिनिधिको समन्वय र सहकार्यमा डिभिजन स्तरबाट यो कार्यक्रम सञ्चालन गरिनेछ।

**पहिलो त्रैमासिक अवधिमा:** वडाको छनौट, जनप्रतिनिधि र स्थानीय भद्रभलाद्मिको उपस्थितिमा समिति गठन, प्लाष्टिकको बिक्री, वितरण, र प्रयोगमा औपचारिक प्रतिबन्ध सम्बन्धी वडा कार्यालयबाट निर्णय, विद्यालय, टोल, बजारमा जनचेतनामुलक न्याली, बैकल्पिक सामग्रीको नमूनाको रुपमा वितरण तथा अनुगमन।

**दोश्रो त्रैमासिक अवधिमा:** स्थानीय जनप्रतिनिधि, सम्बन्धित क्षेत्रको सांसद, जिल्ला स्थित सरकारी कार्यालय समेतको उपस्थितिमा प्लाष्टिक मुक्त वडा घोषणा गरिने।



बागमती प्रदेश सरकार
भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

**तेस्रो त्रैमासिक अवधिमाः** प्लाष्टिक मुक्त वडा लागू, अनुगमन।

यस शीर्षकमा विनियोजित रकमबाट स्वयंसेवक परिचालन, तालिम/नाटक/वक्तृत्व कला प्रतियोगिता, वैकल्पिक सामग्रीको खरिद तथा वितरण, घोषणा कार्यक्रममा खाजा, पानी, नियमित अनुगमन तथा मूल्याङ्कन, इन्धन ईत्यादी खर्च गर्न सकिनेछ।

## ६१. कृषि वन विकास कार्यक्रम

यसमा विनियोजित रकम स्थानीय समूह/संस्था/व्यक्तिसँग सम्झौता गरी खर्च गर्न सकिनेछ। यस अन्तर्गत किसान र स्थानीय नेतृत्वको लागि अभिमुखिकरण, बिरुवा खरिद, वितरण तथा रोपण, इन्धन, खाजा पानी ईत्यादीमा खर्च गर्न सकिनेछ। यो कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु गर्न सकिनेछ।

- कृषि वन प्रणाली प्रवर्धन कार्यक्रम (सामुदायिक तथा कबुलियती वनमा फलफूल तथा बहुउपयोगी बिरुवा रोपण तथा संरक्षण)
- बाँझो छोडिएका एकै स्थानको २० रोपनी जग्गा भन्दा बढि जग्गा कृषि वन प्रर्वधन कार्यक्रम

## ६२. दिवस तथा समारोह

तोकिएको मितिमा वन, वातावरण, सिमसार, जलाधार तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस तथा समारोह सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। यो शीर्षकको रकम मन्त्रालय र मातहतका निकायहरुले लागत अनुमान स्वीकृत गराई हलभाडा, ब्यानर, खाजा/खाना, पानी, इन्धन, सञ्चार, मसलन्द, पुरस्कार तथा प्रमाण-पत्र (हाजिरी जवाफ प्रतियोगिता, निबन्ध प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, पेन्टिङ्ग प्रतियोगिता आदिमा) लगायतमा खर्च गर्न सकिनेछ।

यस अन्तर्गत देहायका कार्यक्रम सञ्चालन गरिनेछ।

- विभिन्न वन, वातावरणसँग सम्वन्धित दिवस, समारोहहरु मनाउने
- दिवस समारोह
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस तथा समारोह
- वन, वातावरण, जलाधार तथा जलवायु सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस तथा समारोह
- विभिन्न दिवस तथा समारोह विशेष कार्यक्रम (वातावरण, वन, गणतन्त्र, संबिधान, प्रजातन्त्र लगायत दिवसहरु)

## ६३. माईकेनिया/मिचाहा प्रजाति व्यवस्थापन

वन क्षेत्रमा माईकेनिया लगायत मिचाहा प्रजातिको प्रकोप नियन्त्रण गरी वन क्षेत्रको उत्पादकत्व वृद्धि, पुनरोत्पादनको बढावा र वन डढेलोको जोखिम कम गर्ने उद्देश्यका लागि यो कार्यक्रम राखिएको हो। यस शीर्षकमा विनियोजित रकम स्थानीय तह, वन उपभोक्ता समूह एवं निजी क्षेत्रसँग सहकार्य गरी वन क्षेत्रको मिचाहा वनस्पति हटाईने कार्यमा खर्च गर्न सकिनेछ। हटाईएको मिचाहा प्रजातिलाई कम्पोष्ट मल, चारकोल तथा



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

अन्य उद्योगको लागि कच्चा पदार्थ उत्पादन गर्नमा प्रयोग गर्न सकिनेछ। साथै कार्यक्रम सम्पन्न पश्चात सरसफाई गरिएको क्षेत्रको तश्विर, क्षेत्रफल र संकलित मिचाहा प्रजातिको व्यवस्थापन के कसरी गरिएको हो सो समेतका विवरण समावेश गर्नुपर्नेछ। यस अन्तर्गत देहायका कार्यक्रम सञ्चालन गरिनेछ।

- मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन
- माईकेनिया लगायत मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन

## ६४. तारबार/मेसजाली/घेराबारा

स्थानीय वन समूह/जनप्रतिनिधिहरुको समन्वय तथा सहकार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही यो कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## ६५. वरण्डाभार वन क्षेत्रमा सन्ध्याकालिन सफारी प्रवर्धन कार्यक्रम चितवन

यस कार्यक्रममा विनियोजित रकम सन्ध्याकालीन जीप सफारीको आवश्यक तयारीको लागि समूह सरोकारवालाहरुसँग छलफल, बैठक, भेला प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण, सन्ध्याकालीन सफारीको लागि आवश्यक पूर्वाधारमा सहयोग (बाटो सुधार, रात्री आबाँस टावर, चमेनागृह, बिश्राम चौतारी आदि) निर्माण गर्न सकिनेछ । यसको लागि कार्यालयले वन समूह, पालिका, साझेदारी संघ संस्थाको सहयोग र सहकार्यलाई प्राथमिकता दिनुपर्नेछ । यस शीर्षकमा विनियोजित रमक खाना, बास, यातायात, स्रोत व्यक्ति शुल्क, स्टेश्नरी, मसलन्द, मायाको चिनो लगायतको कार्यमा खर्च गर्न सकिनेछ।

## ६६. वन क्षेत्रको पात सङ्कलन गरी मल बनाउने

वन क्षेत्रबाट पत्कर, सोत्तर आदि संकलन गरी प्राङ्गरिक मल बनाउनका लागि यो क्रियाकलाप समावेश गरिएको हो। यो कार्य सञ्चालन गर्दा सम्बन्धित कार्यालयले स्थानीय वन समूहको समन्वय तथा सहकार्यमा पत्कर उपलब्ध हुने वन समूहहरुको क्लष्टर निर्माण गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही कार्यान्वयन गरिनेछ। यस शीर्षकमा विनियोजित रकम जग्गा तयारी, पत्कर संकलन, सेड घर/टहरा निर्माण, मेसिन तथा उपकरण खरिद लगायत पत्कर प्रशोधन गरी मल बनाउन आवश्यक पर्ने अन्य पूर्वाधार व्यवस्थापन तथा सञ्चालनका लागि खर्च गर्न सकिनेछ। यस कार्यक्रम अन्तर्गत तपसिलको कार्यहरु सञ्चालन गरिनेछ।

- वनको पात पतिङ्गरलाई कम्पोष्ट मल बनाउने कार्यक्रम
- समुदायको लागत सहभागितामा पत्करबाट प्राङ्गारिक मल बनाउने कार्यक्रम
- प्रज्वलनशील पदार्थलाई व्यवस्थापन गरी मल बनाउने
- वनमा रहेका पातपतिङ्गर संकलन गरी प्राङ्गारिक मल बनाउने मेशिन खरिद, टहरा निर्माण तथा हस्तान्तरण (निजीक्षेत्रको सहभागितामा समेत गर्न सकिने)



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

६७. **निजी, क.व., खोरिया फडानी र भू-संरक्षणका दृष्टिले सम्वेदनशील क्षेत्रलाई कृषि वनमा रुपान्तरणको लागि अम्रिसो रोपण (निजी, क.व., खोरिया फडानी र भू-संरक्षणका दृष्टिले सम्वेदनशील क्षेत्रलाई कृषि वनमा रुपान्तरणको लागि अम्रिसो रोपण)**

निजी, कबुलियती वन, खोरिया फडानी र भू संरक्षणका-दृष्टिले सम्वेदनशील क्षेत्रलाई संरक्षण गरी आयआर्जनमा टेवा पुऱ्याउनको निमित्त यो कार्यक्रम प्रस्ताव गरिएको हो। सम्भव भएसम्म वृहत क्षेत्रमा रोपणलाई प्राथमिकता दिनुपर्नेछ। यस शीर्षकमा विनियोजित रकम अम्रिसोको राईजोम खरिद, ढुवानी, रोपण जस्ता कार्यमा लागत अनुमान तयार गरी खर्च गर्नुपर्नेछ साथै सम्भव भएसम्म स्थानीय स्तरमा पाईने अम्रिसोको राईजोम (कम्तिमा ३ स्लिप भएको) खरिद गरी रोपण कार्य गर्नुपर्नेछ। कार्य सम्पन्न भए पश्चातको प्रतिवेदनमा रोपण गरिएको बिरुवा संख्या, लाभान्वित घरधुरी, क्षेत्रफल, रोजगारी सिर्जना सहितको विवरण, रोपण अघि र पश्चातको तस्बिर, बिल भरपाई सहित भुक्तानीको लागि पेश गर्नुपर्नेछ।

६८. **वन, वातावरण तथा जैविक विविधता सम्बन्धी ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि छपाई र वितरण**

यस कार्यक्रम अन्तर्गत मुख्यतः वन, वातावरण तथा जैविक विविधता सम्बन्धी ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि तयार गर्नको लागि मन्त्रालयले बिषयगत विज्ञ अधिकारवाला तथा सरोकारवालाहरु सम्मिलित कार्यदल बनाएर विषयगत परामर्शका आधारमा सहभागितामूलक प्रकृया अबलम्बन गरी परामर्श सेवा खरिद गरी सञ्चालन गर्न सकिने छ। यस शीर्षकमा विनियोजित रकम खाना, खाजा, बैठक भत्ता, यातायात खर्च, सरोकारवालाहरुसँग अन्तरक्रिया, विषय विज्ञको पारिश्रमिक, छपाई लगायतको कार्यमा खर्च गर्न सकिनेछ।

- **बागमती प्रदेश जलाधार गुरूयोजना र ऐन निर्माण**

यस मन्त्रालय अन्तर्गतको बजेटको ठूलो आकार भू तथा जलाधार क्षेत्र केन्द्रित हुने गरेको छ तर यस क्षेत्रका लागि रणनीतिक योजना सहितको गुरूयोजना र ऐन समेत तयार नभएको अवस्था देखिएकोले जलाधार गुरूयोजना तयार गर्ने र सो को आधारमा सहभागितामूलक पद्धतिबाट ऐन निर्माण गर्न आवश्यक भएकोले यो कार्यक्रम राखिएको छ। यस कार्यका लागि मन्त्रालयले विषयगत विज्ञ अधिकारवाला ,तथा सरोकारवाला सम्मिलित कार्यदल वनाएर विषयत परामर्शका आधारमा सहभागितामूलक प्रकृया अवलम्बन गरी वा परामर्श सेवा खरिद गरी सञ्चालन गर्न सक्नेछ। यस शीर्षकमा विनियोजित रकम खाना, खाजा, बैठक भत्ता, यातायात खर्च, सरोकारवालाहरुसँग अन्तरक्रिया, विषय विज्ञको पारिश्रमिक, छपाई लगायतको कार्यमा खर्च गर्न सकिनेछ।

- **एकीकृत जलाधार व्यवस्थापन योजना तयार**

भू तथा जलाधार व्यवस्थापन तर्फ टुक्रे योजना केन्द्रित बजेट विनियोजन हुने र योजनावद्ध काम नभएकोले उपलब्धिमूलक हुन नसकेको भन्ने चर्चा चलेको छ। यस सवाललाई सम्बोधन गर्नका लागि जिल्लागत रूपमा जलाधार वा उपजलाधार क्षेत्र पहिचान गरी त्यसको एकीकृत योजना तयार गर्ने र सो योजनामा आधारित भै योजना तर्जुमा गरी एकीकृत जलाधार व्यवस्थापन गर्ने अभिप्रायबाट यो कार्यक्रम राखिएको छ। यस कार्यका लागि मन्त्रालय वा कार्यालयहरूले विषयगत विज्ञ अधिकारवाला तथा सरोकारवालाहरु सम्मिलित कार्यदल ,



बागमती प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

बनाएर विषयगत परामर्शका आधारमा सहभागितामूलक प्रकृया अवलम्बन गरी वा परामर्श सेवा खरिद गरी सञ्चालन गर्न सकिनेछ।

## ६९. जडिबुटी भण्डारण श्रोत केन्द्र जिल्ला फेकोफन मार्फत

राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रमा जडिबुटी प्रशस्तै पाइन्छ । ती जडिबुटी सदरमुकाममा संकलन केन्द्र नहुँदा बजार व्यवस्थापनमा कठिनाई भएको पाइएकोले यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम जिल्ला स्थित सामुदायिक वन उपभोक्ता महासंघ नेपालको अगुवाईमा सञ्चालन गर्न सकिनेछ । सामुदायिक वन महासंघले जडिबुटी व्यवसायीहरु तथा सामुदायिक वन उपभोक्ता समूहको एक सञ्जाल निर्माण गर्नु पर्नेछ । महासंघ मार्फत स्थायी संरचना बनाई जडिबुटी भण्डारण केन्द्र स्थापना तथा सञ्चालन गर्नु पर्नेछ । सामुदायिक वनको रुख नभएको खाली क्षेत्रमा सम्बन्धित समूहको सहमतीमा वा सार्वजनिक पर्ती जग्गाको हकमा स्थानीय तहको सहमतीमा वा कुनै संघ संस्थाले जिल्ला भित्र संस्थाको हकभोगमा रहेको जग्गा सम्बन्धित जडिबुटी सञ्जाललाई हकभोगको लागि उपलब्ध गराई भण्डारण केन्द्र निर्माण गर्नका लागि स्थान छनौट गर्न सकिनेछ । भण्डारण केन्द्र निर्माण हुने स्थान कुनै सामुदायिक वन उपभोक्ता समूहको भएमा, उक्त केन्द्र सञ्चालन गर्ने जिम्मेवारी रहेको संयन्त्र तथा सञ्जालमा उक्त समूहको अनिवार्य रुपमा सदस्यता रहनु पर्नेछ ।यो कार्यक्रम प्रभावकारी बनाउन स्थानीय सरकार, वन उपभोक्ता समूहहरु, जडिबुटी व्यवसायी तथा अन्य संघ-संस्थासँग पनि सहकार्य गर्न सकिने छ ।

## ७०. बोधिचित्तको पकेट क्षेत्र स्थापना कोन्ज्योसोम गा.पा. ललितपुर (बोधिचित्तको पकेट क्षेत्र स्थापना कोन्ज्योसोम गा.पा. ललितपुर)

यो कार्यक्रम बोधिचित्त हुर्कन सक्ने हावापानी रहेको क्षेत्रमा स्वस्थ रुखको बिस्तार संरक्षण तथा पुनरुत्पादन , प्रवर्धन गर्न र नयाँ सम्भावित क्षेत्रको पहिचान गर्न जिल्लामा गठित जडिबुटी फोकल टिमबाट आवश्यक निर्णय गरी सरकारी वन क्षेत्र/ सार्वजनिक/निजी जग्गामा समेत खेती बिस्तार लगायतका कार्यहरु गर्न सकिनेछ। यो शीर्षकमा विनियोजित रकम गुणस्तरिय वहुवर्षिय बिरुवा खरिद, ढुवानी, रोपण र संरक्षण कार्यमा खर्च गर्न सकिनेछ तर **वन हेरालु नियुक्तिमा खर्च गर्न सकिने छैन।**

## ७१. पर्यापर्यटन सम्बन्धी सूचना केन्द्र सञ्चालन (फोटो मनिटरिङ प्रदर्शनी समेत)।

जैविक विविधता संरक्षण र पर्यापर्यटन विकासमा वनक्षेत्रले उल्लेखनीय योगदान पुर्‍याउँदै आएको तथा प्रकृति पर्यटन क्षेत्रमा भएका विकासमा पनि धेरै उपलब्धिमूलक प्रयास भैरहेका छन्। यद्यपि यस्ता प्रयास र उपलब्धिहरूलाई एकीकृत गरी सहज रूपमा सूचना प्रवाह पर्याप्त मात्रमा गर्न सकिएको छैन। यहि अभावलाई पूरा गर्नका लागि विगत र अहिलेको अवस्था सहितको फोटो मनिटरिङ गरि प्रदर्शनी गर्ने र जैविक विविधता एवं पर्यापर्यटन सम्बन्धी, रेडियो, अनलाईन, होर्डिङ बोर्डबाट नियमित सूचना प्रवाह तथा अपडेट समेत गर्नका लागि यो कार्यक्रम राखिएको छ।यो कार्यक्रम डिभिजन वन कार्यालयले सेवा प्रदायक संस्थासँगको सहकार्यमा सञ्चालन गर्न सकिनेछ।



बागमती प्रदेश सरकार
भूमि, पूर्वाधार, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

## अध्ययन तथा अनुसन्धानको लागि

७२. रणनीति/ऐन/नियमावली/कार्यविधि/अध्ययन तथा अनुसन्धान कार्य

मन्त्रालय कार्यालयमा उपलब्ध मानविय स्रोतबाट कार्यान्वयन हुन सक्ने अवस्थामा/निकाय/सोही निकायबाट र हुन नसक्ने अवस्थामा प्रचलित सार्वजनिक ऐन तथा नियमावली बमोजिम रणनीति/ऐन/नियमावली/कार्यविधि /अध्ययन तथा अनुसन्धान आदि कार्यहरु सञ्चालन गर्न सकिनेछ।

यस अन्तर्गत देहायका क्रियाकलापहरु रहेका छन्।

- Province-wide Watershed Degradation and Restoration Prioritization Study
- Climate Vulnerability Assessment of Community Forests
- Assessment of Community Forestry Contribution to Green Economy and Poverty Alleviation in Bagamati Province
- Nature-based Solutions Prioritization for Climate Adaptation
- Review of plantation programs in Bagamati province, and strategic guide for effective plantations and sustainable conservation
- Biodiversity and climate change impact study along the Greater Himalayan Trail of Bagamati Province
- विगतका आ.व. मा निजी तथा सा.व. मा मोसो बाँसको अध्ययन तथा अनुसन्धानको लागि स्थापना भएको प्लटको व्यवस्थापन
- उपत्यकामा शहरी वन सम्बन्धी अध्ययन/अनुसन्धान
- तालिमको प्रभावकारीता सम्बन्धी अध्ययन
- जिल्लाको वन क्षेत्रको पञ्चवर्षिय/रणनीतिक योजना तयारी
- जिल्लाको वन क्षेत्रको पञ्चवर्षिय/रणनीतिक योजनाको वातावरणीय अध्ययन
- दोलखा जिल्लामा बसाई सराई, युवाहरुको पलायनमा सामुदायिक वनले खेल्न सक्ने भूमिका सम्बन्धी अध्ययन
- न्याप्किन र ट्वाईलेट पेपर उत्पादन सम्भाव्यता अध्ययन
- जिल्लाको वन क्षेत्र रणनीतिक योजनाको लागि IEE
- जिल्लाको वन क्षेत्रको रणनीतिक योजना तयारी (पञ्चवर्षीय कार्ययोजना)
- ड्रोन तथा कृत्रिम वुद्दिमताको प्रयोग मार्फत सामुदायिक वनको स्वस्थ्य अवस्था अनुगमन
- उपजलाधार व्यवस्थापन योजना तयारी / उपजलाधार स्तरिय व्यवस्थापन योजना तयारी
- चर्नावती एकीकृत जलाधार व्यवस्थापन योजना



कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश सरकार, हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

## ७३. सामुदायिक वन सशक्तिकरण कार्यक्रम जिल्ला फेकोफन मार्फत

सामुदायिक वन उपभोक्ता समूहहरुले स्वीकृत विधान तथा कार्ययोजनामा उल्लेखित कार्यहरु जस्तैः समितिको बैठक, साधारण सभा, लेखापरीक्षण र प्रगति प्रतिवेदन तयारी एवं सम्बन्धित निकायमा पेश गर्ने कार्य तोकिएको समयमा नै गर्न गराउनको लागि समूहहरुलाई क्रियाशील बनाउन यो कार्यक्रम प्रस्ताव गरिएको हो। यो क्रियाकलाप जिल्ला स्थित सामुदायिक वन उपभोक्ता महासंघ नेपाल (फेकोफन) को अगुवाईमा सञ्चालन गरिनेछ। निष्क्रिय समूहहरुमा स्थलगत सुशासन कोचिङ वा पालिका वा क्लष्टर तहमा ती समूहका पदाधिकारीहरुलाई सहभागी गराई समूहको अवस्था विश्लेषण गर्नुपर्ने न्यूनतम कामहरु पहिचान गरी कार्य तालिका बनाई प्रतिबद्धता गराउन सकिने छ। यसका लागि स्टेश्नरी, खाजा, यातायात तथा स्रोत व्यक्तिको पारिश्रमिकका लागि खर्च गर्न सकिने छ। यस कार्यमा स्थानीय सरकार वन अन्य सहयोगि संघसंस्थाहरुसँग सहकार्य गर्न सकिनेछ। यस अन्तर्गत देहायका क्रियाकलाप रहेका छन्।

- सामुदायिक वन समूहको उपभोक्ताहरुलाई शसक्तिकरण कार्यक्रम सम्बन्धित फेकोफन मार्फत
- सामुदायिक वन सशक्तिकरण कार्यक्रम जिल्ला फेकोफन मार्फत

## ७४. सामुदायिक वनमा युवा प्रतिनिधित्व र नयाँ नेतृत्वलाई भूमिका सम्पादन सम्बन्धी क्षमता अभिवद्धि कार्यक्रम , कफ्सन नेपाल मार्फत

सामुदायिक वन उपभोक्ता समूहको गतिविधिमा युवाको संलग्नता र नेतृत्वमा प्रतिनिधित्व पछिल्लो समयमा कम हुँदै गईरहेको पाईन्छ। सामुदायिक वन उपभोक्ता समूहको नेतृत्वमा युवा पुस्ताको सहभागिता बढाउन यो कार्यक्रम प्रस्ताव गरिएको छ। यस कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले कफ्सन नेपालसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ। मन्त्रालय तथा कार्यालयसँगको समन्वयमा कफ्सन नेपालले अन्य संघसंस्थाहरूसँग सहकार्य तथा साझेदार गर्न सक्नेछ। यो कार्यक्रम अन्तर्गत सामुदायिक वनको समितिमा प्रतिनिधित्व गर्ने युवाहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। यसमा विनियोजित रकम स्टेश्नरी, खाजा, खाना, यातायात खर्च, सत्र सहजीकरण शुल्कका लागि खर्च गर्न सकिनेछ।

## ७५. बागमती फेकोफन मार्फत कानूनी सचेतना तालिम

वन, वन्यजन्तु तथा वातावरण क्षेत्रसँग सम्बन्धित कानूनका व्यवस्थाहरू सामुदायिक वनका अगुवाहरूलाई प्रशिक्षित गराउने र समुदाय तहमा कानूनी व्यवस्था कार्यान्वयनमा सहयोग पुर्याउने यो कार्यक्रमको मूख्य उद्देश्य रहेको छ। यो कार्यक्रमलाई थप प्रभावकारी बनाउन बागमती फेकोफनले अन्य निकायहरूसँग सहकार्य गर्न सक्नेछ। यस कार्यक्रम अन्तर्गत सहभागी तथा श्रोत व्यक्तिको यातायात, खाजा तथा खाना स्टेश्नरी सहजीकरण शुल्कका लागि खर्च गर्न सकिनेछ।

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

म. प्रमुख सचिव

### ७६. सामुदायिक वन प्रादेशिक कार्यशाला

सामुदायिक वन क्षेत्रमा भएका असल अभ्यास, अनुसन्धान लगायतका विभिन्न गतिविधिहरुको अनुभव आदान प्रदान गर्न सामुदायिक वनका प्रतिनिधि, विषय विज्ञ र सरोकारवालाहरू समेतको प्रतिनिधित्व रहने गरी प्रादेशिक कार्यशाला सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो। यस कार्यक्रम अन्तर्गत यातायात, खाना, खाजा, बास, हल भाडा, स्टेश्नरी, तालिम सामग्री, मायाको चिनो, सत्र शुल्क आदि कार्यमा खर्च गर्न सकिनेछ। यो कार्यक्रमलाई थप प्रभावकारी बनाउन विभिन्न सहयोगी संस्थाहरुसँग सहकार्य गर्न सकिनेछ। कार्यालयले फेकोफन, HIMAWANTI Nepal, तथा अन्य संस्था वा सेवा प्रदायक संस्था मार्फत समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

### ७७. स्थानीय तहमा वन ऐन तर्जुमा र वन, वातावरण शाखा स्थापनामा सहजीकरण

प्रचलित नीति तथा कानूनले निर्दिष्ट गरेका कार्यहरु स्थानीय तहमा प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय तहका पदाधिकारीहरूसँगको अन्तरक्रिया तथा छलफल गरी कार्यान्वयन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो।यस शीर्षक अन्तर्गत स्थानीय तहलाई वन ऐन तर्जुमा र वन, वातावरण शाखा स्थापना गर्नका लागि सहजीकरणका कार्यहरु गरिनेछ। विनियोजित रकम कार्यक्रम सञ्चालनका लागि स्वीकृत लागत अनुमान बमोजिमका कार्यहरुको लागि खर्च गर्न सकिनेछ।कुनै स्थानीय तहका निम्ती यस मन्त्रालय र मातहतका प्राविधिक कर्मचारीहरु वा विषयगत विज्ञहरूलाई सहजकर्ताको रुपमा परिचालन गर्न सकिनेछ।

### ७८. स्रोतयुक्त सामुदायिक वनहरूको आर्थिक स्रोत सदुपयोग तथा विपन्नमुखी कार्यक्रम तर्जुमा कार्यक्रम

सामुदायिक वनको मार्गदर्शन २०८१ बमोजिमको खर्चलाई प्रभावकारी बनाउन समूहहरुको क्षमता अभिवृद्धि र सहजीकरणका कार्यक्रम आवश्यक देखिन्छ। वन पैदावारको बिक्रीबाट प्राप्त आम्दानी धेरै हुने समूहले कम आम्दानी हुने समूहको लागि केही रकम जिल्ला भित्र/बाहिरका समूहहरुलाई वन विकास, उद्यम विकास र विपन्नमुखी कार्यक्रम तर्जुमा एंव कार्यान्वयन गर्नका लागि यो कार्यक्रम राखिएको छ।यो रकम स्वीकृत लागत अनुमान बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

### ७९. नमूना सामुदायिक वन विकास कार्यक्रम

यो कार्यक्रम सामुदायिक वन उपभोक्ता समूहहरुको कार्यक्रम तर्जुमा वन व्यवस्थापनका क्रियाकलापहरुलाई नमूनाको रुपमा अघि बढाउनको लागि प्रस्ताव गरिएको हो। यस कार्यक्रम अन्तर्गत विनियोजित रकम वन व्यवस्थापन, समूह सशक्तिकरण, हरित उद्यममा आधारित जिविकोपार्जन लगायतका कार्यक्रमहरु सञ्चालनका लागि खर्च गरिनेछ।यस कार्यक्रम सञ्चालन गर्नका लागि ईच्छुक विकास साझेदारहरुसँग सहकार्य समेत गर्न सकिनेछ।

### ८०. जलवायु परिवर्तन र हिमालको भविष्य विषयक अन्तर्राष्ट्रिय सम्मेलन गौरीशंकर क्याम्पस

दोलखा स्थित गौरीशंकर वहुमुखी क्याम्पसले आयोजना गर्ने गरी जलवायु परिवर्तन र हिमालको भविष्य विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा सहकार्य गरी नेपालको वन क्षेत्रले खेलेको भूमिकालाइ अन्तर्राष्ट्रियकरण गर्ने अभिप्राय यो कार्यक्रम राखिएको हो। यसबाट प्राज्ञिक क्षेत्रमा वन वातावरणका उपलब्धिलाई मूल प्रवाहमा समेटिने छ। यस सहकार्यले वन तथा वातावरण मन्त्रालय र प्राज्ञिक क्षेत्र बीच समन्वय र सहकार्यको दायरा फराकिलो हुनेछ। यस कार्यक्रममा विनियोजित बजेट सम्मेलनको व्यवस्थापकिय पक्ष (खाना, खाजा, बास, यातायात, मायाको चिनो, स्रोत व्यक्ति सहजीकरण शुल्क आदिमा) खर्च गर्न सकिनेछ।

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

## ८१. लोपोन्मुख भजन मार्फत वन तथा वातावरण सम्बन्धी सचेतना कार्यक्रम

वन तथा वातावरण सम्बन्धी सचेतना बिस्तारमा परम्परागत शैली तथा सिपहरूको प्रभावकारी हुने र यस्ता परम्परागत संस्कृति लोपोन्मुख हुँदै गएकोले यस किसिमको संस्कृतिको जगेर्ना गर्दै वन वातावरण सम्बन्धी सचेतना अभिवृद्धिका लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो। यस किसिमको संस्कृति र सिपलाई संरक्षण, प्रवर्धन र नयाँ पुस्तामा पुस्तान्तरण गर्न खैजडी भजन समूह परिचालन गरी विद्यालय स्तरमा समेत भजन प्रशिक्षण, सामग्री उत्पादन कार्य गरिनेछ। यस कार्यक्रम अन्तर्गत विनियोजित रकम खैजडी भजन तथा नृत्य सम्बन्धी तालिम सञ्चालन तथा सामग्री खरिद लगायतका कार्यमा खर्च गर्न सकिनेछ। यस अन्तर्गत तपसिलको कार्यक्रम समेत सञ्चालन गरिनेछ।

- लोपन्मुख भजन प्रणाली मार्फत वातावरण शिक्षा र वन डढेलो नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम

## ८२. सामुदायिक वन उपभोक्ता महासंघ मार्फत डिभिजन स्तरमा सामुदायिक वन उपभोक्ता समूहहरूको वार्षिक प्रतिवेदन , तयारी, लेखापरीक्षण तथा सुशासन अभिवृद्धिका लागि सहजीकरण तथा सचेतना गोष्ठी

सामुदायिक वन उपभोक्ता समूहहरूले हरेक वर्ष वार्षिक प्रगति प्रतिवेदन तयार गरी स्थानीय तह र वन कार्यालयमा पेश गर्नु पर्दछ। त्यसै गरी हरेक वर्ष लेखापरीक्षण गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। सो व्यवस्था अनुसार समूह सञ्चालन गर्न र नेटवर्किङमा समेत सहयोग पुर्याउन महासंघ र डि.व.का. को सहकार्यमा यो गोष्ठी सञ्चालन गरिनेछ।

## ८३. वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन

वन अतिक्रमण बहुआयमिक समस्या हो। यसको नियन्त्रणका लागि स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, प्रहरी, भूमि व्यवस्था तथा नापी कार्यालय तथा स्थानीय जनप्रतिनिधिसँग समन्वय र सहकार्य गर्दै विभिन्न क्रियाकलापहरु गर्न आवश्यक रहन्छ। यस अन्तर्गत नापी तथा भूमि व्यवस्था कार्यालयको समन्वय र सहकार्यमा सीमाना निर्धारण र नक्साङ्कन, अतिक्रमण क्षेत्रमा नियमित अनुगमन तथा गस्ती परिचालन, अतिक्रमित क्षेत्र खाली गराउने कार्य, अतिक्रमण खाली गराईएको क्षेत्रमा तारबार, वृक्षारोपण लगायतका कार्यहरु गर्न सकिन्छ। यो शीर्षकको रकम बिरुवा खरिद तथा रोपण, बैठक, खाजा, खाना, पानी, इन्धन लगायतमा लागत अनुमान स्वीकृत गरी खर्च गर्न सकिन्छ। कार्य सम्पन्न भए पश्चात अतिक्रमण नियन्त्रण गरिएको क्षेत्रको नक्शा, व्यवस्थापन गर्नुपूर्व र पश्चातको फोटो र अतिक्रमण व्यवस्थापन गरिएको प्रतिवेदन सहितको विवरण समावेश गर्नुपर्नेछ। यो कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु गर्नुपर्नेछ।

- अतिक्रमण हुन सक्ने सम्वेदनशील वन क्षेत्रमा वन क्षेत्रको जग्गा छुट्टयाई वृक्षारोपण
- अतिक्रमण नियन्त्रणका लागि तारबार

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव,

८४. कटुस/उत्तिसको वन भएको सा.व. को दिगो व्यवस्थापन मार्फत सिताके च्याउ उत्पादन कार्यक्रम (कार्ययोजना तयारी/कार्यान्वयन/सिताके च्याउ उत्पादन तथा व्यवस्थापन)

कटुस/उत्तिसको वन बाहुल्यता भएका सामुदायिक वनमा काठजन्य उत्पादन बाहेक बैकल्पिक आयस्रोतको सम्भावना पहिचान गरी सिताके च्याउ उत्पादन प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो। यस कार्यक्रममा विनियोजन गरिएको रकमबाट कटुस वा उत्तिसको वनको वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनबाट उत्पादित काठबाट सिताके च्याउको बीउ खरिद, तालिम सञ्चालन र आवश्यक पूर्वाधार निर्माणमा समेत खर्च गर्न सकिनेछ। सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरु मध्येबाट सिताके च्याउ उत्पादन तथा व्यवस्थापनमा आवद्ध हुन चाहने सक्रिय उपभोक्ताहरु छनौट गरी सिताके च्याउ व्यवस्थापन कार्यक्रम कार्यान्वयन गरिनेछ। यसमा स्थानीय तहसँग समेत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ। कार्यक्रम सम्पन्न पश्चात सिताके च्याउ उत्पादन गरिएको परिमाण, उत्पादन गर्ने समूहको विवरण, खपत गरिएको वन पैदावारको परिमाण समेत उल्लेख गरिएको परिमाण र आम्दानी सहितको प्रगति विवरण पेश गर्नुपर्नेछ।

८५. एक किसान ५ बोधिचित्त, ५ रुद्राक्ष रोपण अभियान

उच्च आर्थिक तथा औषधीय महत्व भएका बोधिचित्त र रुद्राक्ष प्रजातिको खेती प्रवर्धन गरी किसानको आम्दानी वृद्धि गर्ने उद्देश्यले प्रत्येक ईच्छुक किसानलाई ५ बोधिचित्त र ५ रुद्राक्षका बिरुवा वितरण गरी रोपण गराउन यो अभियान राखिएको हो। यसबाट निजी तथा सार्वजनिक जग्गामा हरियाली बिस्तार र दिगो आयआर्जनमा टेवा पुग्नेछ। यस कार्यक्रम अन्तर्गत बिरुवा खरिद, ढुवानी, वितरणमा खर्च गर्न सकिनेछ।

८६. ३५ वर्ष मुनिका सरोकारवाला युवाहरुलाई वन उद्यम सम्बन्धी स्थलगत अनुभव आदान प्रदान र सिकाई कार्यक्रम

वन पैदावारमा आधारित उद्यमशीलतामा युवा सहभागिता बढाउन र सफल अभ्यासबाट सिकाई हस्तान्तरण गर्न ३५ वर्ष मुनिका सरोकारवाला युवाहरुलाई सफल वन उद्यमको स्थलगत भ्रमण तथा अनुभव आदानप्रदान कार्यक्रममा सहभागी गराउन यो शीर्षक राखिएको हो। यसबाट युवा नेतृत्वमा वन उद्यम बिस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ। यस कार्यक्रम अन्तर्गत स्थलगत भ्रमण, यातायात, खाना, आबास तथा स्रोत व्यक्ति शुल्कका लागि खर्च गर्न सकिनेछ।

८७. अशोक बाटिका क्षेत्र स्वच्छ बनाउने कार्यक्रम, राक्सिराङ ३

राक्सिराङ ३, मकवानपुर स्थित अशोक बाट सार्वजनिक महत्वको धार्मिक तथा प्राकृतिक क्षेत्र भएकोले यसलाई फोहोर मैलामुक्त र स्वच्छ राख्नुपर्ने आवश्यकता रहेको छ। स्थानीय समुदाय, विद्यालय र स्थानीय तहको सहकार्यमा सरसफाई तथा सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो। यस कार्यक्रम अन्तर्गत अशोक बाटिका क्षेत्रको सरसफाई, डस्टबिन खरिद, स्थानीय श्रम, यातायात तथा स्रोत व्यक्तिका लागि खर्च गर्न सकिनेछ।

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

८८. विद्यार्थीसँग वन कार्यक्रम

विद्यार्थी तहमै वन तथा वातावरण संरक्षणप्रति सचेतना र दायित्वबोध विकास गर्न विद्यालयका विद्यार्थीहरुलाई वन क्षेत्रको स्थलगत भ्रमण, वृक्षारोपण तथा अन्तरक्रिया कार्यक्रममा सहभागी गराउने गरी यो कार्यक्रम राखिएको हो। यसबाट भावी पुस्तामा वन संरक्षणको महत्व आत्मसात हुने अपेक्षा गरिएको छ। यस कार्यक्रम अन्तर्गतको विनियोजित बजेटबाट वृक्षरोपण, यातायात, खाजा तथा स्रोत व्यक्ति सहजीकरण शुल्कका लागि खर्च गर्न सकिनेछ।

८९. स्थानीय तहसँगको सहकार्यमा फोहोर संकलन, व्यवस्थापन तथा उपयोग कार्यक्रम

वन तथा सार्वजनिक क्षेत्र वरपर अव्यवस्थित फोहोर मैलाले वातावरणीय प्रदूषण तथा वन्यजन्तुमा प्रतिकूल असर पुऱ्याईरहेको पाईन्छ। स्थानीय तहसँगको सहकार्यमा फोहोर संकलन, वर्गीकरण र उचित उपयोग (पुनःचक्रण/कम्पोष्ट) प्रवर्धन गर्न यो कार्यक्रम राखिएको हो। यस कार्यक्रम अन्तर्गत संकलन सामग्री, स्थानीय श्रम, यातायात तथा स्रोत व्यक्तिका लागि खर्च गर्न सकिनेछ।

९०. वनक्षेत्रसँग सम्बन्धित सम्पूर्ण तथ्याङ्क सङ्कलन तथा प्रदेशको सूचना प्रणालीमा प्रविष्टी

प्रदेशभित्रका वन क्षेत्र, सामुदायिक/कबुलियती वन, नर्सरी लगायतका तथ्याङ्क अद्यावधिक रुपमा नभएमा योजना तर्जुमा तथा अनुगमनमा कठिनाई हुने भएकोले यो कार्यक्रम राखिएको हो। स्थलगत रुपमा तथ्याङ्क सङ्कलन गरी प्रदेश सरकारको सूचना प्रणाली (Information System) मा प्रविष्टि गरिनेछ। यस कार्यक्रममा विनियोजित बजेटबाट स्थलगत भ्रमण, यातायात, डाटा इन्ट्री तथा स्रोत व्यक्तिका लागि खर्च गर्न सकिनेछ।

९१. चौतारा संरक्षण तथा व्यवस्थापन

चौतारा स्थानीय समुदायको साँस्कृतिक तथा सामाजिक सभ्यताको महत्वपूर्ण सम्पदा भएको र यसमा प्रायः पुराना छाँयादार रुखहरु बर, पिपल, समी, पलाँस, कपुर, अशोक, रुद्राक्ष आदि रहने भएकोले यसको संरक्षण जरुरी छ। जीर्ण भएका चौतारा मर्मत तथा नयाँ चौतारा वरपर रुखबिरुवाको संरक्षण, बिरुवा खरिद तथा ढुवानी खर्चको भुक्तानी गर्न यो शीर्षक राखिएको हो। यसका लागि निर्माण सामग्री, स्थानीय श्रम तथा रोपण खर्च गर्न सकिनेछ।

९२. कर्मचारीहरुको टिम विल्डिङ्ग, सदाचार र अनुशासन पुनर्ताजगी कार्यक्रम

कार्यालयमा कार्यरत कर्मचारीहरुको आपसी समन्वय, कार्यक्षमता, सदाचार र अनुशासन अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। यस अन्तर्गत टिम विल्डिङ्ग अभ्यास, सदाचार तथा आचारसंहिता सम्बन्धी अन्तरक्रिया र अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरी कर्मचारीहरुको मनोबल उच्च राख्ने प्रयास गरिनेछ। यस कार्यक्रम अन्तर्गत स्थलगत कार्यक्रम, यातायात, खाना/खाजा, तालिम सामग्री तथा स्रोत व्यक्तिका लागि खर्च गर्न सकिनेछ।

९३. ड्रोन तथा कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) को प्रयोग मार्फत सामुदायिक वनको स्वास्थ्य अवस्था अनुगमन

प्रविधिको प्रयोग गरी सामुदायिक वनको क्षेत्रफल, घनत्व, क्षयीकरण, अतिक्रमण तथा वन्यजन्तु सम्बन्धी अवस्थाको यथार्थपरक अनुगमन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। स्थानीय प्रशासनको अनुमति लिई ड्रोन मार्फत हवाई फोटोग्राफी तथा कृत्रिम बुद्धिमत्तामा आधारित विश्लेषण प्रविधिको प्रयोग गरी सामुदायिक



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव.

वनको स्वास्थ्य अवस्था र जोखिम क्षेत्र पहिचान गरिनेछ। यस कार्यक्रम अन्तर्गत ड्रोन भाडा, ड्रोन उडान/परिचालन, प्राविधिक सेवा, सफ्टवेयर विश्लेषण तथा स्रोत व्यक्ति शुल्कका लागि खर्च गर्न सकिनेछ।

## ९४. सामुदायिक वनमा युवा सशक्तिकरण कार्यक्रम

सामुदायिक वन व्यवस्थापन तथा नेतृत्वमा युवाहरुको सहभागिता र भूमिका अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। यस अन्तर्गत सामुदायिक वन उपभोक्ता समूहका युवा सदस्यहरुलाई नेतृत्व विकास, उद्यमशीलता तथा वन व्यवस्थापन सम्बन्धी तालिम, अन्तरक्रिया र अनुभव आदानप्रदान कार्यक्रममा सहभागी गराइनेछ। यस कार्यक्रम अन्तर्गत तालिम, अन्तरक्रिया गर्दा लाग्ने यातायात, खाजा/खाना तथा स्रोत व्यक्ति सहजीकरण शुल्कमा खर्च गर्न सकिनेछ।

## ९५. निष्क्रिय सामुदायिक वन सशक्तिकरण कार्यक्रम

विभिन्न कारणले निष्क्रिय रहेका सामुदायिक वन उपभोक्ता समूहहरुलाई पुनः सक्रिय तुल्याई नियमित वन व्यवस्थापन क्रियाकलापमा संलग्न गराउने उद्देश्यले यो कार्यक्रम राखिएको हो। यस्ता सा.व.उ.स. का पदाधिकारी तथा सदस्यहरुसँग अन्तरक्रिया, कार्ययोजना पुनरावलोकन तथा संस्थागत सुदृढीकरण सम्बन्धी सहजीकरण गरिनेछ। यस कार्यक्रम अन्तर्गत अन्तरक्रिया गर्दा लाग्ने यातायात, खाजा/खाना तथा स्रोत व्यक्ति सहजीकरण शुल्कमा खर्च गर्न सकिनेछ।

## ९६. स्थानीय वन वातावरण ऐन निर्माणमा सहजीकरण

स्थानीय तहहरुमा वन तथा वातावरण सम्बन्धी स्थानीय ऐन तर्जुमा गर्न प्राविधिक सहयोग तथा सहजीकरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। यस अन्तर्गत स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीसँग अन्तरक्रिया गरी ऐन तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग पुऱ्याईनेछ। यस कार्यक्रम अन्तर्गत अन्तरक्रिया गर्दा मसलन्द, छपाई खर्च तथा स्रोत व्यक्ति सहजीकरण शुल्कमा खर्च गर्न सकिनेछ।

## ९७. साल पुनरुत्पादन प्रवर्धन कार्यक्रम, रमिते सा.व., गोकुलगंगा-५ वन भित्रको क्षतिग्रस्त पहिरो व्यवस्थापन

गोकुलगंगा-५ स्थित रमिते सामुदायिक वनभित्र रहेको साल प्रजातिको प्राकृतिक पुनरुत्पादनलाई प्रवर्धन गर्ने साथै वन भित्र रहेको क्षतिग्रस्त पहिरो क्षेत्रको व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। यस कार्यक्रम अन्तर्गत साल पुनरुत्पादनका लागि गोडमेल, संरक्षण तथा पहिरो क्षेत्रमा तटबन्ध/बायो इन्जिनियरिङ्ग विधि अपनाई व्यवस्थापन गरिनेछ। यसका लागि निर्माण सामग्री, स्थानीय श्रम तथा बिरुवा खरिद तथा रोपणका लागि खर्च गर्न सकिनेछ।

## ९८. तीलस्वारा ठूलो थलथले सा.व., वैतेश्वर-७ मा प्रजाति रुपान्तरण कार्यक्रम

वैतेश्वर-७, दोलखा स्थित तीलस्वारा ठूलो थलथले सामुदायिक वनमा रहेको कम आर्थिक महत्वको वन प्रजातिलाई क्रमशः उच्च आर्थिक तथा पारिस्थितिक महत्वको प्रजातिमा रुपान्तरण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। यस अन्तर्गत उपयुक्त प्रजाति छनौट, बिरुवा उत्पादन/खरिद, रोपण तथा स्याहारसम्भार गरिनेछ। यस कार्यक्रम अन्तर्गत बिरुवा तथा रोपण सामग्री खरिद तथा स्थानीय श्रम तथा स्रोत व्यक्तिका लागि खर्च गर्न सकिनेछ।



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

## ९९. मन्दिर परिसरमा बर, पिपल, समी र रुद्राक्ष संरक्षण तथा रोपण कार्यक्रम

धार्मिक तथा साँस्कृतिक महत्व बोकेका देववृक्ष (बर, पिपल, समी) र रुद्राक्षको संरक्षण गरी मन्दिर परिसरको हरियाली तथा वातावरणीय महत्व अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। यस अन्तर्गत मन्दिर परिसरमा रहेका पूराना देववृक्षको संरक्षण तथा नयाँ बिरुवा रोपण गरिनेछ। यस कार्यक्रम अन्तर्गत बिरुवा खरिद, ढुवानी, रोपण, तारबारका लागि खर्च गर्न सकिनेछ।

## १००. असल अभ्यासको अध्ययन अवलोकन भ्रमण

वन, वातावरण तथा जैविक विविधताका क्षेत्रमा भएका असल अभ्यासहरुबाट सिकाइ लिन सम्बन्धित कर्मचारी, समूह पदाधिकारी वा सरोकारवालाहरू समेतको प्रतिनिधित्व रहने गर अध्ययन अवलोकन भ्रमण सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो। यस कार्यक्रम अन्तर्गत भ्रमण गरिने स्थान, टोलिको आकार बमोजिम लागत अनुमान स्वीकृत गराई कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत यातायात, खाना, खाजा, बास, दैनिक भ्रमण भत्ता, स्टेश्नरी, हल भाडा, तालिम सामग्री, सत्र शुल्क आदि कार्यमा खर्च गर्न सकिनेछ। भ्रमण सम्पन्न भए पश्चात सिकाई र प्राप्त अनुभव समेटी भ्रमण गरिएका स्थानहरुको फोटो र असल अभ्यासहरु समावेश गरिएको प्रतिवेदन सहितको विवरण समावेश गर्नुपर्नेछ।

## १०१. पालिकासँगको सहकार्यमा पुनर्भरण ईनार र बिरुवा रोपण प्रोत्साहन (हेटौडा, मन्थली, गोदावरी र भरतपुर)

भूमिगत जलस्तर वृद्धि तथा हरियाली प्रवर्धन गर्ने उद्देश्यले हेटौडा, मन्थली, गोदावरी र भरतपुरका स्थानीय तहहरुसँगको सहकार्यमा पुनर्भरण ईनार (Recharge Well) निर्माण र बिरुवा रोपण प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। सम्बन्धित स्थानीय तहसँग लागत साझेदारी तथा सम्झौता गरी उपयुक्त स्थान पहिचान गरिनेछ। यसमा विनियोजित रकम पुनर्भरण ईनार निर्माण, बिरुवा खरिद/ढुवानी/रोपण तथा सम्बन्धित निर्माण कार्यमा खर्च गर्न सकिनेछ। निर्माण/रोपण कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सञ्चालन गरिनेछ। कार्यक्रम सम्पन्न भएपछि स्थान, बिरुवा रोपण र निर्माण संरचना, संख्या तथा कार्यक्रम सञ्चालन गर्नुपूर्व र पश्चातको तस्बिर सहितको प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

## १०२. कृषि तथा वन विज्ञान विश्वविद्यालयसँगको सहकार्यमा Universal Testing Machine प्रविधि हस्तान्तरण

काठ तथा वन पैदावारको गुणस्तर परीक्षण गर्न सक्ने Universal Testing Machine जस्ता प्राविधिक उपकरण/प्रविधि कृषि तथा वन विज्ञान विश्वविद्यालयलाई हस्तान्तरण गर्ने कार्यक्रम हो। सम्बन्धित विश्वविद्यालयसँग समझदारी-पत्र (MoU) गरी उपकरण खरिद तथा हस्तान्तरणको प्रक्रिया अगाडि बढाईनेछ। खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ। हस्तान्तरण पश्चात उपकरणको उपयोग, सञ्चालन तथा मर्मत सम्भारको जिम्मेवारी विश्वविद्यालयको हुनेछ। मन्त्रालयले आवश्यकता अनुसार अनुसन्धान तथा प्राविधिक सहयोगमा उक्त प्रविधिको उपयोग गर्न सक्नेछ।



बागमती प्रदेश सरकार, भूमि व्यवस्था, कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

## १०३. दोस्रो वन विज्ञ सम्मेलन

वन विज्ञान क्षेत्रका प्राज्ञिक व्यक्ति, अनुसन्धानकर्ता, नीति निर्माता तथा प्राविधिकहरुबीच ज्ञान तथा अनुभव आदानप्रदान गर्न "दोस्रो वन विज्ञ सम्मेलन" आयोजना गर्न यो कार्यक्रम राखिएको हो। सम्मेलनमा प्रस्तुत हुने अनुसन्धानपत्र/कार्यपत्र संकलन गरी प्रस्तुतीकरण तथा छलफलको व्यवस्था मिलाईनेछ। यस सहकार्यले वन तथा वातावरण मन्त्रालय र प्राज्ञिक क्षेत्र बीच समन्वय र सहकार्यको दायरा फराकिलो हुनेछ। विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान तथा अन्य प्राज्ञिक संस्थाहरुसँग सहकार्य गरी सम्मेलन आयोजना गर्न सकिनेछ। यस कार्यक्रम अन्तर्गत सम्मेलनका व्यवस्थापकिय पक्ष (खाना, खाजा, बास, यातायात, मायाको चिनो, स्रोत व्यक्ति सहजीकरण शुल्क आदि)मा खर्च गर्न सकिनेछ।

## १०४. स्थानीय तहको लागत साझेदारीमा Hi Tech बिरुवा ट्रान्सप्लान्ट गर्ने मेसिन खरिद

सार्वजनिक निर्माणका कार्य, सडक विस्तारका कार्यहरु सञ्चालन गर्दा हुर्किएका वा वयस्क बिरुवाहरुको स्थानान्तरण गरी अन्यत्र लैजाने प्राविधिक उपकरण/प्रविधि खरिद/हस्तान्तरण गर्ने कार्यक्रम हो। स्थानीय तहको लागत साझेदारीमा उपकरण खरिदको प्रक्रिया अगाडि बढाईनेछ। खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ। हस्तान्तरण पश्चात उपकरणको उपयोग, सञ्चालन तथा मर्मत सम्भारको जिम्मेवारी स्थानीय तहको हुनेछ। मन्त्रालयले आवश्यकता अनुसार अनुसन्धान तथा प्राविधिक सहयोगलाई उक्त प्रविधिको उपयोग गर्न सक्नेछ।



बागमती प्रदेश सरकार
भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

भू तथा जलाधार व्यवस्थापन कार्यक्रम तर्फको

## १०५. कम खर्चिलो भू-संरक्षण प्रविधि प्रयोग गरी पहिरो उपचार कार्यक्रम

यो कार्यक्रमको उद्देश्य प्राकृतिक कारण वा मानविय क्रियाकलापका कारण उत्पन्न भएका पहिरो र भू-क्षयलाई कम लागतमा, दिगो तथा प्रकृति र समुदायमैत्री प्रविधिहरू (जस्तैः जैविक प्रविधि, स्थानीय सामग्री प्रयोग, सामुदायिक श्रमदान) को माध्यमबाट नियन्त्रण तथा उपचार गर्ने हो। यो कार्यक्रम सञ्चालन गर्दा स्थानीयरुपमा उपलब्ध भएका सामग्रीहरु जस्तै ढुङ्गा, बाँस, माटो, घाँसको प्रयोग गरिनेछ। यो कार्यक्रम सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रही सञ्चालन गर्नुपर्नेछ।

## १०६. बायोईन्जिनियरिङ खोला किनार संरक्षण कार्यक्रम

नदी तथा खोलाका किनारमा हुने कटान, बाढी तथा अन्य प्राकृतिक कारणले मानव बस्ती, खेतबारी, पूर्वाधार तथा पारिस्थितिकीय प्रणालीमा गम्भीर असर पुऱ्याइरहेको छ। यसै सन्दर्भमा बायोईन्जिनियरिङ प्रविधि र हरित उपायको प्रयोगबाट नदी किनारा स्थिरीकरण, सामाजिक तथा आर्थिक सुरक्षा, वातावरणीय प्रणाली संरक्षण र जलाधार व्यवस्थापनलाई प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रम कार्यान्वयन गर्दा कुल बजेटको कम्तीमा १०% जलवायु तथा वातावरणमैत्री बनाउनका लागि वृक्षारोपण तथा बायोईन्जिनियरिङ गतिविधिमा खर्च गर्नुपर्नेछ। हरित प्रविधि (जस्तैः बाँस, अम्रिसो, घाँस, उपयुक्त फलफूलका बिरुवा) प्रयोग गरी कम खर्चिलो, दिगो र वातावरणमैत्री समाधान गर्ने तर्फ यो कार्यक्रम कार्यान्वयन गरिनेछ।

यो कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- खोलाकिनार संरक्षण कार्य
- बायोईन्जिनियरिङ तटबन्ध निर्माण तथा खहरे संरक्षण
- बायोईन्जिनियरिङ खोला किनार संरक्षण खोलाकिनार संरक्षण
- नदी खोला नियन्त्रण कार्यक्रम (बायोईन्जिनियरिङ प्रविधि)

## १०७. उपजलाधार केन्द्रित सहभागितात्मक एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम कार्यविधि

नेपालका नदी तथा उपजलाधार क्षेत्रमा विगतका दशकहरूमा देखिएको भू-क्षय, बाढी, पहिरो, वनविनाश र माटो कटानले स्थानीय बस्ती, कृषि उत्पादन, पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा प्रतिकूल असर पारिरहेको छ। यस कार्यक्रम मार्फत सम्बन्धित कार्यालय मातहतमा रहेका प्राथमिकीकरण भई सकेका उपजलाधारहरूमा सहभागीमूलक, दिगो र कम खर्चिलो जैविक/बायोईन्जिनियरिङ प्रविधिमा आधारित एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन गरी सामाजिक, आर्थिक तथा पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने उद्देश्य लिइएको छ।

**यो कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेख गरेका कार्यक्रमहरु मध्येबाट प्राविधिक दृष्टिकोणले उपयुक्त हुने कार्यक्रम कार्यान्वयन गरिनेछ।**

- सुख्खा ढुंगा, गेबीयन वा ढुंगा-सिमेन्ट मसलाको रिटेनिङ वाल, चेकड्याम।
- माइक्रोपाइलिङ सहितको मेशिनरी रिटेनिङ वाल, ब्रियस्ट वाल।
- ब्रसउड चेकड्याम, बाँसको छेकवाध, क्रिब वाल।



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- बाँसको पाइलिङ तथा वाटलिङ, फेसिन, पेलिसेड, ब्रस लेयरिङ।
- बाँस, अम्रिसो, घाँस रोपण तथा कृषि-वन/संरक्षण वृक्षारोपण।

यस अन्तर्गतका कार्यक्रमहरु:

- उपजलाधार केन्द्रित सहभागितात्मक एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम (पलाँखु खोलाको उपजलाधार क्षेत्र व्यवस्थापन योजना तयार र तर्जुमा) (धादिङ जिल्लामा पर्ने ३४ वटा उप जलाधार क्षेत्रहरुलाई प्राथमिककीकरण गरी संरक्षणको हिसावले दोश्रो खराब अवस्थामा रहेको जलाधार क्षेत्र)
- उपजलाधार केन्द्रित सहभागितात्मक एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम (बायोईन्जिनियरिङ प्रविधिमा आधारित)
- एकीकृत उपजलाधार व्यवस्थापन योजना कार्यान्वयन (रोशी-तार्खे-समुन्द्रे खोला उपजलाधार क्षेत्र)

**१०८. आकस्मिक विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (तारजाली खरिद तथा वितरण समेत)**

नेपालको भौगोलिक, भू-आकृति र जलवायुजन्य विशेषताका कारण बाढी, पहिरो, डुबान लगायतका प्राकृतिक प्रकोपहरु बारम्बार देखापर्दै आएका छन्। यसले मानव जीवन, बस्ती, खेतीयोग्य जमिन, भौतिक संरचना, पूर्वाधार, सामाजिक तथा साँस्कृतिक सम्पदाहरुमा नकारात्मक असर पुऱ्याउँदै आएको छ। यी विपद्का असरलाई न्यूनीकरण गर्ने, सम्वेदनशील संरचना तथा बस्तीलाई संरक्षण गर्ने र आकस्मिक अवस्थाको प्रतिकार्य सुनिश्चित गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ।

<u>यो कार्यक्रम कार्यान्वयन गर्दा तपसिल बमोजिम प्राथमिकीकरण गर्नुपर्नेछ।</u>

- निजी घर तथा मानव बस्ती
- विद्यालय, स्वास्थ्य चौकी, अस्पताल
- सरकारी कार्यालय र सोसँग सम्बन्धित भौतिक संरचना
- खेतीयोग्य जमिन
- पुरातात्विक, धार्मिक, सांस्कृतिक, सामुदायिक तथा सामाजिक संरचना
- विकासका पूर्वाधार (सडक, पुल, विद्युत् संरचना आदि)
- उच्च जोखिमयुक्त पहिरो वा बाढी सम्भाव्यता रहेका क्षेत्रहरु

**यो कार्यक्रम तपसिल बमोजिमका दुई ओटा प्रक्रियाबाट कार्यान्वयन गरिनेछ।**

क) विपद् प्रतिकार्य संरचना निर्माणको प्रक्रिया

- प्रभावित क्षेत्रको वडा अध्यक्षको अध्यक्षतामा विपद् प्रभावित/लाभग्राहीहरुको भेला वा बैठकबाट उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिबाट माग निवेदन।



बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- वडा कार्यालयको सिफारिस पत्र।
- भू तथा जलाधार व्यवस्थापन कार्यालयको प्राविधिकद्वारा फिल्ड सर्भे नापजाँच गरी लागत अनुमान तयार।
- भू-संरक्षणका कार्यक्रम कार्यान्वयन प्रक्रिया अनुसार कार्य सञ्चालन।

ख) तारजाली वितरणको प्रक्रिया

- विपद् प्रभावित व्यक्ति वा समूहको प्रभावित क्षेत्र स्पष्ट देखिने रङ्गीन फोटो सहितको निवेदन।
- प्रभावित क्षेत्र, विपद् घटनाको विवरण र आवश्यक तारजाली संख्या सहितको वडा कार्यालयको सिफारिस पत्र।
- कार्यालयमा उपलब्ध भण्डारण मौज्दातको आधारमा आवश्यकतानुसार तत्काल वितरणको व्यवस्था गर्ने।
- वितरण प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्न सम्बन्धित वडा कार्यालय र जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय।
- एकैस्थानमा १० देखि २० गोटासम्म तारजाली वितरण गर्नुपर्दा जिल्ला प्रशासन कार्यालयको सिफारिस, २० भन्दा बढी तारजाली वितरण गर्दा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय र सो भन्दा कम संख्यामा तारजाली वितरण गर्दा आवश्यकता र औचित्यका आधारमा भू तथा जलाधार व्यवस्थापन कार्यालय आफैले वितरण गर्न सक्नेछ।

विशेष व्यवस्था

- आकस्मिक अवस्थामा उपभोक्ता समिति गठन र उल्लेखित प्रक्रिया पुरा गर्न असमर्थ अवस्थामा कार्यालयले प्रविधिक फिल्ड प्रतिवेदनको आधारमा सिधै पीडितलाई तारजाली उपलब्ध गराउन सक्नेछ।
- कार्यान्वयनमा स्थानीय जनसहभागिता र स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्नुपर्नेछ।
- विपद्पश्चात पुनःस्थापना र जोखिम न्यूनीकरणलाई दीर्घकालीन कार्यक्रमसँग समन्वय गरी अघि बढाइनेछ।

**यो शीर्षक अन्तर्गत देहायका कार्यक्रम सञ्चालन गरिनेछः**

- आकस्मिक विपद् व्यवस्थापन सहयोग कार्यक्रम (हटस्पट ट्रिटमेन्ट)
- आकस्मिक विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोप रोकथाम (तारजाली खरिद तथा वितरण समेत)
- आकस्मिक विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण (तारजाली खरिद समेत)
- आकस्मिक विपत व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (तार जाली खरिद तथा वितरण समेत
- आकस्मिक विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (सम्बन्धित पालिका/वडा कार्यपालिका र जिल्ला विपद् व्यवस्थापन समितिको सहकार्यमा)



बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

- आकस्मिक विपद् व्यवस्थापन सहयोग कार्यक्रम (जिल्ला विशेषः सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक)

## १०९. पहिरो तथा गल्छी उपचार कार्यक्रम कार्यान्वयन

वर्षा, भूगर्भीय र मानवजन्य कारणले उत्पन्न हुने पहिरो, खहरे र गल्छी जस्ता प्राकृतिक प्रकोपले मानव बस्ती, भौतिक पूर्वाधार, खेतीयोग्य जमिन र वातावरणमा गम्भीर असर पुर्याउने गर्दछ। यस्ता जोखिमलाई न्यूनीकरण गर्दै जिउ धनको रक्षा, विकास पूर्वाधारको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्न पहिरो तथा गल्छी उपचार कार्यक्रम कार्यान्वयन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो। यस कार्यक्रम अन्तर्गत वृक्षारोपण र बायोईन्जिनियरिङका लागि स्थान उपलब्ध भएमा कुल बजेटको कम्तिमा ५% (पाँच प्रतिशत) घाँस, बाँस, अम्रिसो, फलफूलका बिरुवा लगायतका प्रजातिहरु रोपणमा अनिवार्य रुपमा खर्चिनुपर्नेछ। सोहि स्थानमा स्थान उपलब्ध नभएमा उक्त जलाधार क्षेत्रमा स्थान पहिचान गरी भू संरक्षणको लागि वृक्षारोपण गर्न सकिनेछ। प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम सञ्चालन गरिनेछ।

## ११०. खहरे नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि

खहरे खोला नियन्त्रण कार्यक्रमको उद्देश्य आर्थिक, सामाजिक तथा पर्यावरणीय दृष्टिकोणले सम्वेदनशील क्षेत्रमा बाढीजन्य जोखिम न्यूनीकरण, खेतीयोग्य जमिन, घरबस्ती तथा विकासका पूर्वाधारहरुको संरक्षण गर्नुका साथै जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन मार्फत सामाजिक तथा पारिस्थितिक प्रणालीको दीर्घकालीन संरक्षण गर्नु हो। यस कार्यक्रम कार्यान्वयन गर्दा बायोईन्जिनियरिङ तथा वृक्षारोपणका लागि स्थान उपलब्ध भएमा कुल बजेटको न्यूनतम ५% (पाँच प्रतिशत) खर्च घाँस, बाँस, अम्रिसो तथा उपयुक्त फलफूलका बिरुवा रोपणमा अनिवार्य रुपमा खर्च गर्नुपर्नेछ।

**यो कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका क्रियाक्लापहरु सञ्चालन गर्न सकिनेछ।**

- तटबन्ध / बाँध, संरक्षण पर्खाल निर्माण
- स्पर (Spur) तथा रिभेटमेन्ट (Revetment) निर्माण
- भल तर्काउने नाला निर्माण
- थिग्रेन रोक्ने संरचना निर्माण
- चेकड्याम निर्माण
- जल प्रवाह व्यवस्थापनको लागि हरित प्रविधि विकास (Bio-engineering उपाय, घाँस/बिरुवा रोपण, Slope Stabilization), बाँसको संरचनाहरु (Bamboo Wattling, Spur)
- प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन



बागमती प्रदेश सरकार
भूमि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

### १११. भू उत्पादकत्व संरक्षण, खेतबारी संरक्षण तथा भूमी पुनरुत्थान कार्यक्रम

भौगोलिक कठिनाई, उच्च वर्षा, वन फँडानी, अव्यवस्थित खेतीपाती, सडक कटान, बाढी-पहिरो आदिका कारण खेतबारी कटान, माटो संक्षरण, खेतीयोग्य जमिनको ह्रास र उत्पादनशीलता घट्दै गएको अवस्था छ। यस्तो समस्यालाई न्यूनीकरण गर्न भू उत्पादकत्व संरक्षण, खेतबारी संरक्षण, क्षतिग्रस्त भूमी पुनरुत्थान, घाँस/बाँस/अम्रिसो/नेपियर रोपण तथा हिउँदे-बर्खे फलफूल रोपण कार्यक्रम कार्यान्वयन गरिनेछ। यसले जिल्ला स्तरमै खाद्य सुरक्षाको सुनिश्चितता, दिगो कृषि उत्पादन, हरित आवरण विस्तार, भूमिक्षरण नियन्त्रण, कार्बन सञ्चित वृद्धि तथा सम्पूर्ण जलाधार प्रणालीको सन्तुलनमा योगदान पुर्‍याउनेछ।

यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका क्रियाक्लापहरु सञ्चालन गर्न सकिनेछः

(क) खेतबारी संरक्षण कार्यक्रम

- भिरालो खेतबारीमा जमिन कटान रोकथामका लागि घाँस, फलफूल तथा माटो धारण क्षमता अभिवृद्धि गर्ने वनस्पतिको रोपण
- ढटेलो, नेपियर, थिचो, अम्रिसो, भेटिभर लगायतका घाँस उत्पादन
- डाँडाकाँडा तथा पाखामा टेरेस सुधार (Terracing Improvement) र भ्यालिपोखरी (Retention Pits) निर्माण
- खेतबारी वरिपरि बाँस, अम्रिसो र जीवित बार (Live Fencing) रोपण
- माटो उर्वरता सुधारका लागि मलजल तथा हरियो मलको प्रयोग
- जैविक कीटनाशक र संरक्षण कृषि प्रविधिको प्रयोग

(ख) क्षतिग्रस्त भूमी पुनरुत्थान

- माटो कटान तथा भिरालो जमिन पुनःस्थापना
- झरेको खेत पुनःस्थापना
- असंरक्षित जमिनमा हरियाली विस्तार

(ग) घाँस रोपण

- नेपियर, ढटेलो, थिचो, मुलाटो, जोजोबा आदिको रोपण

(घ) बाँस रोपण

- स्थायी बार र ढलान स्थिरीकरणका लागि बाँस रोपण

(ङ) अम्रिसो रोपण

- भिरालो जमिन तथा खेतबारी छेउछाउमा अम्रिसो रोपण

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

नि. प्रदेश सचिव

(च) हिउँदे तथा बर्खे फलफूल रोपण

- हिउँदे फलफूल (सुन्तला, कागती, लप्सी, अम्बा आदि)
- बर्खे फलफूल (आम, अर्खनस, कटहर आदि)

यस अन्तर्गत तपसिलका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- भू उत्पादकत्व संरक्षण (खेतबारी संरक्षण, क्षतिग्रस्त भूमी पुनरुत्थान, घाँस रोपन कार्य, बाँस रोपन कार्य, हिउँदे तथा बर्खे फलफूल रोपन कार्य)
- अम्रिसो/नेपियर रोपन, सिन्धुपाल्चोक जिल्लाभरी
- क्षतिग्रस्त भूमि पुनरुउत्थान कार्यक्रम, सिन्धुपाल्चोक जिल्लाभरी
- खेतबारी संरक्षण कार्यक्रम, सिन्धुपाल्चोक जिल्लाभरी

## ११२. स्थान विशेष भू-संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि

स्थान विशेष भू-संरक्षण कार्यक्रमको उद्देश्य प्राविधिक सर्वेक्षण र संरक्षण संरचनाको डिजाईनको आधारमा भू-संरक्षण र जलाधार व्यवस्थापन कार्यहरु कार्यान्वयन गर्नु हो। यसले वर्षा, बाढी, पहिरो तथा खहरे जोखिम न्यूनीकरण, खेतीयोग्य जमिन, मानव बस्ती, विकास पूर्वाधार तथा पारिस्थितिक प्रणालीको संरक्षणमा योगदान पुऱ्याउँछ। यो कार्यक्रम कार्यान्वयन गर्दा बायोईन्जिनियरिङ तथा वृक्षारोपणका लागि उपलब्ध स्थानमा कुल बजेटको कम्तिमा ५% (पाँच प्रतिशत) घाँस, बाँस, अम्रिसो, उपयुक्त फलफूलका बिरुवाहरु अनिवार्य रुपमा रोपणमा प्रयोग गर्नुपर्नेछ।

**यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः**

- तटबन्ध / बाँध / रिटेनिङ वाल / ब्रेष्टवाल / बाँसको छेकबाँध, क्रिबवाल, ब्रसउड चेकड्याम स्पर र अन्य वायोइन्जिनियरिङ्ग संरचनाहरु
- स्पर / रिभेटमेन्ट / लन्चिङ निर्माण
- पानी निकास तथा व्यवस्थापन संरचनाहरु
- जल प्रवाह व्यवस्थापनका लागि हरित प्रविधि (Slope Stabilization through Bio-engineering/ Vegetative Measures (Tree, Grass Planting) on the Bank)
- प्रतिवेदन तयारी र पार्श्वचित्र प्रकाशन

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल